# बहुपक्षीय व्यापार प्रणालीमा सेवा व्यापार
# र
# नेपाल

# Trade in Services in Multilateral Trading System and Nepal

नेपाल सरकार

**वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**योजना तथा अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखा**

२०७०

**बहुपक्षीय व्यापार प्रणालीमा सेवा व्यापार र नेपाल**

| | |
|---|---|
| प्रथम प्रकाशन | वि. सं. २०६४ |
| दोस्रो पुनः प्रकाशन | वि. सं. २०६५ |
| तेस्रो पूर्ण परिमार्जित र अद्यावधिक प्रकाशन | वि. सं. २०७० |

© सर्वाधिकारः प्रकाशकमा सुरक्षित ।

ISBN: 978-9937-2-6815-8

प्रकाशक :

नेपाल सरकार,

**वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**योजना तथा अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखा**

सिंहदरबार, काठमाडौं, नेपाल ।

Website: www.mocs.gov.np

फोन नं.: ९७७-१-४२११४३१, ४२११६१६, ४२११४६०

फ्याक्स नं.: ९७७-१-४२१११६७

नेपाल सरकार

# वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल

## मन्तव्य

विश्वव्यापीकरण, उदारीकरण र निजीकरणको बढ्दो विस्तार र प्रभावसँगै विश्व व्यापार संगठनको सदस्य संख्या हालसम्म १५९ पुगिसकेको सन्दर्भलाई हेर्ने हो भने विश्व अर्थतन्त्रको बहुपक्षीय व्यापार प्रणालीतर्फको निर्भरता बढ्दो छ । बहुपक्षीय व्यापार प्रणालीमा आबद्ध हुन र यसबाट हुन सक्ने अपेक्षित लाभ लिन नेपालले वस्तु तथा सेवा व्यापारको साथै व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिको क्षेत्रमा आफूलाई प्रतिस्पर्धी सावित गर्नुपर्ने अवस्था छ । नेपाल विश्व व्यापार संगठनको सदस्य भएको ९ वर्ष पूरा भइसकेको छ भने सदस्य भएको ८ वर्ष पुगेपछि गत वर्ष सन् २०१२ मा नेपालको व्यापार नीति पुनरावलोकन पनि भएको छ । यस पृष्ठभूमिमा विश्व व्यापार संगठनको एक अल्पविकसित मुलुकको हैसियतले लिन सकिने सहुलियत प्राप्तिको लागि समेत नेपालले तुलनात्मक लाभका थप क्षेत्र पहिचान, वस्तु विकास र बजार पहुँचमा थप काम गर्नुपर्ने आवश्यकता छ ।

व्यापारजन्य विषय अन्तरसम्बन्धित, गतिशील र वहुआयामिक विषय भएकोले तुलनात्मक लाभका क्षेत्रमा केन्द्रित भई कार्य गर्नका लागि सम्बन्धित सबै सरोकारवालाहरूमा सोही अनुरुपको प्रतिबद्धता र गतिशिलता समेत जरुरी हुन्छ । वर्तमान विश्व अर्थतन्त्रमा सेवा व्यापार तर्फको आकर्षण र महत्त्व दिनानुदिन बढिरहेको र अझ नेपालजस्ता भूपरिवेष्ठित, अल्पविकसित तथा वस्तु व्यापार सम्बद्ध पूर्वाधारको कमजोर अवस्था भएको अर्थतन्त्रको लागि त सेवा क्षेत्रलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी व्यापार क्षेत्रको रूपमा विकास गर्न लाभदायक मानिएको छ । नेपालको कुल गार्हस्थ उत्पादनमा ५० प्रतिशतभन्दा बढी र कुल रोजगारीमा १५ प्रतिशत योगदान दिएको सेवा क्षेत्रको विकासको लागि केही महत्त्वपूर्ण नीतिगत तथा संस्थागत पहलहरू भएका छन् ।

नेपालको वाणिज्य नीति २०६५ मा वस्तुको साथै सेवा व्यापारको लागि भौतिक तथा संस्थागत संरचनाको विकास गर्ने रणनीति समावेश छ । नेपाल व्यापार एकिकृत रणनीति २०६६ मा १२ वटा वस्तुका साथै ७ वटा निर्यातयोग्य सेवा क्षेत्रहरू पहिचान गरिएको छ । यसको बाबजुद नेपालको समग्र निर्यात व्यापारको कमजोर अवस्थालाई सेवा व्यापारको योगदानबाट सुधार गर्न सकिन्छ । यस परिप्रेक्षमा बहुपक्षीय व्यापार प्रणालीमा सेवा व्यापारको आधारभूत जानकारी सबै सरोकारवालाहरूको लागि जरुरी छ । "बहुपक्षीय व्यापार प्रणालीमा सेवा व्यापार र नेपाल" नामको प्रस्तुत पुस्तिकामा विश्व व्यापार प्रणालीका समग्र अवधारणाको साथै नेपालको सन्दर्भ समेत समेटिएकोले सबै सरोकारवालाहरूको लागि यो पठनीय हुने विश्वास लिएको छु ।

अन्तमा, पुस्तिका प्रकाशनको लागि महत्त्वपूर्ण योगदान र मार्गदर्शन गर्नुहुने यस मन्त्रालयका सहसचिव श्री तोयनारायण ज्ञवाली, पुस्तिकाको मस्यौदा र परिमार्जनमा सहयोग गर्नुहुने मन्त्रालयका सहसचिव श्री जीवराज कोइराला र उपसचिव श्री रवि भट्टराई, शुद्धाशुद्धि हेरी तथा केही सामग्री समेत लेखी सहयोग गर्नुहुने उपसचिव श्री मनोजकुमार आचार्य, मस्यौदा लेखन, परिमार्जन तथा यस कार्यको लागि सम्पादन लगायतका काम गर्ने विश्व व्यापार संगठन प्रतिबद्धता कार्यान्वयन शाखाका शाखा अधिकृत श्री निर्मला थापा लगायत सम्बन्धित सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**जनार्दन नेपाल**
सचिव
वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल

# भूमिका

विश्व व्यापार संगठनको मुख्य कार्यक्षेत्र अन्तर्राष्ट्रिय स्तरमा हुने वस्तु व्यापार, सेवा व्यापार तथा व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिसम्बन्धी बहुपक्षीय सम्झौताको कार्यान्वयन तथा व्यवस्थापन हो । यसै सन्दर्भमा संगठनले सदस्य राष्ट्रहरूबीच व्यापारसम्बद्ध वार्ताको लागि साझा मञ्चको रुपमा कार्य गर्ने; सदस्यहरूबीच उत्पन्न व्यापार सम्बद्ध विवादहरू समाधान गर्ने; सदस्यहरूको व्यापार सम्बद्ध नीतिहरूको पुनरावलोकन तथा समीक्षा गर्ने र बहुराष्ट्रिय आर्थिक, वित्तीय तथा मौद्रिक निकायहरूसँग समन्वय तथा सहकार्य गरी सदस्य मुलुकहरूको आर्थिक विकासको लागि समेत प्रवर्द्धनात्मक कार्य गर्दछ । नेपाल पनि सन् २००४ को अप्रिल २३ का दिन संगठनको सदस्य बनेपछि बहुपक्षीय व्यापार प्रणालीमा समाविष्ट भई वस्तु तथा सेवा व्यापार र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको प्रवर्द्धन गर्न प्रयासरत छ ।

खासगरी सेवा व्यापारको भूमिका, महत्त्व र यसप्रतिको चासो व्यापारिक क्षेत्रमा बढ्दो क्रममा रहेको वर्तमान परिप्रेक्षमा सेवा व्यापारको अवधारणा, बहुपक्षीय व्यापारमा यसको व्यवस्थापन, नेपालले सेवा व्यापारबाट लिनसक्ने अवसर तथा सेवा व्यापारका चुनौती आदि विषयमा सम्बद्ध सबै सरोकारवाला पक्षलाई जानकारी आवश्यक छ । यसै आवश्यकतालाई मध्यनजर गरी “बहुपक्षीय व्यापार प्रणालीमा सेवा व्यापार र नेपाल” नामक यस पुस्तिका प्रकाशनमा ल्याइएको छ । यो पुस्तिकामा खण्ड ‘क’ र खण्ड ‘ख’ गरी दुई खण्डहरू छन् । पहिलो खण्डमा बहुपक्षीय व्यापार प्रणालीमा सेवा व्यापार सम्बन्धी समग्र अवधारणात्मक पक्षहरूलाई समावेश गरिएको छ भने दोस्रो खण्डमा बहुपक्षीय सेवा व्यापार प्रणालीमा नेपालको सन्दर्भलाई समेट्ने प्रयास गरिएको छ ।

सेवा व्यापार समकालीन विश्वको महत्त्वपूर्ण विषयको रुपमा रहेको अहिलेको समयमा प्रस्तुत पुस्तिका बहुपक्षीय सेवा व्यापार क्षेत्रमा कार्यरत कर्मचारी, बौद्धिक र प्राज्ञीक वर्ग, व्यावसायिक वर्ग, विद्यार्थी तथा अनुसन्धानकर्ता र सर्वसाधारणको लागि समेत उपयोगी हुने विश्वास लिईएको छ । यो पुस्तिका प्रकाशनार्थ प्रेरणा प्रदान गर्नुहुने सचिव श्री जनार्दन नेपालप्रति आभार प्रकट गर्दै यस कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पादक मण्डलका सम्पूर्ण सदस्यहरूमा धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत पुस्तिकालाई आधिकारिक, सूचनामूलक र अद्यावधिक बनाउने विशेष प्रयास गरिएको छ । अन्तमा प्रस्तुत पुस्तिकालाई आगामी दिनमा थप ज्ञानवर्द्धक र जानकारीमूलक बनाउन सम्बन्धित विज्ञ तथा पाठक महानुभावहरूबाट सुझाव तथा प्रतिक्रियाको समेत अपेक्षा गरिएको छ ।

**तोयनारायण ज्ञवाली**
सह-सचिव
वाणिज्य तथा आपूर्ति मन्त्रालय

# संक्षेपीकृत शब्दावलीहरू (ABBRECIATIONS)

| | |
|---|---|
| CPC | Central Product Classification |
| DSB | Dispute Settlement Body |
| EIF | Enhanced Integrated Framework |
| GATS | General Agreement on Trade in Services |
| GATT | General Agreement on Tariffs and Trade |
| GSP | Generalized System of Preference |
| LAP | Legislative Action Plan |
| LDC | Least Developed Countries |
| MC8 | Eighth Ministerial Conference |
| MFN | Most Favored Nation |
| NECTRADE | Nepal Enhanced Capacities for Trade and Development |
| S&DT | Special and Differential Treatment |
| TRIPS | Trade Related Intellectual Property Rights |
| WTO | World Trade Organization |

# विषय सूचि


| क.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| | **खण्ड क** | **१-२८** |
| | **बहुपक्षीय व्यापार प्रणालीमा सेवा व्यापार (Trade in Services in Multilateral Trading System)** | |
| | **परिच्छेद - १** | **१-६** |
| १.१ | सेवा व्यापार एक परिचय (Trade in Services: An Introduction) | १ |
| १.२ | ऐतिहासिक पृष्ठभूमि (Historical Background) | २ |
| १.३ | विश्व व्यापार संगठनमा सेवा व्यापार (Trade in Services in WTO) | ५ |
| | **परिच्छेद - २** | **७-३१** |
| २.१ | ग्याट्सका उद्देश्य तथा विशेषताहरू (Objectives and Features of GATS) | ७ |
| २.२ | सेवा आपूर्तिका तरिकाहरू (Modes of Supply of Services) | १० |
| २.३ | ग्याट्सका आधारभूत विषयगत संरचना (Fundamental Subjective Structure of GATS) | ११ |
| २.४ | सेवा व्यापार संचालनका अङ्गहरू (Trade in Services Operating Bodies) | २२ |
| २.५ | विवाद समाधान विधि (Dispute Settlement Procedure) | २७ |
| | **परिच्छेद - ३** | **३२-४१** |
| ३.१ | ग्याट्सका सिद्धान्तहरू (Principles of GATS) | ३२ |
| ३.२ | ग्याट्स अन्तर्गतका दायित्व/प्रतिबद्धताहरू (Obligations/Commitments under GATS) | ३५ |

| | | |
|---|---|---|
| ३.३ | प्रतिबद्धतासम्बद्ध केही मुख्य पक्षहरू<br>(Some Key Aspects Related to Commitments) | ३९ |
| | **खण्ड ख**<br>**सेवा व्यापार र नेपाल**<br>**(Trade in Services and Nepal)** | **४२-६७** |
| | **परिच्छेद - ४** | **४२-६७** |
| ४.१ | नेपालमा सेवा व्यापारको पृष्ठभूमि<br>(Background of Service Trade in Nepal) | ४२ |
| ४.२ | ग्याट्समा गरिएका प्रतिबद्धताहरू<br>(Commitments made in GATS) | ४४ |
| ४.३ | सेवा व्यापार क्षेत्रका उपलब्धिहरू<br>(Achievements of Trade in Services) | ६१ |
| | **परिच्छेद - ५** | **६८-८०** |
| ५.१ | नेपालमा सेवा व्यापारको सान्दर्भिकता र महत्व<br>(Relevance and Importance of Trade in Services in Nepal) | ६८ |
| ५.२ | सम्बन्धित ऐन, नियम तथा जिम्मेवार निकायहरू<br>(Related Acts, Regulations and Responsible Agencies) | ७३ |
| ५.३ | सेवा व्यापारको भुक्तानी सम्बन्धी व्यवस्था<br>(Payment System in Trade in Servies) | ७७ |
| | **परिच्छेद - ६** | **८१-९३** |
| ६.१ | सेवा व्यापारका अवसरहरू<br>(Opportunities in Trade in Services) | ८१ |
| ६.२ | सेवा व्यापारका चुनौतीहरू<br>(Challenges of Trade in Services) | ८२ |
| ६.३ | विभिन्न क्षेत्रले भविष्यमा खेल्नुपर्ने भूमिका<br>(Future Roles to be Played by Different Sectors) | ८५ |

# खण्ड क

# बहुपक्षीय व्यापार प्रणालीमा सेवा व्यापार

# (Trade in Services in Multilateral Trading System)

## परिच्छेद - १

### १.१ सेवा व्यापारः एक परिचय (Trade in Services: An Introduction)

सेवा व्यापार अमुर्त किसिमको व्यापार भएकोले यसलाई ठोस रुपमा परिभाषित गर्न सजिलो छैन । विश्व व्यापार संगठन अन्तर्गतका सम्झौताहरूले पनि किटानीसाथ परिभाषा नगरी सेवा आदान प्रदान गरिने विभिन्न चारवटा माध्यम/तरिका (modes) मार्फत सेवा व्यापारलाई चिनाउन खोजेको देखिन्छ । सामान्य रुपमा भन्नुपर्दा सेवा व्यापार देख्न र छुन नसकिने (invisible and untouchable) र संग्रह नहुने (Non-storable) कारोवार हो । अन्तर्राष्ट्रिय स्तरमा सेवा व्यापारलाई हेर्ने हो भने यसमा भन्सार शुल्क लगायतका कुनै सीमाजन्य शुल्कहरू नलाग्ने (No tariffs and other border measures), घरेलु/राष्ट्रिय नियमन महत्त्वपूर्ण हुने (Importance of Domestic Regulation) जस्ता विशेषताहरू भएको कारोवारको रुपमा बुझिन्छ । सन् १९९५ मा विश्व व्यापार संगठन (World Trade Organization: WTO) अस्तित्वमा आउनुअघि सेवा तथा सेवा व्यापारलाई व्यवस्थित रुपमा परिभाषित तथा वर्गीकरण गर्ने कार्य भएको पाइँदैन । विश्व व्यापार संगठन अन्तर्गतको ३ वटा प्रमुख सम्झौताहरूमध्येको एक सम्झौताको रुपमा रहेको सेवा व्यापार सम्बन्धी सामान्य सम्झौता (General Agreement on Trade in Services: GATS) ले पहिलोपटक अन्तर्राष्ट्रिय स्तरमा मान्य हुने गरी सेवा र सेवा व्यापारलाई परिभाषित गर्नुको साथै यसको के कसरी प्रशासन र नियमन गर्ने भन्ने सम्बन्धमा व्यवस्था गरेको देखिन्छ । उक्त सम्झौतामा सेवाको उत्पादन, वितरण, प्रचारप्रसार, बिक्री र हस्तान्तरण लगायतका सबै कारोवारलाई सेवा व्यापारको क्षेत्र अन्तर्गत समेटिएको भएतापनि सरकारी क्षेत्रले प्रवाह गर्ने सेवा तथा हवाई सेवालाई भने समावेश गरिएको छैन ।

विश्व व्यापार संगठनले सेवा क्षेत्रको वर्गीकरण संयुक्त राष्ट्र संघीय प्रणालीद्वारा विकसित Central Product Classification (CPC) को आधारमा गरेको छ । उक्त प्रणाली अन्तर्गत अन्तर्राष्ट्रिय स्तरमा व्यापार गरिने वस्तु तथा सेवाको तथ्याङ्कमा एकरुपता ल्याउने तथा सबैले एकै किसिमले चिन्न सक्ने बनाउने उद्देश्यले निश्चित आधारमा वर्गीकरण गरी प्रत्येक सेवा क्षेत्र, उपक्षेत्रलाई जनाउने गरी सङ्केत नम्बर विकसित गरिएको छ । उक्त CPC मा उल्लिखित सेवा क्षेत्र र उपक्षेत्रको आधारमा संगठनका सदस्य राष्ट्रहरूले सेवाका विभिन्न क्षेत्र तथा उपक्षेत्रहरूमा प्रतिबद्धताहरू जाहेर गर्ने गर्छन् ।

## १.२ ऐतिहासिक पृष्ठभूमि (Historical Background)

अन्तर्राष्ट्रिय व्यापारको इतिहास आधुनिक राज्यको उत्पत्ति जति नै पुरानो भएता पनि आधुनिक, स्वतन्त्र र उदार अन्तर्राष्ट्रिय व्यापारको इतिहास भने त्यति लामो छैन । १९ औं शताब्दीको मध्यतिर युरोपबाट आधुनिक र तुलनात्मक रूपमा स्वतन्त्र अन्तर्राष्ट्रिय व्यापारको अवधारणा प्रारम्भ भएको हो । बेलायतले सन् १८५३ र सन् १८६० मा वस्तु व्यापारलाई प्रत्यक्ष रूपमा प्रभावित गर्ने कर प्रणालीमा सुधार गरी विदेशी व्यापारमा लगाइएको संरक्षणात्मक उपायहरूलाई हटाई पहिलोपल्ट स्वतन्त्र व्यापार अवधारणाको अभ्यास गरेको इतिहास पाइन्छ । बेलायत, फ्रान्सजस्ता प्रमुख युरोपेली मुलुकहरूले खुकुलो र स्वतन्त्र व्यापार नीतिहरूको अवलम्बनबाट अन्तर्राष्ट्रिय व्यापारमा आफ्नो भूमिका बढाउने विस्तारकारी नीति लिएका कारण उन्नाइसौं शताब्दीको मध्यदेखि पहिलो विश्वयुद्ध (सन् १९१४-१८) शुरु हुनुपूर्वको समयसम्म आइपुग्दा विश्व व्यापार प्रणाली तुलनात्मक रूपमा निकै उदार हुन पुगेको थियो । व्यापार क्षेत्रमा विद्यमान चरम उदारवाद तथा पहिलो विश्वयुद्धमा भएको आर्थिक क्षतिका कारण सन् १९३० को दशकमा यूरोप र अमेरिकामा आर्थिक महामन्दी (Great Economic Depression) को अवस्था आयो । आन्तरिक अर्थतन्त्रलाई विश्व आर्थिक मन्दीबाट मुक्त तुल्याउन पुनःसंरक्षणात्मक व्यापार प्रणाली लागू गर्नेतर्फ यूरोप र अमेरिका जस्ता प्रमुख व्यापारिक मुलुकहरू लागे भने यसपछि भएको दोस्रो विश्वयुद्ध (१९३८-१९४४) को क्षतिले अन्तर्राष्ट्रिय व्यापारका नेतृत्वकर्ताहरूलाई अझ संरक्षणात्मक बनाउने अवस्था सृजना भयो । यसरी दोस्रो विश्वयुद्धको अन्तसम्म आइपुग्दा एकातर्फ वैदेशिक व्यापारको आयतनमा अत्यधिक बृद्धि भई अन्तराष्ट्रिय व्यापार विनाको संसारको कल्पना नै कठिन भयो भने अर्कातर्फ संरक्षणात्मक अन्तर्राष्ट्रिय व्यापारको प्रभावकारी व्यवस्थापन गर्न अन्तर्राष्ट्रियस्तरको संस्थागत व्यवस्थाको अभाव पनि टड्कारो रुपमा महसुस गरियो ।

यसै पृष्ठभूमिमा सन् १९४४ मा अमेरिकाको न्यू ह्याम्पसायरस्थित ब्रिटनउड्स (Bretton woods) मा आयोजना भएको प्रमुख व्यापारिक मुलुकहरूको अन्तर्राष्ट्रिय सम्मेलनबाट विश्व अर्थतन्त्रको पुनरुत्थान, मौद्रिक स्थिरता र अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्ने उद्देश्यका साथ पुनर्निर्माण तथा विकासका लागि अन्तर्राष्ट्रिय बैङ्क (International Bank for Reconstruction and Development: IBRD), अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund: IMF) र अन्तर्राष्ट्रिय व्यापार संगठन (International Trade Organization: ITO) नामका संस्थाहरू स्थापना गर्ने निर्णय भयो । यी तीन संस्थाहरूमध्ये विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोष सन् १९४५ को डिसेम्बरमा स्थापना भए भने अन्तर्राष्ट्रिय व्यापार संगठन स्थापना गर्ने विषय भने विभिन्न कारण खासगरी अमेरिकी संसदले पारित नगरिदिएकाले ओझेलमा पर्‍यो । ITO स्थापना हुन नसकेपनि अन्तर्राष्ट्रिय व्यापारलाई उदारीकरण गर्न र प्रचलित संरक्षणात्मक व्यापार प्रणालीमा सुधार गर्ने सन्दर्भमा आर्थिक शक्तिका रूपमा रहेका २३ राष्ट्रहरूले ३० अक्टोबर १९४७ मा भन्सार र व्यापारसम्बन्धी सामान्य सम्झौता (General Agreement on Tariffs and Trade: GATT) मा हस्ताक्षर गरे । सो सम्झौता १ जनवरी, १९४८ देखि ग्याट्का संविदाकारी राष्ट्रहरू (GATT Contracting Parties) बीचमा कार्यान्वयनमा आयो । सम्झौतामा रहेका भन्सार सहुलियतसम्बन्धी प्रावधानहरू भने ३० जुन, १९४८ बाट कार्यान्वयनमा आए । ग्याट् मूलतः अन्तर्राष्ट्रिय रुपमा हुने वस्तु व्यापारलाई सहज बनाउन सघाउ पुर्‍याउने उद्देश्यबाट भएको सम्झौता थियो जसको मुख्य उद्देश्य सदस्य राष्ट्रहरूबीच वस्तु व्यापारमा लाग्दै आएको उच्च भन्सार अवरोधहरूलाई क्रमशः न्यून गर्दै अन्तर्राष्ट्रिय व्यापारलाई संरक्षणवादी प्रणालीबाट उदारीकरणतर्फ डोर्‍याउनु र सहज बनाउनु थियो । ग्याट्ले बहुपक्षीय व्यापार प्रणालीलाई प्रवर्द्धन र नियमन गर्ने संयन्त्रका रूपमा विश्व व्यापार संगठन (World Trade Organization: WTO) को स्थापना नहुँदासम्मको झण्डै ४७ वर्षको अवधिका लागि अन्तर्राष्ट्रिय संयन्त्रको रुपमा कार्य गरेको थियो ।

अन्तर्राष्ट्रिय व्यापार गतिशील र बहुआयामिक विषय भएको हुँदा यसको सफल सञ्चालनका लागि लचिलो र समयसापेक्ष कानूनी आधार आवश्यक पर्ने तथ्यलाई मध्यनजर गर्दै चरणबद्ध रुपमा सन् १९४७ देखि सन् १९९४ सम्म सदस्य राष्ट्रहरूबीच ग्याट्का विभिन्न आठ चरणका सम्झौता वार्ताहरू सम्पन्न भए । शुरुका पाँच चरणसम्मका वार्ताहरू मुख्यतः वस्तुको भन्सार घटाउने कुरासँग सम्बन्धित थिए भने छैठौं चरणपछिका सम्झौता वार्ताहरूले भन्सारका अतिरिक्त गैरभन्सारजन्य उपायहरूलाई पनि समेट्ने प्रयास गरेका थिए । पछिल्ला चरणका

वार्ताहरूमा एन्टिडम्पिङ्ग लगायत विकासशील र अल्पविकसित राष्ट्रहरूका लागि विभिन्न छूट तथा विशेष सहुलियतहरू उपलब्ध गराउने सम्बन्धी प्रावधानहरू समेटिएका थिए । यस्ता प्रावधानको उदाहरणको रुपमा Generalized System of Preference (GSP), Enabling Clause आदिलाई पनि ग्याट् अन्तर्गत समावेश गर्ने पहललाई लिन सकिन्छ । GATT का विभिन्न चरणका वार्ता आयोजना भएको वर्ष, वार्ताले समेटेका विषयवस्तु र सहभागी सदस्यहरूको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ ।

GATT **का विभिन्न चरणका वार्ताहरू**

| वार्ताको चरण | वर्ष | वार्ता सम्पन्न भएको ठाउँ र देश | वार्ताको मुख्य विषय वस्तु | सहभागी मुलुकहरू |
|---|---|---|---|---|
| पहिलो | १९४७ | जेनेभा, स्विटजरल्याण्ड | भन्सार महसुल घटाउने | २३ |
| दोस्रो | १९४९ | एनेसी, फ्रान्स | भन्सार महसुल घटाउने | १३ |
| तेस्रो | १९५१ | टार्के, संयुक्त अधिराज्य | भन्सार महसुल घटाउने | ३८ |
| चौथो | १९५६ | जेनेभा, स्विटजरल्याण्ड | भन्सार महसुल घटाउने | २६ |
| पाँचौ | १९६०-६१ | जेनेभा, (डिलोन राउण्ड) | भन्सार महसुल घटाउने | २६ |
| छैठौं | १९६४-६७ | जेनेभा (केनेडी राउण्ड) | भन्सार महसुल घटाउने र एन्टी डम्पिङ सम्बन्धी व्यवस्था | ६२ |
| सातौ | १९७३-१९७९ | जेनेभा (टोकियो राउण्ड) | भन्सार, गैर भन्सारसम्बन्धी व्यवस्था र फ्रेमवर्क सम्झौता | १०२ |
| आठौं | १९८६-१९९४ | जेनेभा (उरूग्वे राउण्ड) | विश्व व्यापार संगठनको स्थापना, सेवा क्षेत्र, भन्सार, बौद्धिक सम्पत्ति अधिकार, गैर भन्सारजन्य नियमहरू, विवाद समाधान, कृषि र वस्त्र | १२३ |

आठौं चरणको वार्ताको उपलब्धिस्वरुप उरुग्वे राउण्ड वार्ताको अन्त्यमा वस्तु व्यापारका अतिरिक्त सेवा व्यापार र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारको व्यापारलाई पनि बहुपक्षीय व्यापार प्रणाली अन्तर्गत एउटै छाताभित्र सञ्चालन गर्ने तथा व्यापारसम्बद्ध विवादलाई निरूपण गर्न प्रभावकारी विवाद समाधान संयन्त्रको

व्यवस्था गर्ने सहमति भयो । साथै बहुपक्षीय व्यापार प्रणालीको प्रवर्द्धन तथा समयानुकूल परिमार्जन गरी गरीब तथा विकासशील राष्ट्रहरूलाई पनि बहुपक्षीय व्यापारको मूल प्रवाहमा समाहित गर्ने उद्देश्यका साथ विश्व व्यापार संगठन (World Trade Organization: WTO) स्थापना गर्ने पनि सहमति भयो । यसै सहमतिको आधारमा बहुपक्षीय व्यापार प्रणालीलाई नियमन गर्ने अन्तिम कानूनी दस्तावेज (Final Act) १५ अप्रिल, १९९४ मा मोरक्कोको माराकेश भन्ने स्थानमा विश्व व्यापार संगठनका १२४ सदस्यहरूबाट पारित गरियो । उक्त कानूनी दस्तावेजले WTO स्थापना गर्ने सम्बन्धी माराकेश सम्झौता (Marrakesh Agreement Establishing the World Trade Organization) र चारवटा अनुसूचीहरूलाई समेटेको छ । माराकेश सम्झौतामा १६ वटा धाराहरू (Article) र ४ अनुसूची रहेका छन् ।

## १.३ विश्व व्यापार संगठनमा सेवा व्यापार (Trade in Sevices in WTO)

विश्व व्यापार संगठन स्थापना गर्ने उद्देश्यले तयार गरिएको अन्तिम कानूनी दस्तावेजको अनुसूची १ भित्रको दोस्रो अनुसूचीको रुपमा सेवा व्यापार सम्झौता संहिताबद्ध नहुन्जेलसम्म अन्तर्राष्ट्रिय व्यापारमा सेवा व्यापारलाई व्यवस्थित र नियमित गर्ने कुनै सम्झौतागत आधार एवं संयन्त्र थिएन । सेवा क्षेत्रको विशिष्ट र फरक विशेषताका कारण इतिहासको लामो कालखण्डसम्म सेवा व्यापारले आधिकारिक अन्तर्राष्ट्रिय व्यापारको रूपमा मान्यता पाउन सकेन । सन् १९७० को दशकसम्म पनि सेवा व्यापारलाई राष्ट्रिय नियमनमा आधारित व्यापारको रुपमा लिने गरिन्थ्यो । सन् १९५९ मा ग्याट्का सदस्यहरूबाट प्रस्तावित “Freedom of Contract in Transport Insurance” लाई सेवा व्यापारको अन्तर्राष्ट्रिय कानून निर्माणको पहिलो पाइलाको रुपमा लिन सकिन्छ । ग्याट्को टोकियो चरणको वार्ता (सन् १९७३-१९७९) को क्रममा पहिलो पटक संयुक्त राज्य अमेरिकाको अग्रसरतामा सेवा व्यापारले व्यापारिक एजेण्डाका रुपमा प्रवेश पाएको थियो । सन् १९८२ को ३८ औं सत्रको मन्त्रिस्तरीय घोषणापत्रले ग्याट्का सबै संविदाकारी सदस्यहरूले आ-आफ्नो मुलुकको राष्ट्रिय सेवा व्यापारको समीक्षा गरी तथ्याङ्क आदानप्रदान गर्ने निर्णय गरेको थियो । सोही घोषणापत्रका आधारमा संयुक्त राज्य अमेरिकाले १०७ राष्ट्रहरूको सेवा व्यापारको क्षेत्रमा भएको उल्लेख्य वृद्धिदरलाई समावेश गर्दै एक विस्तृत प्रतिवेदन पेश गरेको थियो । यसै प्रतिवेदनका आधारमा क्यानाडा, इजरायल, तथा नोर्डिक मुलुकहरू (डेनमार्क, फिनल्याण्ड, आइसल्याण्ड, नर्वे तथा स्विडेन र

तिनका स्वशासित क्षेत्रहरू) को सहयोगमा अमेरिकाले पेश गरेको सुझाव अनुसार सन् १९८४ को ग्याट्को मन्त्रिस्तरीय परिषद्ले एक कार्यदल (Working Party) गठन गरेको थियो । लामो समयसम्मको प्रयासको फलस्वरुप ग्याट्को आठौँ चरणको उरुग्वे राउण्ड वार्ताको अन्त्यमा कार्यदल (Working Party) को प्रतिवेदन समेतको आधारमा सबै सदस्यहरूबीच वस्तु व्यापारका अतिरिक्त सेवा व्यापार र बौद्धिक सम्पत्तिको अधिकारको व्यापारलाई पनि बहुपक्षीय व्यापार प्रणाली अन्तर्गत एउटै छाताभित्र सञ्चालन गर्ने सहमति भई सेवा व्यापार सम्बन्धी सामान्य सम्झौता (GATS) कार्यान्वयनमा आयो । त्यसैले अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा सेवा व्यापारलाई लामो छलफल एवं अनुभवबाट संहिताबद्ध भएको नवीनतम क्षेत्रको रुपमा लिने गरिन्छ। नयाँ क्षेत्र तथा फरक विशेषता भएका कारण सेवा व्यापारका क्षेत्रमा विश्व व्यापार संगठनका सम्मेलन एवं वार्ताहरूमा विविध नयाँ मुद्दाहरूको उठान भई सोहि अनुसारका विभिन्न चरणका वार्ताहरू हुने गरेका छन् । अल्प विकसित राष्ट्रहरूका लागि विशेष छूटको सुविधा (LDC Service Waiver), सेवा व्यापार क्षेत्रको प्रगतिशील उदारीकरण (Progressive Liberalization), विशेष तथा पृथक व्यवहार (Special & Differential Treatment) जस्ता विषयहरू यसका प्रतिनिधि उदाहरणहरू हुन् ।

विश्व व्यापार संगठनका सदस्यहरूबीच हुने सेवा व्यापारसम्बन्धी वार्ताहरू संगठनको सेवा व्यापार समिति (Council for Trade in Service) मार्फत हुन्छ, जुन विश्व व्यापार संगठनको मन्त्रिस्तरीय सम्मेलनको अधीनमा हुन्छ। यस समिति अन्तर्गत विभिन्न उप-समितिहरू तथा कार्यदलहरू (Working Parties) को समेत संस्थागत व्यवस्था गरिएको छ। सन् २००१ मा कतारको राजधानी दोहामा सम्पन्न मन्त्रिस्तरीय सम्मेलनले तय गरेको दोहा घोषणापत्र (Doha Declaration) अन्तर्गतको दोहा कार्यसूची (Doha Work Program) लगायत सेवा व्यापार सम्झौतासम्बन्धी महत्त्वपूर्ण वार्ताहरूका लागि साधारण परिषद् अन्तर्गत रहेको व्यापार सम्झौता समिति (Trade Negotiation Committee) मा सेवा व्यापार परिषदका विशेष सत्रहरूको व्यवस्था गरिएको छ । यसबाहेक आवश्यकता अनुसार क्षेत्र विशेष कार्यसमितिहरूको पनि गठन गर्न सकिने व्यवस्था छ ।

# परिच्छेद - २

## २.१ ग्याट्सका उद्देश्य तथा विशेषताहरू (Objectives and Features of GATS)

संसारभर आर्थिक विकासमा व्यापारको भूमिका विगतको तुलनामा पछिल्लो समयमा क्रमशः बढ्दो क्रममा छ । फलस्वरुप वस्तु व्यापार, सेवा व्यापार तथा व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिलाई अन्तर्राष्ट्रिय स्तरमा व्यवस्थित गर्नुपर्ने विषयले विश्व मञ्चमा सन् नब्बेको दशकदेखि उच्च प्राथमिकता पाउँदै आएको छ । यी सबै विषयहरूलाई बहुपक्षीय तवरबाट मान्य हुने नियमहरूमार्फत व्यवस्थित गर्नुपर्ने आवश्यकता महसुसको परिणामस्वरुप सन् १९९५ मा विश्व व्यापार संगठनको स्थापना भएको हो । यसै संगठन अन्तर्गतका तीन प्रमुख सम्झौताहरूमध्ये एक सम्झौताको रुपमा सेवा व्यापारसम्बन्धी सामान्य सम्झौता (GATS) कार्यान्वयनमा आएको छ । WTO स्थापना सम्बन्धी माराकेश सम्झौता अनुसार WTO को सदस्य बन्दा ग्याट्सको पनि अनिवार्य पक्ष बन्नुपर्ने प्रावधान रहेको छ ।

अन्तर्राष्ट्रिय व्यापारिक कारोवारमा सेवा व्यापारको बढ्दो महत्त्वलाई आत्मसात गर्दै विश्व व्यापार संगठनले यसका तीन स्तम्भहरू (Three Pillars) मध्ये एकको रुपमा ग्याट्सलाई समावेश गरेको छ । अन्तर्राष्ट्रिय व्यापारको प्रवृत्ति विश्लेषण गर्दा खासगरी सन् १९७० को दशकपछि अन्तर्राष्ट्रिय कुल व्यापारमा सेवा व्यापारको अंश क्रमशः बढ्दै गएको देखिन्छ । सन् २०११ सम्म आइपुग्दा सेवा क्षेत्रले विश्वको कुल गार्हस्थ्य उत्पादनको दुइ तिहाइ अंश ओगटेको अवस्था छ । यस्तो महत्त्वपूर्ण क्षेत्रलाई नियमन गर्ने अन्तर्राष्ट्रिय स्तरको मान्य दस्तावेजको रुपमा रहेको ग्याट्सका उद्देश्यहरू र विशेषताहरू बारेको आधारभूत जानकारी सेवा व्यापारको क्षेत्रमा चासो राख्ने सर्वसाधारण, विद्यार्थी, बौद्धिक वर्ग लगायत यसबाट प्रभावित हुने सबै सरोकारवालाहरूको लागि महत्त्वपूर्ण हुन्छ ।

### (१) ग्याट्सका उद्देश्यहरू (Objectives of GATS)

ग्याट्समा स्पष्ट रुपमा उद्देश्यहरू भनी कतै उल्लेख गरिएको पाईंदैन तथापि यो सम्झौताका प्रस्तावनामा समेटिएका विषयहरू र WTO को समग्र उद्देश्यहरूमा ग्याट्सका उद्देश्यहरू प्रतिबिम्बित भएको पाइन्छ । जसरी ग्याट्ले अन्तर्राष्ट्रियस्तरमा हुने वस्तु व्यापारलाई नियमन र व्यवस्थित गर्ने कार्य गर्दछ, त्यसै

गरी सेवा व्यापारलाई नियमित र व्यवस्थित गर्ने कार्य ग्याट्सले गर्दछ । सम्झौताको प्रस्तावना तथा दफाहरूको अध्ययनमार्फत यसका उद्देश्यहरूलाई अझ स्पष्ट रुपमा बुझ्न सहयोग पुग्छ जसलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ-

- **अन्तर्राष्ट्रिय स्तरमा हुने सेवाहरूको व्यापारलाई व्यवस्थित गर्नु-** यसको लागि ग्याट्सले सबै सदस्यहरूको लागि विश्वसनीय तथा मान्य नियमहरूको व्यवस्था गरेको छ ।

- **थप उदारीकरणतर्फ विश्व अर्थतन्त्रलाई डोऱ्याउनु-** ग्याट्सले सेवा व्यापारको सन्दर्भमा सदस्यहरूले प्रस्तुत गर्नुपर्ने प्रतिबद्धताको सूचीमार्फत आफ्नो बजारमा अन्य सदस्यहरूको व्यापारिक सेवालाई घरेलु व्यवहार, सबै सदस्यहरूलाई अति सौविध्यपूर्ण राष्ट्रको व्यवहार आदि मार्फत अर्थतन्त्रको उदारीकरणलाई जोड दिएको छ ।

- **भेदभावरहित व्यवहारको प्रवर्द्धन गर्नु-** सेवा व्यापारको सन्दर्भमा यसका सदस्यहरूबीच अति सौविध्यपूर्ण व्यवहार र सबै सदस्यहरूको उत्पादनलाई आफ्नो भौगोलिक क्षेत्रमा प्रवेश गरिसकेपछि राष्ट्रिय व्यवहार गर्नुपर्ने सिद्धान्तलाई सेवा व्यापार सम्बन्धी सम्झौताले अवलम्बन गरेको छ ।

- **पुर्वअनुमानयोग्य र पारदर्शी व्यापारलाई प्रोत्साहन दिनु-** ग्याट्सले सम्झौताका सदस्यहरूको घरेलु नीतिहरूमा स्थिरता र उक्त नीतिहरूको पारदर्शितालाई प्राथमिकता दिई सेवा व्यापारलाई पुर्वअनुमानयोग्य बनाउने प्रयास गरेको छ ।

- **सेवा व्यापारको बढ्दो भूमिकालाई आत्मसात गर्नु-** सेवा व्यापारको भूमिका दिनानुदिन बढ्दै गइरहेको सन्दर्भमा सेवा व्यापार अझै महत्त्वपूर्ण हो भन्ने मान्यतालाई ग्याट्समार्फत अन्तर्राष्ट्रिय स्तरमा स्थापित गरिएको छ ।

### (२) ग्याट्सका विशेषताहरू (Features of GATS)

सेवा व्यापार सम्बन्धी सामान्य सम्झौताले समेटेका र यसले इंगित गर्न खोजेका विषयहरूबाट यसको विशेषता बारेमा अवगत हुन्छ । यी विशेषताहरूलाई

निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

- **विश्व व्यापार संगठनका तीन प्रमुख सम्भौताहरूमध्ये एक सम्भौताको रुपमा रहेको**- अन्य दुई सम्भौताहरूमा वस्तु व्यापारसम्बन्धी सामान्य सम्भौता (GATT) र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार सम्बन्धी सम्भौता (TRIPS) पर्दछन् ।

- **व्यापारिक उद्देश्यले संचालित सम्पूर्ण सेवालाई समेटेको**- यो सम्भौताले सरकारी स्तरबाट सार्वजनिक हितको लागि प्रवाह गर्ने सेवा र हवाई यातायात सेवा बाहेक व्यापारिक तथा प्रतिस्पर्धात्मक रुपमा हुने सबै प्रकारको सेवा व्यापारलाई समेटेको छ ।

- **सदस्यहरूको दायित्त्वहरूलाई स्पष्ट पारिएको**- ग्याट्सको जस्तै गरी सदस्यहरूले पालना गर्नुपर्ने सामान्य दायित्त्वको रुपमा अति सौविध्यपूर्ण राष्ट्रको व्यवहार तथा पारदर्शिता र विशेष प्रतिबद्धताको रुपमा बजार पहुँच तथा राष्ट्रिय व्यवहारलाई ग्याट्सले अङ्गीकार गरेको छ ।

- **प्रभावकारी संस्थागत व्यवस्था गरिएको**- विवाद समाधान संयन्त्र, सेवा व्यापार परिषद् लगायतका संयन्त्रहरूको व्यवस्था पनि GATS ले गरेको छ ।

- **सीमापार हुने सेवा व्यापारको नियमन र व्यवस्थापनमा केन्द्रित रहेको**- यो सम्भौता कुनै देशको सेवाको आन्तरिक व्यापारसँग त्यती धेरै सरोकार राख्दैन । यसले सदस्यहरूबीच हुने सिमापार व्यापारलाई नै मुख्य रुपमा समेट्छ ।

- **व्यापारिक उद्देश्यले आपूर्ति गरिने सेवाको तरिकाहरू (modes of supply) लाई स्पष्ट पारिएको**- सम्भौताले सेवा आपूर्तिका ४ वटा विभिन्न तरिकाहरूको बारेमा उल्लेख गरेको छ ।

- **प्रत्येक सदस्यले विशेष प्रतिबद्धताको सूची (Schedule of Specific Commitment) प्रस्तुत गर्नुपर्ने**- सामान्य प्रतिबद्धता सबै सदस्यहरूको लागि समान रुपमा लागु हुने भएता पनि विशेष प्रतिबद्धताको हकमा भने प्रत्येक सदस्यले WTO मा निश्चित सूचि प्रस्तुत गर्नुपर्ने व्यवस्था

सम्झौताले गरेको छ ।

- **प्रतिबद्धता कार्यान्वयनमा छुट र लचकताको व्यवस्था रहेको-** विशेष अवस्थाहरू जस्तोः सदस्यको सार्वजनिक नैतिकता संरक्षण गर्न, सार्वजनिक हित, पशुपंक्षी तथा वनस्पति र यिनीहरूको स्वास्थ्य संरक्षण, वातावरण संरक्षण गर्नका लागि राष्ट्रिय नीति तर्जुमा गर्न ग्याट्स बाधक नहुने कुरालाई सम्झौताले आत्मसात गरेको छ ।

- **विकासशील सदस्यहरू खासगरी अल्पविकसित सदस्य मुलुकहरूको लागि विशेष व्यवस्था गरिएको-** ग्याट्सको प्रस्तावना र दफा ४ मा विकासशील सदस्यहरूको सेवा व्यापार उदारीकरणको सन्दर्भमा क्षमता विकास, सूचना प्रवाह, वितरण प्रणालीमा सहजीकरण, बजार पहुँच आदिको लागि प्राविधिक सहयोगको बारेमा व्यवस्था गरिएको छ। हालै WTO को आठौं मन्त्रीस्तरीय सम्मेलनले अल्पविकसित सदस्यहरूका सेवा बजारको लागि विशेष छुट दिन सकिने व्यवस्था सम्बन्धी निर्णय गरेको छ ।

- **जटिल शब्दावलीहरूको अत्यधिक प्रयोग भएको-** ग्याट्सका कतिपय प्राविधिक शब्दावलीहरू बुझ्न कठिन, एकभन्दा बढी अर्थ लाग्न सक्ने र व्यापारिक तथा कानूनी तवरमा फरक अर्थ लाग्न सक्ने समेतका छन् ।

## २.२ सेवा आपूर्तिका तरिकाहरू (Modes of Supply of Services)

सेवा व्यापार सञ्चालनको सन्दर्भमा WTO का सदस्य राष्ट्रहरूले सीमापार सेवा आपूर्ति गर्दा अवलम्बन गर्ने तरिकाहरूको बारेमा ग्याट्सले उल्लेख गरेको छ । यी आपूर्तिका तरिकाहरू(Modes of Supply) निम्न चार प्रकारका छन् :-

- तरिका एक (Mode-1): सिमापार आपूर्ति (Cross Border Supply)

यस तरिकामा WTO को एक सदस्यको भौगोलिक क्षेत्रबाट अर्को सदस्यको भौगोलिक क्षेत्रमा सम्बन्धित सेवा पुऱ्याइन्छ । यस तरिकाबाट सेवा आपूर्ति गर्दा सेवासँगै आपूर्तिकर्ताको उपस्थिति अनिवार्य भने हुँदैन । जस्तोः एक देशका व्यापारीले श्रव्य-दृश्य सामग्रीमार्फत स्वास्थ्य सेवा विदेशका उपभोक्तालाई दिनु; कम्प्युटरको माध्यमले सफ्टवेयर वा कुनै आर्किटेक्चरल डिजाइन एक मुलुकबाट अर्को मुलुकमा निर्यात गर्नु आदि ।

- तरिका दुई (Mode- 2): बाह्य भूमीमा उपभोग (Consumption Abroad)

यस अन्तर्गत कुनै सदस्यको भौगोलिक क्षेत्रबाट प्राप्त हुने सेवा उपभोगको लागि सेवाग्राही स्वयं आफ्नो भौगालिक सीमा पार गरी सम्बन्धित क्षेत्रमा गई सेवा लिन्छ। यस तरिकामा पनि सेवा प्रदान गर्ने सेवा प्रदायकको उपस्थिति सेवाग्राहीको क्षेत्रमा हुँदैन । जस्तो: एक देशका बिरामी अर्को देशको उपचार केन्द्र वा अस्पतालमा गई स्वास्थ्य सेवा लिनु; एक मुलुकका विद्यार्थीहरू विदेशमा गई अध्ययन गर्नु; विदेशी पर्यटकहरू पदयात्रा र पर्वतारोहणको लागि आउनु आदि ।

- तरिका तीन (Mode- 3): व्यापारिक उपस्थिति (Commercial Presence)

तेस्रो तरिकामा व्यापारिक सेवा प्रदान गर्ने सेवा प्रदायकले आफ्नो देशको भौगोलिक क्षेत्र पार गरी अर्को देशमा गई आफ्नो कार्यालय अथवा कार्यालयको शाखा स्थापनामार्फत सेवा प्रदान गर्दछ। यसमा सेवा प्रदायकको उपस्थिति सेवासँगै हुन्छ। जस्तो: एक देशको आँखा अस्पतालले अर्को देशमा आफ्नो शाखा खोली त्यहाँका सेवाग्राहीलाई आँखा उपचार सेवा प्रदान गर्नु; एक देशको बीमा कम्पनीको शाखा अर्को देशमा स्थापना गरी वित्तिय सेवा प्रदान गर्नु आदि ।

- तरिका चार (Mode- 4): प्राकृतिक व्यक्तिको उपस्थिति (Presence of Natural Person)

सेवा आपूर्तिको चौथो तरिका अन्तर्गत सेवा प्रदायकको रुपमा व्यक्ति नै सिमापार गरी सेवा प्रदान गर्न सेवाग्राहीकहाँ उपस्थित हुन्छ । जस्तो: एक देशको हृदय रोग विशेषज्ञ अर्को देशमा गई चिकित्सक सेवा प्रदान गर्नु, एक देशको प्राध्यापक अर्को देशको विश्व विद्यालयमा गई प्राध्यापन सेवा प्रदान गर्नु आदि ।

## २.३ ग्याट्सका आधारभूत विषयगत संरचना (Fundamental Subjective Structure of GATS)

ग्याट्सको विषयगत संरचना हेर्दा WTO को स्थापना गर्ने सम्बन्धी माराकेश सम्झौता अन्तर्गतका आधारभूत विषयसूचिको पनि सामान्य जानकारी आवश्यक

हुन्छ किनकि ग्याट्स पनि यसै सम्झौताको परिणामस्वरुप आएको हो । माराकेश सम्झौतामा प्रस्तावना, देहाय बमोजिम १६ वटा धाराहरू र ४ वटा अनुसूचीहरू छन् :-

माराकेश सम्झौता (Marrakesh Agreement) अन्तर्गतका धाराहरू

धारा १: विश्व व्यापार संगठनको स्थापना (Establishment of the Organization)

धारा २: विश्व व्यापार संगठनको क्षेत्र (Scope of the WTO)

धारा ३: WTO का कार्यहरू (Functions of the WTO)

धारा ४: WTO को संरचना (Structure of the WTO)

धारा ५: WTO को अन्य संगठनहरूसँगको सम्बन्ध (Relations with Other Organizations)

धारा ६: सचिवालय (The Secretariat)

धारा ७: बजेट तथा योगदान (Budget and Contributions)

धारा ८: WTO को हैसियत (Status of the WTO)

धारा ९: निर्णय निर्माण (Decision-Making)

धारा १०: संशोधनहरू (Amendments)

धारा ११: संस्थापक सदस्यता (Original Membership)

धारा १२: सम्मिलन (Accession)

धारा १३: तोकिएका सदस्यहरूबीच बहुपक्षीय व्यापार सम्झौता लागु नहुने (Non-Application of Multilateral Trade Agreements between Particular Members)

धारा १४: स्वीकार्यता, कार्यान्वयन तथा सुरक्षण (Acceptance, Entry into Force and Deposit)

धारा १५: सदस्यता फिर्ता (Withdrawal)

धारा १६: विविध व्यवस्था (Miscellaneous Provisions)

<u>माराकेश सम्झौताका अभिन्न अङ्गको रुपमा रहेका अनुसूचीहरू</u>

अनुसूची १: यस अनुसूचीभित्र निम्न ३ वटा अनुसूचीहरू समावेश छन् :-

अनुसूची १ (क): वस्तु व्यापारसम्बन्धी बहुपक्षीय सम्झौताहरू (Multilateral Agreements on Trade in Goods) यस अन्तर्गत GATT लगायत १३ वटा सम्झौताहरू छन् ।

अनुसूची १ (ख): सेवा व्यापारसम्बन्धी साधारण सम्झौता (General Agreements on Trade in Services)

अनुसूची १ (ग): व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता (Agreement on Trade-Related Aspects of Intellectual Property Rights)

अनुसूची २: विवाद समाधानलाई निर्देशित गर्ने नियमहरू र प्रक्रियाहरू सम्बन्धी समझदारी (Understanding on Rules and Procedures Governing the Settlement of Disputes)

अनुसूची ३: व्यापार नीति समीक्षा संयन्त्र (Trade Policy Review Mechanism)

अनुसूची ४: अनेकपक्षीय व्यापार सम्झौताहरू (Plurilateral Trade Agreements)

बहुपक्षीय व्यापार वार्ताको उरुग्वे चरणको नतिजास्वरुप आएका विषयवस्तुलाई WTO को कानूनी दस्तावेज (The Legal Texts) मा समावेश गरिएको छ ।

त्यसभित्र ग्याट्स पनि छ र यस सम्बन्धी प्रावधान अनुसूची १ (ख) मा समेटिएको छ ।

सेवा व्यापारसम्बन्धी सामान्य सम्झौताको आधारभूत संरचनाको विषयमा प्रवेश गर्दा यसभित्रका प्रमुख तीनवटा विषयहरूलाई हेर्नुपर्दछ । पहिलोमा प्रमुख दस्तावेज जसमा सदस्यहरूको सामान्य दायित्व र उनीहरूले पालना गर्नुपर्ने कुराहरू, दोस्रोमा विशेष क्षेत्रहरूलाई सम्बोधन गर्ने नियमहरू समाविष्ट अनुसूचीहरू र तेस्रोमा प्रत्येक सदस्यहरूका विशेष प्रतिबद्धताका सूचीहरू पर्दछन् । पहिलो विषयभित्र प्रस्तावना, ६ वटा भागहरू र ती भाग अन्तर्गत २९ वटा धाराहरू समावेश गरिएका छन् भने दोस्रो विषयवस्तु अन्तर्गत ८ वटा अनुसूचीहरू रहेका छन् ।

ग्याट्सको प्रस्तावनामा खासगरी किन यो सम्झौता आवश्यक पर्‍यो; विश्वमा सेवा व्यापारमा सहभागी हुने सदस्यहरूमा आफ्नो विकासको सन्दर्भमा राष्ट्रिय कानूनहरूको प्रयोग गर्न पाउने अधिकार रहेको; कम विकसित देशहरूलाई विश्व व्यापारमा सहभागी गराउने सन्दर्भमा विशेष व्यवस्था गर्न सकिने जस्ता विषयहरू समावेश गरिएका छन् ।

ग्याट्सका भाग, धाराहरू तथा अनुसूचिहरू

## भाग १: क्षेत्र तथा परिभाषा (Scope and Definition)

यस भागमा धारा १ मात्र समावेश छ ।

धारा १: क्षेत्र तथा परिभाषा (Scope and Definition)- यो धाराभित्र ग्याट्स लागु हुने क्षेत्रहरू, सदस्यहरूले सेवा व्यापारको सन्दर्भमा अवलम्बन गर्नुपर्ने उपायहरू उल्लेख गर्नुका साथै सेवा व्यापारमा समावेश हुने र नहुने क्षेत्रहरूलाई परिभाषित गरिएको छ ।

## भाग २- सामान्य दायित्व तथा पालना गर्नुपर्ने व्यवस्थाहरू (General Obligations and Disciplines)

यस भागभित्र सम्झौताका २ देखि १५ सम्मका धाराहरू समावेश छन् ।

धारा २: अति सौविध्य प्राप्त राष्ट्रको व्यवहार (Most Favoured-Nations Treatment):- एक सदस्यको सेवा र सेवा आपूर्तिकर्तालाई जस्तो

व्यवहार गरिन्छ, विश्व व्यापार संगठनका सबै सदस्यका सेवा र सेवा आपूर्तिकर्तालाई समान व्यवहार गर्नुपर्दछ भन्ने कुरा यस धारामा उल्लिखित छ । साथै विशेष अवस्थामा यसमा छुट (exemptions) पाउन सकिने सम्बन्धमा पनि यस धारामा उल्लेख छ ।

धारा ३: पारदर्शिता (Transparency):- आपत्कालीन अवस्थामा बाहेक सामान्यत: यो सम्झौता कार्यान्वयनको सन्दर्भमा सबै सदस्यहरूका सबै सूचना पारदर्शी हुनुपर्ने; सबै सदस्यहरूले तुरुन्त र कम्तीमा पनि वार्षिक रुपमा सेवा व्यापारसम्बद्ध कुनै नयाँ ऐन बनेमा वा विद्यमान ऐन, नियम, मार्गदर्शनमा कुनै परिमार्जन भएमा सेवा व्यापार परिषद (Council of Trade in Services) मा सूचना (notification) गर्नुपर्ने; सबै सदस्यहरूले एक वा बढी सेवा सम्बन्धी जानकारी प्रवाह गर्ने विन्दु (Service Inquiry Point) को स्थापना गर्नुपर्ने लगायतका विषयहरू यो धारामा समावेश छन् ।

धारा ३ (थप)- गोप्य सूचनाको जानकारी (Disclosure of Confidential Information):- यस धारा (Article III bis) मा कानून कार्यान्वयनमा नकारात्मक प्रभाव पर्ने, सार्वजनिक हित प्रतिकूल हुने, कुनै सार्वजनिक संस्थाको वैधानिक व्यापारिक हितमा प्रतिकुल प्रभाव पर्ने अवस्था भएमा यस्तो सूचना उपलब्ध गराउन सदस्यहरू बाध्य नहुने व्यवस्था गरिएको छ ।

धारा ४: विकासशील देशहरूको बढ्दो सहभागिता (Increasing Participation of Developing Countries):- विश्व व्यापार संगठनमा विकासशील सदस्यहरूको सहभागिता प्रवर्द्धन गर्न विकसित सदस्यहरूले क्षमता विकासको लागि सहयोग गर्ने, उनीहरूलाई विशेष प्राथमिकता दिने जस्ता विषयहरू यस धारामा समेटिएका छन् ।

धारा ५: आर्थिक एकीकरण (Economic Integration):- धारा ५ मा सेवा व्यापार उदारीकरणको सन्दर्भमा विश्व व्यापार संगठनका सदस्यहरूलाई अन्य कुनै पनि प्रकारका सम्झौताको पक्ष हुन ग्याट्सले कुनै रोकावट नगर्ने विषय उल्लेख गरिएको छ ।

धारा ५ (थप)- श्रम बजार एकीकरण सम्बन्धी सम्झौताहरू (Labor Markets

Integration Agreements):- यसमा श्रम बजार एकीकरणको सन्दर्भमा कुनै सदस्यहरूलाई यस्तै प्रकारको अन्य सम्झौताहरूको पक्ष बन्न ग्याट्सले रोकावट नगर्ने कुरा उल्लेख गरिएको छ ।

धारा ६: घरेलु नियमन (Domestic Regulation):- यस धारामा प्रत्येक सदस्यहरूले गरेका विशेष प्रतिबद्धताको कार्यान्वयनको सन्दर्भमा सेवा व्यापारलाई प्रभाव पार्ने घरेलु नियमन कस्तो हुनुपर्ने भन्ने सम्बन्धमा उल्लेख गरिएको छ ।

धारा ७: मान्यता (Recognition):- सेवा आपूर्तिकर्ताको आधिकारिकता, गुणस्तर, प्रमाणीकरण, अनुमति जस्ता विषयमा ग्याट्सको कुनै सदस्यले आफू एक्लै वा अन्य सदस्यहरूसँग एकीकरण वा सम्झौता वा अन्य व्यवस्था गरी मान्यता दिन सक्ने विषय धारा ७ मा उल्लेख गरिएको छ ।

धारा ८: एकाधिकार र विशेष सेवा आपुर्तिकर्ता (Monopolies and Exclusive Service Suppliers):- ग्याट्सको पक्ष हुँदा गरेको विशेष प्रतिबद्धताको प्रतिकुल हुने गरी कुनै पनि सदस्यले कुनै आपुर्तिकर्तालाई एकाधिकारपूर्ण सेवा आपूर्तिकर्ताको रुपमा मान्यता दिन नहुने जस्ता विषय यसमा समावेश गरिएको छ ।

धारा ९: व्यावसायिक अभ्यासहरू (Business Practices):- सदस्यहरूले कुनै सेवा आपूर्तिकर्ताको कुनै व्यावसायिक अभ्यासलाई यसबाट प्रतिस्पर्धा वा सेवा व्यापार नियन्त्रण हुने भए तापनि मान्यता दिन सक्ने लगायतका कुराहरू यसमा छन् ।

धारा १०: आपत्कालीन संरक्षणका उपायहरू (Emergency Safeguard Measures):- बहुपक्षीय वार्ताको माध्यमद्वारा WTO सम्झौता लागू भएको ३ वर्षमा नबढ्ने गरी सदस्यले आपत्कालीन संरक्षणका उपायहरू अवलम्बन गर्न सक्ने कुरा यस धारामा छ ।

धारा ११: भुक्तानी र हस्तान्तरण (Payments and Transfers):- सदस्यले विशेष प्रतिबद्धतासँग सम्बन्धित वर्तमान कारोवारलाई लिएर अन्य अन्तर्राष्ट्रिय भुक्तानी र हस्तान्तरण नरोकिने लगायतका विषयहरू यस धारामा समावेश भएका छन् ।

धारा १२: भुक्तानी सन्तुलनको सुरक्षणका लागि प्रतिबन्धहरू (Restrictions to Safeguard the Balance of Payments):- भुक्तानी सन्तुलन तथा बाह्य वित्तीय समस्या वा यस्तै प्रकारको गम्भिर अवस्थामा सदस्यले विशेष प्रतिबद्धता व्यक्त गरेको सेवा क्षेत्रहरूमा प्रतिबन्ध लगाउन सक्ने र यस्तो प्रतिबन्ध वा यसमा भएको परिवर्तन बारेमा तुरुन्त साधारण परिषद्मा सूचना गर्नुपर्ने कुरा यस धारामा उल्लेख छ ।

धारा १३: सरकारी खरिद (Government Procurement):- अति सौविध्यप्राप्त राष्ट्रको व्यवहार (धारा २), बजार पहुँच (धारा १६), र राष्ट्रिय व्यवहार (धारा १७) का प्रावधानहरू सरकारी उद्देश्यको निमित्त सरकारी निकायहरूले खरिद गर्ने सेवासँग सम्बन्धित कानुन, नियम तथा आवश्यकताको सन्दर्भमा लागु नहुने विषयलाई यस धाराले स्पष्ट पारेको छ ।

धारा १४: सामान्य अपवाद (General Exceptions):- सार्वजनिक नैतिकता वा यस्तै अन्य व्यवस्था संरक्षणको लागि, मानव, पशु तथा बोटविरुवाको जीवन तथा स्वास्थ्य संरक्षण, यस सम्झौताको प्रतिकूल नहुने कानुन तथा नियमहरूको स्वीकार्यता संरक्षण आदिको लागि मात्र सदस्यहरूले अपवादको रुपमा विभिन्न उपायहरूको अवलम्बन गर्न सक्ने कुरा यस धारामा छ ।

धारा १४ (थप)- सुरक्षा अपवाद (Security Exceptions):- यस धारा (Article XIV bis) मा सुरक्षा अपवादका विषयहरू समावेश गरिएका छन् । जस्तो: सुरक्षा हितसँग सम्बन्धित सेवाको आपुर्ति, संयुक्त राष्ट्रसंघको बडापत्र अनुरूप अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्ने प्रतिबद्धता कायम राख्ने जस्ता सुरक्षाका विषयहरूमा यो सम्झौताका व्यवस्थाहरू बाधाको रुपमा नहुने व्यवस्था छ ।

धारा १५: अनुदानहरू (Subsidies):- अनुदानले सेवा व्यापारलाई बाधा पुर्‍याउँछ भन्ने कुरालाई सबै सदस्यले मनन गर्नुपर्ने र यस्तो अनुदानको आवश्यकताको विषयमा वार्ताद्वारा उपयुक्त सम्बोधन गर्नुपर्ने कुराहरूलाई यो धाराले स्पष्ट पारेको छ ।

## भाग ३- विशेष प्रतिबद्धता (Specific Commitments)

यस भागमा धारा १६, १७ र १८ गरी ३ वटा धाराहरू छन्:-

धारा १६: बजार पहुँच (Market Access):- सदस्यले आफूले प्रतिबद्धता जनाएका सेवा क्षेत्रहरूको सूचिको सम्बन्धमा कुनै सदस्यको सेवा तथा सेवा आपूर्तिकर्तालाई बजार पहुँचमा कम सुविधा नदिने विषयहरू यो धारामा छन् ।

धारा १७: राष्ट्रिय व्यवहार (National Treatment):- प्रत्येक सदस्यले आफ्नो प्रतिबद्धता सूचिमा समावेश सबै क्षेत्रहरूमा सबै सेवा र सेवा आपूर्तिकर्तालाई आफ्नो घरेलु सेवा वा सेवा आपूर्तिकर्तालाई जस्तै व्यवहार गर्नुपर्ने कुराको प्रत्याभूति यस धारामार्फत गरिएको छ ।

धारा १८: थप प्रतिबद्धता (Additional Commitments):- सेवा व्यापारलाई प्रभाव पार्ने बजार पहुँच र राष्ट्रिय व्यवहार बाहेकका विषयहरू, जस्तो: योग्यता, गुणस्तर, अनुमतिपत्र जस्ता विषयमा सदस्यहरूले अन्य प्रतिबद्धताको सम्बन्धमा वार्ता गर्नसक्ने र यस्तो प्रतिबद्धता सदस्यको प्रतिबद्धता सूचीमा समावेश गर्नुपर्ने व्यवस्था यो धारामा गरिएको छ ।

## भाग ४- प्रगतिशील उदारीकरण (Progressive Liberalization)

यस भाग अन्तर्गत देहाय बमोजिम तीनवटा धाराहरू छन् :-

धारा १९: विशेष प्रतिबद्धताहरू सम्बन्धी वार्ता (Negotiation of Specific Commitments):- यस सम्झौताको उद्देश्य प्राप्तिको लागि WTO सम्झौता लागू भएको पाँच वर्षभन्दा ढिलो नहुने गरी थप वा प्रगतिशील उदारीकरणको लागि वार्ताका चरणहरूमा प्रवेश गर्नुपर्ने व्यवस्था छ । यस्तो वार्ताको क्रममा राष्ट्रिय नीतिगत उद्देश्य र विकासको स्तरलाई भने सम्मान गरिने र हरेक चरणको वार्ताको मार्गदर्शन र प्रक्रिया तय गरिने साथै, हरेक चरणमा यस्तो प्रगतिशील उदारीकरणको प्रक्रिया थप उच्च तहको हुने कुरा समेत यो धारामा उल्लिखित छ ।

धारा २०: विशेष प्रतिबद्धताहरूको सूचि (Schedules of Specific Commitments):- प्रत्येक सदस्यले बजार पहुँचका अवस्था, सीमा, राष्ट्रिय व्यवहारको

योग्यता र अवस्था, अन्य प्रतिबद्धताहरूसँग सम्बन्धित निकाय, सम्भव भएसम्म यस्तो प्रतिबद्धता कार्यान्वयनको समय तालिका, यस्ता प्रतिबद्धताको कार्यान्वयनको मिति जस्ता विषयहरू यस धारा अन्तर्गतको विशेष प्रतिबद्धताको सूचीमा समावेश गर्नुपर्दछ । यो सूचि ग्याट्सको अनुसूचीको रुपमा रहने व्यवस्था छ ।

धारा २१: सूचीको परिमार्जन (Modification of Schedules):- कुनै सदस्यले प्रतिबद्धता कार्यान्वयनमा आएको तीन वर्षपछिको कुनै पनि समय आफ्नो प्रतिबद्धता सूचीमा समावेश भएकामध्ये कुनै सेवालाई परिमार्जन वा फिर्ता गर्न सक्नेछ । यस्तो फिर्ता वा परिमार्जनको कार्यान्वयन हुनुभन्दा तीन महिना अगावै यसबारेमा सेवा व्यापार परिषद्मा सूचना गर्नुपर्ने र यसबाट कुनै सदस्यलाई क्षतिपूर्तिजन्य प्रभाव परेमा सोको व्यवस्थापन वार्तामार्फत गर्नुपर्ने व्यवस्था समेत यस धारामा गरिएको छ ।

## भाग ५- संस्थागत व्यवस्था (Institutional Provisions)

यस भागमा धारा २२ देखि धारा २६ सम्म गरी तल उल्लेख गरिए बमोजिम ५ वटा धाराहरू समावेश गरिएका छन्:-

धारा २२: परामर्श (Consultation):- सेवा व्यापार परिषद् वा विवाद व्यवस्थापन निकाय (Dispute Settlement Body) ले कुनै सदस्यले अन्य सदस्य वा सदस्यहरूसँग परामर्श गर्न चाहेमा अनुरोधको आधारमा यस्तो परामर्शको व्यवस्था गर्ने विषयमा यस धारामा उल्लेख गरिएको छ । यो सम्झौता कार्यान्वयनको सन्दर्भमा गर्नुपर्ने परामर्शको लागि विवाद व्यवस्थापनको विषय बुझ्नुपर्ने हुन्छ ।

धारा २३: विवाद समाधान र कार्यान्वयन (Dispute Settlement and Enforcement):- यस धारा अनुसार यदि कुनै सदस्यले सम्झौता अन्तर्गतको आफनो दायित्व वा विशेष प्रतिबद्धता कार्यान्वयन गर्न नसकेमा यो विषय विवाद व्यवस्थापन (Dispute Settlement Understanding) को विषय बन्न जानेछ । यसको छलफल विवाद व्यवस्थापन निकाय वा सेवा व्यापार परिषद्मा हुने व्यवस्था छ ।

धारा २४: सेवा व्यापार परिषद् (Council for Trade in Services):- सेवा

व्यापारसम्बन्धी सम्झौता कार्यान्वयनलाई सहजीकरण गर्न र सम्झौताका उद्देश्यहरू हासिल गर्ने क्षेत्रमा कार्य गर्न सेवा व्यापार परिषद्को व्यवस्था यस धारामा गरिएको छ । सम्झौताको प्रभावकारी कार्यान्वयन तथा व्यवस्थापनका लागि परिषद्ले आवश्यकतानुसार सहायक निकायहरूको पनि स्थापना गर्न सक्छ। सेवा व्यापार परिषद्को अध्यक्ष सदस्यहरूले चुन्ने व्यवस्था छ । विश्व व्यापार संगठनको प्रणालीभित्र विवाद समाधानको व्यवस्थालाई एक प्रभावकारी संयन्त्रको रुपमा लिइने गरिन्छ। संगठनका तीनवटै प्रमुख सम्झौताहरू (GATT, GATS and TRIPS) मा विवाद व्यवस्थापन सम्बन्धी व्यवस्थाको बारेमा उल्लेख गरिएको छ । अन्य दुई सम्झौताहरूमा जस्तै सेवा व्यापारसम्बन्धी सामान्य सम्झैतामा समावेश प्रावधानहरू र नियमहरू कार्यान्वयनलाई प्रभावकारी बनाउनको लागि यससम्बन्धी विवाद व्यवस्थापनको बारेमा उल्लेख गरिएको छ । सदस्यहरूबीच यदि आफ्नो दायित्व अथवा विशेष प्रतिबद्धता कार्यान्वयनको क्रममा कुनै विवाद वा चासो उठेमा विवाद समाधान इकाईमार्फत यसको निर्क्यौल हुने व्यवस्था छ । यसले सम्झौतामा उल्लिखित व्यवस्थाहरूको उल्लंघन गर्नबाट WTO का सबै सदस्यहरूलाई सजग गराएको छ ।

धारा २५: प्राविधिक सहयोग (Technical Cooperation):- विकासशील सदस्यहरूका सेवा आपुर्तिकर्तालाई कुनै प्राविधिक सहयोग आवश्यक परेमा विकसित सदस्यले सहयोग गर्न सक्ने व्यवस्था यस धारामा गरिएको छ । विकासशील तथा अतिकम विकसित यस्ता सदस्यहरूलाई दिइने सहयोगसम्बन्धी वार्ता सचिवालय मार्फत बहुपक्षीय तहमा हुने र सेवा व्यापार परिषद्ले यसको निर्णय गर्ने व्यवस्था गरिएको छ ।

धारा २६: अन्य अन्तर्राष्ट्रिय संगठनहरूसँगको सम्बन्ध (Relationship with Other International Organizations): संयुक्त राष्ट्रसंघ र यसका विशिष्टीकृत निकायहरूका साथै सेवासँग सम्बन्धित अन्तरसरकारी संगठनहरूसँग ग्याट्सको सम्बन्धको सन्दर्भमा साधारण परिषद् (General Council) ले आवश्यक कार्य गर्ने सम्बन्धी व्यवस्था यस धारामा गरिएको छ ।

## भाग ६- अन्तिम प्रावधानहरू (Final Provisions)

भाग ६ अन्तर्गत धारा २७ देखि २९ सम्म गरी ३ वटा धाराहरू छन् ।

धारा २७: लाभको अस्वीकार्यता (Denial of Benefits):- WTO को गैर-सदस्यद्वारा वा यस्तो गैर-सदस्यको भौगोलिक क्षेत्रभित्र आपूर्ति भएको सेवाको सन्दर्भमा, गैर-सदस्यको कानुन अन्तर्गत दर्ता भएका समुद्री यातायात सेवाका सन्दर्भमा र सेवा आपूर्तिकर्ता न्यायिक व्यक्ति भएमा कुनै पनि सदस्यले त्यस्ता सेवाको सन्दर्भमा ग्याट्सको लाभ हो भन्ने कुरा अस्वीकार गर्न सक्ने व्यवस्था यस धारामा छ ।

धारा २८: परिभाषाहरू (Definitions):- ग्याट्सका विषय वस्तुहरूलाई स्पष्ट पार्ने सन्दर्भमा यस धारामा जम्मा १५ वटा शब्दावलीहरूलाई परिभाषित गरिएको छ । यी शब्दावलीहरूमा सेवाको आपूर्ति, व्यापारिक उपस्थिति, सेवा आपूर्तिकर्ता, सेवा उपभोक्ता आदि छन् ।

धारा २९: अनुसूचीहरू (Annexes):- यस धारामा उल्लेख भएका यी अनुसूचीहरू ग्याट्सका अभिन्न अङ्गहरू हुन् । यस धारा अन्तर्गत ८ वटा अनुसूचीहरू समावेश भएका छन् जसको विवरण निम्नानुसार छः-

- धारा दुईमा छुटसम्बन्धी अनुसूची (Annex on Article II Exemptions)
- सम्झौता अन्तर्गत सेवा आपूर्ति गर्ने प्राकृतिक व्यक्तिको आवागमन सम्बन्धी अनुसूची (Annex on Movement of Natural Persons Supplyig Services under the Agreement)
- हवाइ यातायात सेवासम्बन्धी अनुसूची (Annex on Air Transport Services)
- वित्तीय सेवासम्बन्धी अनुसूची (Annex on Financial Services)
- वित्तीय सेवा सम्बन्धी दोस्रो अनुसूची (Second Annex on Financial Services)

- सामुद्रिक यातायात सेवा उपरको वार्तासम्बन्धी अनुसूची (Annex on Negotiations on Maritime Transport Services)

- दूरसञ्चार सम्बन्धी अनुसूची (Annex on Telecommunications)

- आधारभूत दूरसञ्चारसम्बन्धी अनुसूची (Annex on Basic Telecommunications)

यसरी प्रमुख दस्तावेज र अनुसूचीहरू बाहेक सदस्यहरूले गर्ने विशेष क्षेत्रगत प्रतिबद्धताहरूको सूची पनि ग्याट्सको अभिन्न अङ्गको रुपमा रहेको छ । यसर्थ, ग्याट्सको विषयगत संरचनाको मुख्य सार यसको प्रमुख दस्तावेज, अनुसूचीहरू र क्षेत्रगत प्रतिबद्धताको सूचीको समग्र भाग नै हो ।

## २.४ सेवा व्यापार संचालनका अङ्गहरू (Trade in Services Operating Bodies)

ग्याट्समा उल्लिखित नियम, सिद्धान्त, प्रतिबद्धता र सोही आधारमा विकसित संस्थागत व्यवस्थाहरू बहुपक्षीय सेवा व्यापार सञ्चालनका मार्गदर्शक आधारको रुपमा रहेका छन । विश्व व्यापार संगठनका अन्य सम्झौता तथा नियमहरूको सञ्चालन जस्तै सेवा व्यापारको सञ्चालनको आधार पनि सदस्य राष्ट्रहरूबीचको आपसी सहमति नै हो । त्यस्तो सहमतिमा पुग्न गर्नुपर्ने चरणबद्ध वार्ताका लागि सेवा व्यापारसम्बन्धी विभिन्न निकायहरूको व्यवस्था गरिएको छ। ग्याट्स अन्तर्गतका सेवा, सेवा सञ्चालनका मोडहरू, प्रतिबद्धता एवं अन्य व्यवस्थाहरूको विस्तृत जानकारी यसै पुस्तिकाको अन्य प्रकरणमा उल्लेख गरिएकोले यहाँ सेवा व्यापार सञ्चालनमा संलग्न निकायहरू, तिनका भूमिकाहरू तथा विवाद समाधान विधिबारे प्रस्तुत गरिएको छ ।

### (क) मन्त्रिस्तरीय सम्मेलन (Ministerial Conference)

विश्व व्यापार संगठनको सबैभन्दा माथिल्लो तहमा रहेको मन्त्रिस्तरीय सम्मेलनले कुनै पनि बहुपक्षीय व्यापार सम्झौताका सम्बन्धमा नीतिगत निर्णय लिनसक्ने भएकोले संगठनमा यसको भूमिका महत्त्वपूर्ण छ । सेवा व्यापारसँग सम्बन्धित नीति निर्माण गर्ने सबैभन्दा उच्च निकाय पनि मन्त्रिस्तरीय सम्मेलन नै हो । मन्त्रिस्तरीय सम्मेलन सामान्यत: प्रत्येक दुई वर्षमा आयोजना गरिन्छ । विश्व

व्यापार संगठन अन्तर्गत हुने दैनिक कार्यहरू यस अन्तर्गतका विभिन्न निकाय (सिद्धान्ततः साधारण परिषद्) मार्फत हुने भएता पनि यी सबैको प्रतिवेदन (Reporting) मन्त्रिस्तरीय सम्मेलनमा गर्नुपर्छ र यसरी हुने सबै कार्यको उत्तरदायित्व मन्त्रिपरिषद् सम्मलेनले वहन गर्नुपर्ने व्यवस्था छ । यसका अतिरिक्त मन्त्रिस्तरीय सम्मेलनले नियमित रुपमा साधारण परिषद्को रुपमा विवाद समाधन संयन्त्रमार्फत विवाद समाधान प्रणालीको नियमन गर्दछ भने व्यापार नीति विश्लेषण संयन्त्रमार्फत सदस्यहरूको व्यापार नीति पुनरावलोकनको कार्य समेत गर्दछ । मन्त्रिस्तरीय सम्मेलनमा सामान्यतः सदस्य मुलुक वा स्वतन्त्र भन्सार क्षेत्रका मन्त्रीहरूले भाग लिने गर्दछन् ।

### (ख) साधारण परिषद् (General Council)

विश्व व्यापार संगठनको दोस्रो तहको संरचनाका रुपमा साधारण परिषद् (General Council) को गठन गरिएको छ । यसले सेवा व्यापार तथा अन्य व्यापारसम्बद्ध दैनिक कार्य सञ्चालनका अतिरिक्त मन्त्रिस्तरीय सम्मेलनले गरेका निर्णयहरूको कार्यान्वयन गर्ने गर्दछ । यसका अतिरिक्त माथि उल्लेख गरे झैं मन्त्रिस्तरीय सम्मेलनको तर्फबाट विवाद समाधान संयन्त्र र व्यापार नीति पुनरावलोकन संयन्त्रको रुपमा कार्य समेत गर्दछ । नियमित रूपमा आयोजना हुने यस परिषद्को बैठकमा सदस्य देशका राजदूत वा उच्च सरकारी तहबाट प्रतिनिधित्व हुने भएता पनि विवाद समाधान संयन्त्र र व्यापार नीति पुनरावलोकन संयन्त्रको रुपमा कार्य गर्दा सम्बन्धित विषयका विशेषज्ञ र कानूनविद्हरूलाई समेत समावेश गर्ने चलन छ । साधारण परिषद्, विवाद समाधान संयन्त्र र व्यापार नीति पुनरावलोकन संयन्त्रको रुपमा यस परिषद्ले गरेका कार्यहरूको प्रतिवेदन मन्त्रिस्तरीय सम्मेलनलाई गराउनु पर्ने व्यवस्था रहेको छ । साधारण परिषद् विश्व व्यापार संगठनका सबै सम्झौताको कार्यान्वयन गर्ने निकाय भएकोले संगठनका तीन खम्बा (वस्तु, सेवा तथा बौद्धिक सम्पत्तिको अधिकार) सम्बन्धी सम्झौताहरूको प्रभावकारी कार्यान्वयनको लागि यस अन्तर्गत वस्तु व्यापार परिषद्, सेवा व्यापार परिषद् र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी परिषद्को व्यवस्था गरिएको छ ।

### (ग) सेवा व्यापार परिषद् (Council for Trade in Services)

ग्याट्समा उल्लिखित विविध व्यवस्थाहरूको कार्यान्वयन एवं सहजीकरण गर्ने उद्देश्यले साधारण परिषद् अन्तर्गत सेवा व्यापार परिषद्को व्यवस्था गरिएको छ । ग्याट्सको

दफा २४ को व्यवस्था अनुसार गठन भएको विश्व व्यापार संगठनको तेस्रो तहका निकायहरूमध्ये एक प्रमुख निकायको रुपमा यस परिषद्ले सेवा व्यापार र यससम्बन्धी अन्य बृहद् विषयहरूमा छलफल गर्दछ। यस परिषद्ले साधारण परिषद्द्वारा निर्धारित कार्यादेश तथा निर्देशनको अधीनमा रही ग्याट्सका प्रावधानहरूको कार्यान्वयन, पुनरावलोकन तथा सुपरिवेक्षण लगायतका कार्यहरू गर्दछ । सबै सदस्यहरूलाई समान अवसर प्रदान गरिएको यस परिषद् अन्तर्गत कुनै पनि सदस्यहरूले चाहे अनुसार नियमित सेसनका धेरै बैठकहरू वर्षभरि नै सञ्चालन हुन्छन् भने सेवा व्यापारसम्बन्धी चालू वार्ताका लागि विशेष सेसनका बैठकहरूको व्यवस्था गरिएको छ । यसका अतिरिक्त सेवा व्यापार परिषद्ले साधारण परिषद् र सचिवालयबाट प्राप्त निर्देशन एवं चालू वार्ताका विषयवस्तुहरूमा परिषद्को पूर्ण बैठकबाट सहमति निकाल्न नसकिने भएमा वार्ता/छलफल गर्न तथा त्यससम्बन्धी विशेषज्ञता भएका सहायक निकायहरूलाई निर्देशन दिई प्रतिवेदनहरू प्राप्त गर्न सक्तछ। WTO का सबै सम्झौताहरू सहमतिमा तय हुने भएकाले औपचारिक संयन्त्रहरूका अतिरिक्त यस परिषद्ले विभिन्न स-साना अनौपचारिक समूहहरूमा छलफल र विचार विमर्श गराई निष्कर्ष निकाल्नमा समेत पहल गर्ने गर्दछ। ग्रीन रुम बैठक यसको महत्त्वपूर्ण उदाहरण हो। यस्ता अनौपचारिक बैठकहरूमा समेत सदस्य राष्ट्रहरूबीच पारदर्शिता र आपसी सञ्चार कायम राख्ने विषयलाई उत्तिकै ध्यान पुऱ्याइएको हुन्छ। समग्रमा सेवा व्यापार परिषद्ले बैठक सञ्चालन, सदस्यहरूबीच समन्वय र सञ्चार, साधारण परिषद्समक्ष प्रतिवेदन, सहायक निकायहरूलाई निर्देशन दिने लगायतका कार्यहरूका लगायत ग्याट्सका प्रावधानहरूको कार्यान्वयन र सो बमोजिम सेवा व्यापारको क्षेत्रलाई आगामी दिनमा अझै प्रगतिशील रुपमा उदार गर्दै लैजाने गरी वार्ताहरूको सञ्चालन गर्ने गर्दछ ।

सामान्यतः सेवा व्यापार परिषद् अन्तर्गतका निकायहरूले वित्तीय सेवा, आन्तरिक नियमन, सेवा व्यापारसम्बन्धी नियम, क्षेत्र विशेष प्रतिबद्धता लगायतका विषयहरू हेर्ने भएतापनि यस परिषद् अन्तर्गत अस्थायी प्रकृतिका निकायहरूको पनि व्यवस्था गरिएको छ। जस्तैः १९९७ फेब्रुअरीमा कार्य समाप्त भएपछि विघटन भएको आधारभूत दूरसञ्चार वार्ता समूह (Negotiating Group on Basic Telecommunications) यस्तो एउटा उदाहरण हो ।

## (घ) सहायक निकायहरू (Subsidiary Bodies)

सहमतीय निर्णय प्रणाली अवलम्बन गरिएको विश्व व्यापार संगठनमा सेवा व्यापारको क्षेत्रमा आवश्यक निर्णय लिने प्रयोजनका लागि चौथो तहको निकायको रुपमा सहायक निकायहरूको व्यवस्था गरिएको छ । सेवा व्यापार परिषद् अन्तर्गत देहायका सहायक निकायहरू क्रियाशील रहेका छन्:-

### १. वित्तीय सेवा व्यापार समिति (Committee on Financial Services)

वित्तीय सेवाको क्षेत्रमा चालू वार्ताहरूलाई सहमतिमा पुऱ्याउने क्रममा यस समितिले विभिन्न छलफल तथा परामर्श गर्ने गर्दछ र सेवा व्यापार परिषद्को लागि आवश्यक वित्तीय सेवासम्बन्धी प्रस्ताव तथा सिफारिशहरू प्रदान गर्दछ । वित्तीय सेवासँग सम्बन्धित ग्याट्सका प्रावधानहरूको कार्यान्वयन अवस्थाको निरन्तर अध्ययन तथा पुनरावलोकन गर्ने जिम्मेवारी पनि यही समितिमा नै रहेको हुन्छ। यो समिति वित्तीय सेवा व्यापारमा प्रभाव पार्न सक्ने विभिन्न प्राविधिक तथा नियमनकारी विकासका विषयहरूमा छलफल गर्ने मञ्चको रुपमा रहेको छ ।

### २. विशेष प्रतिबद्धता समिति (Committee on Specific Commitments)

सेवा व्यापारमा सदस्य राष्ट्रहरूबाट व्यक्त विशेष प्रतिबद्धताहरूको सामयिक प्रमाणीकरण, अनुमोदन तथा सुधार गर्न आवश्यक कार्यविधि तय गर्ने जिम्मेवारी यस समितिको रहेको छ। यस समितिले सन् २००० मा आफ्नो कार्यप्रक्रिया सम्बन्धी कार्यविधि निर्माण गरेकोमा सेवा व्यापार परिषद्बाट सो स्वीकृत भएको छ र यसैको आधारमा यस समितिका कार्य सम्पादन हुने गर्दछ। त्यसैगरी विशेष प्रतिबद्धतालाई समयसारिणीबद्ध तुल्याउने सम्बन्धी निर्देशिका सेवा व्यापार परिषद्बाट अनुमोदन भई कार्यान्वयनको चरणमा रहेको छ। समग्रमा यस समितिले विशेष प्रतिबद्धताको कार्यान्वयनमा सहजीकरण गर्दै ग्याट्स नियम तथा सिद्धान्तहरूको परिपालनाको अवस्थाको अनुगमन तथा पुनरावलोकनसम्बन्धी जानकारी परिषद्समक्ष उपलब्ध गराउने गर्दछ । यसको साथै यो समितिले सेवा क्षेत्रको वर्गीकरणका सम्बन्धमा सदस्य राष्ट्रहरूका विभिन्न सुझाव तथा प्रस्तावउपर अध्ययन तथा छलफल गरी सेवा वर्गीकरणमा निरन्तर सुधारको प्रयास गर्ने गर्दछ ।

### ३. घरेलु नियमन सम्बन्धी कार्यदल (Working Party on Domestic Regulation)

ग्याट्सको धारा ५(४) एवं सेवा व्यापार परिषद्को निर्णय अनुसार सेवा व्यापारको क्षेत्रमा आवश्यक अनुशासन कायम राख्न सदस्यहरूले मुलुकभित्र लागू गर्ने प्राविधिक मापदण्ड, कार्यविधि र लाइसेन्स जस्ता सम्भावित व्यापारसम्बद्ध व्यवधानहरूको नियमन गर्नुपर्ने आवश्यकता महसुस गरी यो कार्यदलको गठन भएको हो । सन् १९९९ को अप्रिल २६ सम्म कायम रहेको व्यावसायिक सेवा सम्बन्धी कार्यदल विघटन भएपश्चात् सेवा व्यापार परिषद्द्वारा घरेलु नियमन सम्बन्धी कार्यदल गठन गर्ने निर्णय लिइएको थियो । जटिल कार्यविधि र मापदण्ड, लाइसेन्स प्राप्त गर्न लाग्ने लामो समयावधि तथा अपारदर्शी कार्यविधि जस्ता सम्भावित घरेलु व्यवधानहरू न्यूनीकरण गर्न यस समितिले सर्वमान्य हुने गरी घरेलु नियमन सम्बन्धी मान्यता विकास गर्न वा गर्न लगाउन सक्ने कार्यादेश प्राप्त गरेको छ । क्षेत्रसम्बद्ध मान्यतामा मात्र वार्तालाई सीमित नगरी सबै क्षेत्रमा समान रूपमा लागु हुने घरेलु नियमन सम्बन्धी मान्यताहरू विकास गर्ने उद्देश्यले हाल यस कार्यदलको विभिन्न चरणका वार्ताहरू जारी छन् ।

### ४. ग्याट्स नियम सम्बन्धी कार्यदल (Working Party on GATS Rules)

यस कार्यदलको कार्यक्षेत्रभित्र ग्याट्स नियम अन्तर्गत धारा १०, १३ र १५ मा व्यवस्था भएका सेफगार्ड उपाय, सार्वजनिक खरिद र अनुदानसम्बन्धी विषयहरूमा सदस्यहरूबाट उठाइएका चासो र प्रस्ताव एवं सचिवालयको अनुरोधका आधार मा छलफल र वार्ता गराउने कार्य पर्दछ । हाल आकस्मिक सेफगार्ड उपाय, सार्वजनिक खरिद सेवामा बहुपक्षीय व्यापारको सान्दर्भिकता तथा बजारमा विचलन ल्याउने अनुदान हटाउने सम्बन्धमा वार्ता जारी छ । सेवा व्यापार वार्ता सम्बन्धी निर्देशिका एवं कार्यविधि (S/L/93) अनुसार क्षेत्र विशेष प्रतिबद्धतासम्बन्धी वार्ता नयाँ चरणमा प्रवेश गर्नु अगाडि सदस्यहरूले धारा १३ र १५ अनुसारको सार्वजनिक खरिद र अनुदान तथा धारा ६(४) सँग सम्बन्धित वार्ता "सहमतिमा पुग्नका लागि अनिवार्य लक्ष्य लिनुपर्ने" व्यवस्था गरेको हुँदा सोही अनुसार हालका वार्ताहरू सम्पन्न भइरहेका छन् ।

### (ङ) विश्व व्यापार संगठनको सचिवालय (WTO Secretariat)

विश्व व्यापार संगठनको सांगठनिक समन्वय र व्यवस्थापकीय कार्य सम्पादन गर्न महानिर्देशकको नेतृत्वमा एक सचिवालय रहेको छ । माराकेश सम्झौताको

दफा ६ बमोजिम व्यवस्था गरिएको यस सचिवालयमा महानिर्देशकको नियुक्ति मन्त्रिस्तरीय सम्मेलनबाट र सचिवालयको कर्मचारीहरूको नियुक्ति महानिर्देशकबाट हुन्छ । विश्व व्यापार संगठनको विभिन्न तहमा वार्ता र सम्झौता तथा निर्णयमा सहयोग, समन्वय र सहजीकरण गर्ने दायित्व सचिवालय अन्तर्गत रहेका विभिन्न महाशाखा र इकाइहरूले निर्वाह गर्दछन् । सचिवालय अन्तर्गत रहेका २० वटा महाशाखाहरूमध्ये सेवा व्यापार महाशाखा पनि एक हो । यस महाशाखाले सदस्य राष्ट्रहरूलाई ग्याट्स र यसले दिशानिर्देश गरेका विभिन्न व्यवस्थाहरू कार्यान्वयन गर्न प्राविधिक सल्लाह एवं सहयोग प्रदान गर्दछ, साथै, सेवा व्यापार परिषद्का नियमित र विशेष सत्रहरू तथा अन्य सहायक निकायहरूमा हुने विभिन्न विषयका वार्ताहरूमा समेत आवश्यक सहयोग प्रदान गर्ने गर्दछ । सेवा व्यापारसँग सम्बन्धित चालू वार्ता तथा सम्झौताहरू, विभिन्न सदस्य राष्ट्रका प्रस्तावहरू एवं विवादसँग सम्बन्धित सूचना र जानकारीहरू महानिर्देशक, उच्च व्यवस्थापक तथा विवाद समाधान प्यानेलसमक्ष प्रवाह गर्ने कार्य पनि यस महाशाखाले गर्दछ । यस बाहेक सेवा व्यापारसम्बन्धी अनुसन्धानमा सदस्य राष्ट्रलाई सहयोग गर्ने, अन्य अन्तर्राष्ट्रिय निकायहरूसँग सहयोग र समन्वय कायम राख्ने, सार्वजनिक पहुँच कार्यक्रममा सहभागी भई विभिन्न सञ्चार माध्यममार्फत सार्वजनिक सूचना प्रवाह गर्ने, सेवा व्यापारसँग सम्बन्धित अन्य निकायहरू, जस्तैः क्षेत्रीय व्यापार सम्झौता समिति, व्यापार नीति पुनरावलोकन समिति र सम्मिलन कार्यदलहरूलाई सहयोग पुऱ्याउने कार्यहरू पनि सचिवालय अन्तर्गतको सेवा व्यापार महाशाखाले गर्ने गर्दछ ।

## २.५ विवाद समाधान विधि (Dispute Settlement Procedure)

उरुग्वे राउण्डको वार्ताको एक महत्त्वपूर्ण नतिजाको रुपमा आएको विवाद समाधान गर्ने नियम र कार्यविधि सम्बन्धी समझदारी (Understanding on Rules and Procedures Governing the Settlement of Dispute: DSU) ले बहुपक्षीय व्यापारसम्बन्धी नियम तथा सम्झौताहरूको कार्यान्वयनको दौरान उत्पन्न हुनसक्ने विवादहरूको समाधान गर्न प्रभावकारी व्यवस्था गरेको छ । यही समझदारीमा समाविष्ट सम्झौताहरू (Covered Agreements) जुन अनुसूचि १ मा उल्लेख गरिएका छन् र विश्व व्यापार संगठन सम्झौता (WTO Agreements) सँग सम्बन्धित विषयका विवादहरू यसको कार्यक्षेत्रभित्र पर्दछन् । सेवा व्यापारसँग सम्बन्धित विवादहरूको समाधान पनि यही विधि र नियमहरूमा आधारित भएर गरिने व्यवस्था छ । ग्याट्सको धारा २३ बमोजिम यदि कुनै सदस्यले आफ्नो दायित्व तथा विशेष प्रतिबद्धताहरू पूरा गर्न असमर्थ हुन्छ वा इन्कार गर्दछ वा उल्लङ्घन गर्दछ र

साझेदार सदस्य राष्ट्रलाई प्रदान गरिने भनिएको सुविधा प्रदान नगरी हानि नोक्सानी पुग्ने अवस्था सृजना भएको भन्ने साझेदार सदस्य राष्ट्रले ठान्दछ भने त्यस्तो अवस्थामा विवाद समाधानको जरुरत पर्दछ । सदस्य राष्ट्रले गरेको विशेष प्रतिबद्धताबाट अपेक्षा गरिएको अवसर वा फाइदाबाट अर्को सदस्य राष्ट्र वञ्चित हुनु परेमा ग्याट्सकै धारा २१(२) बमोजिम आपसी सहमतीमा त्यस्तो व्यवस्थामा पुनरावलोकन र समायोजन गर्न सकिने तर सहमतिमा पुग्न नसकेमा विवाद व्यवस्थापन समझदारी बमोजिम क्षतिपूर्ति र निलम्बनको प्रक्रियामा जान सकिने व्यवस्था रहेको छ ।

विश्व व्यापार संगठनमा सदस्य राष्ट्रहरूबीचको विवाद समाधान गर्न मुख्यतया प्यानल (Panel) र पुनरावेदन निकाय (Appellate Body) गरी दुई तहको संयन्त्रको व्यवस्था छ। प्यानलमा ३ जना र पुनरावेदन निकायमा ७ जना सदस्यहरू हुन्छन् भने आवश्यकतानुसार विशेषज्ञहरूलाई पनि आमन्त्रण गर्न सकिने व्यवस्था छ । विवाद समाधानको प्रक्रिया सामान्यतः तीन चरणमा सम्पन्न हुन्छ ।

पहिलो चरणमा विवादित विषयमा सदस्य देशहरूबीच आपसी छलफल, सहमति वा महानिर्देशकको प्रयासबाट समाधान खोज्ने प्रयास हुन्छ । यो सम्भव नभएमा दोस्रो चरणमा मुद्दा दायर भएको ६० दिनभित्र विवादमा तानिएका दुई सदस्यबीच आपसी सहमतिको लागि प्रयास हुन्छ । यसबाट समाधान हुन नसकेमा पीडित सदस्यको मागबमोजिम ४५ दिनभित्र विवाद समाधानका लागि इजलास (प्यानल) गठन हुन्छ । आरोपित पक्षले शुरुमा एक पटकका लागि प्यानल गठन गर्न रोक्का गर्नसक्छ तर दोस्रो पटकका लागि रोक्न सक्दैन । त्यसपछि प्यानलले ६ महिनाभित्र विवादित विषयको सत्यतथ्य निरूपण गरी आफ्नो प्रतिवेदन बुझाउँछ । प्रतिवेदन बुझाएको तीन हप्ताभित्र सम्बन्धित पक्षबाट पुनरावेदन नभएको खण्डमा प्रतिवेदनमा ठहर गरिएको कुरालाई विशेषज्ञ समितिले लागू गर्छ । तेस्रो चरणमा प्यानलको प्रतिवेदनउपर तोकिएको म्यादभित्र पुनरावेदन परेकोमा त्यसरी पुनरावेदन परेको ६० देखि ९० दिनभित्र पुनरावेदन निकायले निर्णय गर्छ । त्यसैको आधारमा विवाद समाधान समितिले निर्णय दिन्छ । यसरी दिएको निर्णय अन्तिम हुन्छ र यस्तो निर्णय कार्यान्वयन गर्नु सम्बन्धित पक्षको दायित्व हुन्छ । पुनरावेदन निकायले निर्णय गरेको मितिले १५ महिनासम्म पनि निर्णय कार्यान्वयन नभएमा जित्ने पक्षले हार्ने पक्षको वस्तुको आयातमा थप भन्सार महसुल लगाएर वा प्रतिबन्ध वा परिमाणात्मक बन्देज लगाएर निर्णय कार्यान्वयनको लागि दबाब सिर्जना गर्नसक्छ । विवाद समाधान प्रणालीको कार्यविधि लगायतका विवाद निरूपणसम्बन्धी विषयमा माराकेश

सम्झौताको अनुसूची-२ मा विस्तृत व्यवस्था गरिएको छ। विश्व व्यापार संगठनको दश वर्षको इतिहासमा वस्तु व्यापारको क्षेत्रमा ५०० भन्दा बढी मुद्दाहरू निरूपणका लागि विवाद समाधान संयन्त्रमा आएको भए तापनि सेवा व्यापारको क्षेत्रमा करिब दुई दर्जन मात्र मुद्दाहरू परेको देखिन्छ।

विवाद समाधान प्रणालीलाई निकै चुस्त र प्रभावकारी तथा विश्वका अन्तर्राष्ट्रिय संघ संगठनहरूका बीचमा नमूनाको रुपमा लिइन्छ। तथापि खर्चिलो र लामो कार्यविधि भएकोले विकासोन्मुख तथा अल्पविकसित राष्ट्रहरूले यसको उपयोग नै गर्न नसक्ने अवस्था छ भनी आलोचना पनि नभएका होइनन् । त्यसो त विवाद समाधान प्रणालीको उपयोग गर्न विकासोन्मुख तथा अल्पविकसित राष्ट्रहरूलाई प्राविधिक सहायता प्रदान गरिने व्यवस्था भएतापनि यो अझै विकासशील राष्ट्रहरूको पहुँच बाहिर रहेको छ।

### Dispute Settlement Steps within the WTO

Step 1: A Member requests consultations with another Member which it considers to have breached its obligations or otherwise impaired benefits under the GATS.

Step 2: Consultations between the two Members are held to reach a mutually satisfactory solution.

Step 3: If the consultations fail to resolve the issue, the complaining Member may request the establishment of a panel of three independent experts. These are generally chosen from an existing roster of qualified panellists.

Step 4: The panel examines the complaint in the light of the relevant legal obligations, and has six months to issue a report with binding recommendations for adoption by the dispute-settlement body (DSB).

Step 5: Any party to the dispute may appeal the panel ruling before the WTO Appellate Body.

Step 6: The Appellate Body examines the appeal, and has up to 90 days to deliver its report.

Step 7: The panel ruling is adopted by the DSB (including any modifications decided by the Appellate Body), unless there is consensus not to adopt.

Step 8: The Member concerned has time for implementation.

Step 9: In the absence of full implementation within the specified period, a party to the dispute may request permission from the DSB to suspend equivalent commitments with respect to this Member.

### Timeframe of the Dispute Settlement Stages:

| | |
|---|---|
| 60 days | Consultations, mediation, etc |
| 45 days | Panel set up and panelists appointed |
| 6 months | Final panel report to parties |
| 3 weeks | Final panel report to WTO Members |

| | |
|---|---|
| 60 days | Dispute Settlement Body adopts report |
| Total = 12 months | (without appeal) |
| 90 days | Appellate Body report |
| 30 days | Dispute Settlement Body adopts Appellate Body report |
| Total = 15 months | (with appeal) |

# परिच्छेद ३

## ३.१ ग्याट्सका सिद्धान्तहरू (Principles of GATS)

विश्व व्यापार संगठनले समावेश गरेका बहुपक्षीय व्यापारसम्बन्धी सम्झौताहरू मूलतः तीन क्षेत्र क्रमशः वस्तु व्यापार, सेवा व्यापार र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिसँग सम्बन्धित छन् । यी सम्झौताहरूको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा सम्बन्धित सम्झौताहरूमा केही ठोस व्यवस्थाहरू गरिएका छन् जसलाई विश्व व्यापार संगठनको सिद्धान्तको रुपमा पनि लिइन्छ । यथार्थमा, विश्व व्यापार संगठनको समग्र सिद्धान्तहरू नै सेवा व्यापारसम्बन्धी सामान्य सम्झौताका पनि सिद्धान्तहरू हुन् । यसर्थ ग्याट्समा पनि सिद्धान्तकै रुपमा लिन सकिने यस्ता केही प्रावधानहरू रहेका छन् जसले बहुपक्षीय सेवा व्यापार सञ्चालनलाई समग्र मार्गदर्शन गर्दछ । ग्याट्सका महत्त्वपूर्ण प्रावधानहरूका रुपमा समेत रहेका यी सिद्धान्तहरूलाई तल छोटकरीमा प्रस्तुत गरिएको छ :-

### (१) प्रगतिशील उदारीकरण (Progressive Liberalization)

विश्व व्यापार संगठनको समग्र मान्यता नै समस्त बहुपक्षीय व्यापार प्रणालीलाई क्रमशः थप उदार बनाउँदै लैजानु हो । त्यसैले सेवा व्यापार क्षेत्रको प्रगतीशिल उदारीकरण ग्याट्सको महत्त्वपूर्ण सिद्धान्त हो । सम्झौताको भाग ४ अन्तर्गतका धारा १९, २० र २१ मा यससम्बन्धी व्यवस्थाहरू उल्लिखित छन् । संगठनका सदस्यहरूले वार्तामार्फत विशेष सेवा क्षेत्रहरू थप उदार बनाउँने सन्दर्भमा विशेष क्षेत्रगत प्रतिबद्धताहरू जनाउनुपर्ने व्यवस्था यी धाराहरूमा गरिएको छ । यस्तो प्रतिबद्धताहरूको सूचि सकारात्मक सूचिको रुपमा प्रस्तुत गरिन्छ । तोकिएका विशेष अवस्थामा बाहेक प्रतिबद्धता जनाइएका ती सेवा क्षेत्रहरूका उदारीकरणलाई बन्द वा फिर्ता गर्न नपाइने व्यवस्था पनि सम्झौतामा गरिएको छ ।

### (२) भेदभावरहित व्यवहार (Non-discrimination Treatment)

वस्तु व्यापार सम्बन्धी सामान्य सम्झौता र व्यापारसम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी सम्झौतामा जस्तो सेवा व्यापारको सन्दर्भमा पनि WTO का सदस्यहरूबीच कुनै भेदभावपूर्ण व्यवहार गर्न नपाइने प्रत्याभूति सेवा व्यापारसम्बन्धी सामान्य सम्झौतामा गरिएको छ । यस्तो व्यवस्था सेवा र सेवा प्रदायक दुवैको सन्दर्भमा

लागु हुने व्यवस्था छ । त्यस्तै WTO का अन्य सदस्यका सेवा र सेवा प्रदायक र आफ्नो भौगोलिक सीमाभित्रका सेवा र सेवा प्रदायकबीच पनि भेदभाव गर्न नपाइने व्यवस्था सम्झौतामा उल्लिखित छ । भेदभावरहित व्यवहारसँग सम्बन्धित दुईवटा व्यवस्थाहरूको छोटकरी परिचय तल दिइएको छ :-

### क. अति सौविध्यपूर्ण राष्ट्रको व्यवहार
### (Most-Favoured-Nation: MFN Treatment)

सेवा व्यापार सञ्चालनको सन्दर्भमा सदस्यहरूबीचका सेवा र सेवा आपूर्तिकर्ताहरूबीच कुनै भेदभाव गर्न नपाइने व्यवस्था सम्झौताको धारा २ मा उल्लिखित छ । यस अन्तर्गत प्रत्येक सदस्य राष्ट्रले सेवा व्यापारको परिवेशमा एउटा सदस्यको सेवा र सेवा प्रदायकलाई जे जस्तो सहुलियत, छुट र सुविधा प्रदान गर्छ, सोही प्रकारको सेवाको सन्दर्भमा अन्य सदस्य राष्ट्रहरूलाई पनि त्योभन्दा कुनै कमी नहुने गरी छुट, सुविधा र सहुलियतहरू प्रदान गर्नुपर्दछ । 'एउटालाई दिएको सुविधा सबैलाई देऊ' (Favor one Favor All) MFN सिद्धान्तको मर्म हो । जस्तोः WTO को एक सदस्यले नेपालमा आई व्यापारिक कारोबार गर्ने बैंकलाई दिइने सुविधा र सहुलियतहरू अन्य सदस्यको हकमा पनि दिनुपर्दछ । सामान्यतः MFN को सिद्धान्त सबै सेवा क्षेत्रमा लागू हुन्छ तर अस्थाई छूटलाई अवलम्वन गर्ने सम्बन्धमा भने यसले बाधा पुऱ्याउँदैन । ग्याट्सको अनुसूचि (Annex on Article II Exemptions) ले यस्तो छुटको क्षेत्र, पुनरावलोकन, फिर्ता तथा छुटको सूचि सम्बन्धमा पनि व्यवस्था गरेको छ । छुटको अधिकतम अवधि १० वर्षसम्म रहनसक्ने व्यवस्था पनि यस अनुसूचिमा उल्लिखित छ । तर अल्पविकसीत तथा विकासशील राष्ट्रहरूलाई केही थप छुट वा सुविधा प्रदान गर्न सकिन्छ ।

### ख. राष्ट्रिय व्यवहार (National Treatment)

सेवा व्यापार सम्झौताका सदस्यले आफूले प्रतिबद्धता जनाएको सेवा क्षेत्रमा आफ्नो भौगोलिक क्षेत्रमा प्रवेश गरेपछि कुनै पनि विदेशी सेवा वा सेवा प्रदायकको सन्दर्भमा अवलम्बन गर्ने उपायहरू स्वदेशी सेवा र सेवा प्रदायकलाई सरह नै गर्नुपर्ने मान्यतालाई ग्याट्सको धारा १७ मार्फत स्थापित गरिएको छ । यस्तो व्यवस्था समान प्रकारको उत्पादनको हकमा लागू हुन्छ । अर्थात् राष्ट्रिय व्यवहारको सिद्धान्तले सेवा व्यापारको सन्दर्भमा 'स्वदेशी र विदेशीबीच फरक नगर' (Don't Discriminate between Nationals and Foreigners) भन्ने मान्यतालाई अवलम्बन गरेको छ ।

यस अनुसार स्वदेशी सेवा र सेवा प्रदायकलाई दिएभन्दा कम सुविधा र सहुलियत दिने व्यवस्था विदेशी सेवा र सेवा प्रदायकको सन्दर्भमा पनि गर्न पाइँदैन । जस्तोः नेपालमा स्थापित हुने कुनै विदेशी बीमा संस्थानलाई नेपालीहरूद्वारा स्थापना हुने बीमा संस्थालाई सरह सेवा र सुविधाहरू उपलब्ध गराउनुपर्दछ ।

**(३) पारदर्शिता र पुर्वअनुमानयोग्यता (Transparency and Predictability)**

विश्व व्यापार संगठनको एउटा आधारभूत सिद्धान्त पारदर्शिता र पुर्वअनुमानयोग्यता पनि हो । सेवा व्यापारसम्बन्धी सामान्य सम्झौताको धारा ३ अन्तर्गतका पाँचवटा बुँदाहरूमा पारदर्शितासम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रत्येक सदस्य राष्ट्रले विशेष परिस्थिति परेमा बाहेक तुरुन्त सेवा व्यापार सम्झौतासँग सम्बन्धित सबै दस्तावेजहरू प्रकाशन (Publication) गर्नुपर्दछ र सर्वसाधारणका लागि पहुँचयोग्य पनि बनाउँनुपर्दछ । त्यस्तै प्रत्येक सदस्यले प्रतिबद्धता जनाएको सेवा क्षेत्रसँग सम्बन्धित कानूनी तथा नीतिगत विषयमा केही परिवर्तन वा नयाँ निर्माण गरेमा त्यसको सूचना (Notification) WTO को सेवा व्यापार परिषद् वा सम्बन्धित समितिमा दिनु पर्दछ । साथै, सदस्य राष्ट्रले एक वा सो भन्दा बढी सूचना बिन्दुहरू (Enquiry Points) स्थापना गरी सेवा व्यापार सम्बन्धी सूचनाहरू आवश्यक पर्ने सबैलाई उपलब्ध गराउँनुपर्दछ । पारदर्शिताको सिद्धान्त अवलम्बन गर्दा सेवा व्यापार संचालनको कार्यहरू अनुमानयोग्य बनाउन सकिन्छ भन्ने मान्यता रहेको छ ।

**(४) विकासशील राष्ट्रहरूको बढ्दो सहभागिता**
**(Increasing Participation of Developing Countries)**

यस सिद्धान्तलाई विकासशील देशहरूको सन्दर्भमा गरिने विशेष र फरक व्यवहार (Special and Differential Treatment) को रुपमा पनि लिइने गरिन्छ । विश्व व्यापार संगठनका १५९ देशहरूमध्ये झण्डै तीन चौथाइ सदस्यहरू विकासशील र अल्पविकसित समूहबाट छन् । विकासशील देशहरूको सहभागिता विश्व व्यापारमा बढाउनको लागि विविध व्यवस्थाहरू माराकेश सम्झौताका साथै सेवा व्यापारसम्बन्धी सामान्य सम्झौताका पनि विभिन्न धाराहरूमा गरिएका छन् । सम्झौताको धारा ४ मा विकासशिल राष्ट्रहरूको बहुपक्षीय व्यापार प्रणालीमा सहभागिता बढाउँने सन्दर्भमा ठोस व्यवस्थाहरू गरिएका छन् । वार्ताद्वारा निर्धारित विशेष प्रतिबद्धताहरूको सूची तय गर्ने सन्दर्भमा सहजीकरण गरेर विकासशील सदस्यहरूको सहभागिता विश्व व्यापारमा बढाउने व्यवस्था छ । यस क्रममा व्यापारिक

प्रविधिमा पहुँच मार्फत प्रतिस्पर्धात्मक घरेलु क्षमता र दक्षता विकास, वितरणका तह र सूचनामा पहुँच जस्ता विषयमा विकासशिल सदस्यहरूको सहभागिताको लागि सहजीकरण गर्ने कुरा ग्याटस्को धारा ५ (१) मा छ । त्यस्तै विकसित सदस्य देशहरू र सम्भव भएसम्म अन्य सदस्यहरूले पनि विकासशील सदस्य देशहरूलाई माथि उल्लिखित सहजीकरणको लागि WTO का सम्झौताहरू कार्यान्वयन भएको मितिको दुई वर्षभित्र सम्पर्क बिन्दुहरू स्थापना गर्नुपर्ने उल्लेख छ। यस्तो सहजीकरण गर्दा कम-विकसित सदस्य देशहरूलाई विशेष प्राथमिकता दिनुपर्ने कुरा धारा ४ को उपधारा ३ मा व्यवस्था गरिएको छ । त्यस्तै WTO को सचिवालयमार्फत सेवा व्यापार परिषद्ले निर्णय गरे अनुरुप विकासशील सदस्य देशहरूलाई बहुपक्षीय व्यापारको सन्दर्भमा प्राविधिक सहायता उपलब्ध गराउनेसम्बन्धी व्यवस्था पनि धारा २५ को उपधारा २ मार्फत गरिएको छ ।

माराकेश सम्झौता र ग्याट्समा विकासशील सदस्य देशहरूको सन्दर्भमा गरिएका विशेष व्यवस्थाहरूमा यस्ता सदस्यहरूलाई प्रतिबद्धतामा छुट, प्रतिबद्धता कार्यान्वयनमा बढी संक्रमणकालको उपलब्धता, प्राविधिक सहयोग सम्बन्धी प्रावधान, सेवा आपूर्ति गर्ने सन्दर्भमा गरिएका छुट र सहुलियतहरू प्रमुख छन् ।

## ३.२ ग्याट्स अन्तर्गतका दायित्व/प्रतिबद्धताहरू (Obligations/Commitments under GATS)

ग्याट्सले यसका सदस्यहरूले पालना गर्नुपर्ने दायित्व र प्रतिबद्धताहरूको सम्बन्धमा विस्तृत रुपमा उल्लेख गरेको छ । विश्व व्यापार संगठन अन्तर्गतको यस सम्झौता अनुसार संगठनका संविदाकारी पक्षहरू (Contracting Parties) ले पालना गर्नुपर्ने दायित्व र उनीहरूबाट व्यक्त हुनुपर्ने प्रतिबद्धताहरूलाई स्पष्ट रुपमा उल्लेख गरेको छ जसलाई छोटकरीमा तल प्रस्तुत गरिएको छ :-

### (१) सामान्य दायित्वहरू (General Obligations)

यस अन्तर्गत दुईवटा पक्षहरूलाई समावेश गरिएको छ । पहिलोमा अति सौविध्यप्राप्त राष्ट्रको व्यवहार (MFN Treatment) पर्दछ भने दोस्रोमा पारदर्शिता (Transparency) पर्दछ । MFN सम्बन्धी व्यवहारले WTO को एउटा सदस्यलाई दिएको सुविधा सबै सदस्यलाई दिनुपर्छ भन्ने मान्यता राख्दछ । पारदर्शिता अन्तर्गत सदस्यहरूले सबै कानून तथा नियमावलीहरूको सार्वजनिक रुपमा प्रकाशन

गर्नुपर्ने, सेवा व्यापारसम्बद्ध निर्णयहरूको जानकारी सम्बद्ध सबै पक्षलाई दिनुपर्ने; सरकारी संरचनाभित्र सेवा विन्दुहरू (Enquiry Points) स्थापना गर्नुपर्ने लगायतका प्रावधानहरू पर्दछन् ।

**(२) विशेष दायित्वहरू (Specific Obligations)**

विशेष दायित्वहरूलाई विशेष प्रतिबद्धताहरूको रुपमा पनि लिइन्छ । यसमा सदस्य बन्ने क्रममा प्रतिबद्धता सूचि पेश गर्दा सूचिमा समावेश सबै सेवा क्षेत्रहरूमा लागू हुने प्रतिबद्धताहरू समावेश गरिन्छ । यस अन्तर्गत बजार पहुँच (Market Access) र राष्ट्रिय व्यवहार (National Treatment) गरी दुइवटा विषयसँग सम्बन्धित दायित्वहरू पर्दछन् । साथै, यसमा यी दुईबाहेक थप प्रतिबद्धताहरू (Additional Commitments) पनि समावेश गर्न सकिन्छ जुन बाध्यकारी भने होइन । यी दायित्व वा प्रतिबद्धताहरूको सूचि वार्तामार्फत तय गरिन्छ । विशेष प्रतिबद्धता अन्तर्गत निम्न दुई प्रकारका प्रतिबद्धताहरू पर्दछन् :-

(क) समानान्तर रुपमा लागू हुने प्रतिबद्धताहरू (Horizontal Commitments)- यस अन्तर्गत सूचिमा समावेश भएका सबै क्षेत्रहरूमा के कस्तो रुपमा बजार पहुँच दिने र राष्ट्रिय व्यवहार गर्ने भन्ने कुरा उल्लेख गरिन्छ । सबै क्षेत्रहरूमा समान प्रकारले लागू हुने प्रावधानहरू यस प्रतिबद्धतामा समावेश गरिएका हुन्छन् ।

(ख) क्षेत्र विशेष प्रतिबद्धताहरू (Sector-Specific Commitments)- यसमा सदस्यहरूले WTO को सकारात्मक सूचीको अवधारणा (Positive List Approach) अनुसार वार्तामार्फत विभिन्न क्षेत्रहरू र उप-क्षेत्रहरूमा बजार पहुँच र राष्ट्रिय व्यवहारको सम्बन्धमा के कस्तो सुविधा उपलब्ध गराउने र के कस्तो शर्तहरू लागु हुने भन्ने सम्बन्धमा उल्लेख गर्नुपर्दछ । साथै, ती क्षेत्रहरूमा अतिरिक्त प्रतिबद्धता पनि जनाउँन सकिने व्यवस्था छ ।

सेवा व्यापार सम्बन्धी सामान्य सम्झौताको भाग ४ अन्तर्गतको धारा २० ले विश्व व्यापार संगठनको सदस्यता लिन चाहने कुनै पनि देश वा स्वतन्त्र भन्सार क्षेत्रले सदस्यता प्राप्त गर्ने सन्दर्भमा सम्झौताको भाग ३ मा उल्लेख भएबमोजिम सेवा व्यापार क्षेत्रमा गरिएका विशेष प्रतिबद्धताहरू खुल्ने गरी सेवा व्यापारसम्बन्धी विशेष प्रतिबद्धता सूची (Schedule of Specific Commitment) संगठनमा अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ । यस सम्झौताले सदस्यहरूलाई आफूले चाहेको सेवा क्षेत्र, उपक्षेत्र खुला गर्ने र खुला गर्दा पनि विभिन्न शर्त र सीमाहरू

तोकेर खुला गर्नसकिने छुट दिएको छ । यस अर्थमा कुनै मुलुकको सेवा प्रदान गर्ने निकायलाई आफ्नो मुलुकभित्र कुन शर्तमा र के कति सीमाभित्र रहेर सेवा व्यापार सञ्चालन गर्न दिने हो सो कुरा विशेष प्रतिबद्धता सूचीमार्फत सदस्यले तय गर्न सक्छन् । यो सूची ग्याट्सको अनुसूचि (annex) को रुपमा रहने व्यवस्था छ, जुन ग्याट्सको अभिन्न अङ्ग (Integral Part) पनि हो । यसरी प्रतिबद्धताहरू उल्लेख गर्दा सूचिमा समावेश गरिएका सेवा क्षेत्रहरूमा बजार पहुँच, राष्ट्रिय व्यवहार र अतिरिक्त प्रतिबद्धता सम्बन्धी तीनवटा छुट्टाछुट्टै महल अन्तर्गत कुन सेवा क्षेत्र/उपक्षेत्र र सोसम्बद्ध सेवा आपूर्तिको तरिका (Mode) मा के कस्तो सीमा र शर्तहरू तोक्ने हो सो स्पष्ट उल्लेख गर्नुपर्दछ ।

त्यसैगरी प्रतिबद्धता सूचीमा प्रतिबद्धता जाहेर गरिएका विषयहरू कुन मितिबाट लागू हुने हो सो कुरा पनि सूचीमै किटानीसाथ उल्लेख गर्नुपर्दछ ।

प्रतिबद्धताको सूचिसँग सम्बन्धित सम्झौताका अन्य प्रमुख धाराहरूमा धारा १६, १७ र १८ छन् ।

धारा १६ मा बजार पहुँच सम्बन्धी प्रतिबद्धताहरूको सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको छ । बजार पहुँचको प्रतिबद्धता जाहेर गर्दा सदस्यहरूले निम्न लिखित ६ वटा विषयमा नियन्त्रण/सीमाहरू तोक्नसक्ने व्यवस्था यस धाराले गरेको छ :-

(१) सेवा आपूर्तिकर्ताहरूको संख्या सीमित गर्ने ।

(२) सेवा प्रदान गर्न सकिने निकायको कारोवार वा सम्पत्तिको कुल मूल्यमा सीमा कायम गर्ने ।

(३) उत्पादन गर्न सकिने सेवाको कुल परिमाण वा सेवा प्रवर्तकको कुल संख्यामा सीमा तोक्ने ।

(४) कुनै निश्चित सेवा क्षेत्रमा रोजगारी दिन सकिने प्राकृतिक व्यक्तिहरूको कुल संख्या वा प्राकृतिक व्यक्तिको रूपमा सेवा प्रदायकहरूको अधिकतम संख्या तोक्ने ।

(५) सेवा प्रदान गर्ने संस्थाको कानूनी संरचना (शाखा, संयुक्त लगानी आदि) निर्धारण गर्ने ।

(६) वैदेशिक पूँजीको सहभागितामा सीमा (कुन सेवा क्षेत्रमा के कति प्रतिशत वैदेशिक लगानी गर्न दिइने हो सो कुराको खुलासा) निर्धारण गर्ने ।

माथि उल्लिखित ६ वटा सीमाहरूमध्ये पहिलो ४ वटा सीमाहरू परिमाणात्मक प्रकृतिका हुन् । यिनले कोटा प्रकृतिका सीमाहरूबारे उल्लेख गरेका छन् र यी स्वदेशी तथा विदेशी सेवा प्रदायक सबैका हकमा लागू हुन्छन् । पछिल्ला २ वटा सीमाहरू तिनीहरूको प्रकृतिले नै विभेदकारी छन् किनकि ती दुवै विदेशी सेवा प्रदायकका हकमा मात्र लागू हुन्छन् । एकपल्ट सूचीमा प्रतिबद्धता जाहेर गरेका विषयलाई संशोधन वा थपघट गर्ने सम्बन्धमा धारा २१ ले व्यवस्था गरेकोले सो धाराका प्रावधानहरू पनि यस सन्दर्भमा आकर्षित हुने हुन्छ । यहाँ यिनै धाराहरूमा समेटिएका प्रावधानहरूको आधारमा सेवा व्यापारसम्बन्धी विशेष प्रतिबद्धताहरू सम्बन्धमा स्पष्ट पार्न खोजिएको छ ।

ग्याटस्को धारा १७ मा राष्ट्रिय व्यवहार सम्बन्धी व्यवस्थाहरू छन् । कुनै पनि विदेशी सेवा प्रदायकलाई आफ्नो मुलुकभित्र प्रवेश गरेपश्चात् राष्ट्रिय सेवा प्रदायक सरह समान व्यवहार गरिनुपर्ने कुरा यसमा उल्लेख छ । यस अर्थमा स्वदेशी सेवा प्रदान गर्ने निकायलाई दिएसरहको सुविधामा कुनै कमी हुन नदिने गरी विदेशी सेवा प्रदान गर्ने निकायलाई सुविधा दिनुपर्ने हुन्छ ।

यस्तै गरी धारा १८ मा अतिरिक्त प्रतिबद्धताहरू सम्बन्धी व्यवस्था छ । सदस्यहरूले बजार पहुँच र राष्ट्रिय व्यवहार अन्तर्गत खुलाउन नसकेका तर सेवा व्यापारलाई प्रभावित गर्नसक्ने उपायहरूलाई अतिरिक्त प्रतिबद्धता महल अन्तर्गत उल्लेख गर्नसक्ने व्यवस्था यस धाराले गरेको छ । बजार पहुँच र राष्ट्रिय व्यवहार महलको विपरीत यो चौथो अतिरिक्त प्रतिबद्धताको महलमा सेवा सञ्चालनका सीमाहरू होइन कि निश्चित मापदण्ड र अभ्यासहरूको पालनासम्बन्धी कुराहरू उल्लेख गरिन्छन् । यस अन्तर्गत खासगरी सेवा सञ्चालनका लागि आवश्यक योग्यता, प्राविधिक मापदण्ड, इजाजत पत्रसम्बन्धी आवश्यकता वा कार्यविधिगत कुराहरू, प्रतिस्पर्धासम्बन्धी अनुशासनहरू र घरेलु नियमन वा संस्थागत प्रबन्धहरू सम्बन्धी कुराहरू उल्लेख गरिन्छन् । यस किसिमका अतिरिक्त प्रतिबद्धताहरू खासगरी दूरसञ्चार सेवा क्षेत्रमा बढी मात्रामा उल्लेख गरिएको पाइन्छ ।

सेवा व्यापारसम्बन्धी सम्झौताले प्रत्येक सदस्य राष्ट्रले खुला गर्न चाहेको क्षेत्रमा बजार पहुँच र राष्ट्रिय व्यवहार अन्तर्गत के कस्तो शर्त र प्रतिबद्धताहरू राख्न चाहेको

हो सो कुरा आफ्नो प्रतिबद्धता सूचीमा खुलाउनु पर्दछ । यसरी धारा १६ मा व्यवस्था गरिएको बजार पहुँचसम्बन्धी प्रतिबद्धता र धारा १७ मा राष्ट्रिय व्यवहारसम्बन्धी प्रतिबद्धता महलमा व्यक्त गरिएका कुराले कुनै पनि विदेशी सेवा वा सेवा प्रदायकलाई सम्बन्धित महलमा उल्लेख गरिएको भन्दा कम नहुने गरी बजार पहुँच र राष्ट्रिय व्यवहारको सुविधा उपलब्ध हुने कुराको सुनिश्चितता गर्दछ । तर यसले कुनै पनि सदस्यलाई प्रतिबद्धता सूचीमा व्यक्त गरिएभन्दा बढी उदार र कम विभेदकारी हुने गरी कार्य गर्न रोकावट गर्दैन ।

## ३.३ प्रतिबद्धतासम्बद्ध केही मुख्य पक्षहरू (Some Key Aspcets Related to Commitments)

### (क) विशेष प्रतिबद्धता सूचीका सीमाहरू (Limitations on Schedule of Specific Commitments)

ग्याट्स अन्तर्गतको विशेष प्रतिबद्धता सूचि सकारात्मक सूचि अवधारणामा आधारित हुने कुरा माथि नै उल्लेख भइसकेको छ । यस अनुसार सूचिमा संलग्न सबै क्षेत्रहरूमा समान रुपमा लागु हुने प्रतिबद्धताहरू Horizontal Commitments अन्तर्गत र विशेष क्षेत्र/उपक्षेत्रगत रूपमा लागू हुने प्रतिबद्धताहरू Sector Specific Commitments को रुपमा रहन्छन् ।

सूचीमा उल्लेख गरिएका प्रतिबद्धताहरू प्रस्तुत गर्दा बजार पहुँच र राष्ट्रिय व्यवहारको सम्बन्धमा के कस्तो सीमाहरू राख्न सकिन्छ भन्ने विषय पनि जानकारीमा राख्नु उपयुक्त हुन्छ । सबै वा प्रत्येक क्षेत्रगत प्रतिबद्धताको सीमा निर्धारण गर्दा देहाय बमोजिम तीन प्रकारबाट गरिने व्यवस्था छ :-

(क) पूर्ण प्रतिबद्धता (Full Commitments):- यदि कुनै सेवा क्षेत्र र आपूर्तिको तरिकामा कुनै सीमा वा शर्त राखिएको छैन भने यसलाई पूर्ण प्रतिबद्धता जाहेर भएको मानिन्छ । यसको लागि 'None' शब्द उल्लेख गरिन्छ । यसको अर्थ त्यो क्षेत्रमा पूर्ण बजार पहुँच र राष्ट्रिय व्यवहारको सुविधा उपलब्ध छ भन्ने हो ।

(ख) शून्य प्रतिबद्धता (Zero Commitments):- यदि कुनै सदस्य कुनै क्षेत्र र सेवा आपूर्तिको तरिकामा बजार पहुँच र राष्ट्रिय व्यवहारको विषयमा कुनै

पनि सीमा/नियन्त्रण तोक्न स्वतन्त्र बस्न चाहन्छ भने त्यस अवस्थामा सूचीमा सम्बन्धित क्षेत्र र तरिकामा 'Unbound' शब्द उल्लेख गरिन्छ । यसको अर्थ त्यो सेवा क्षेत्र/उपक्षेत्र र तरिकाका लागि कुनै प्रतिबद्धता जाहेर गरिएको छैन भन्ने हो ।

(ग) सीमासहितका प्रतिबद्धताहरू (Conditional Commitments):- यस अन्तर्गत कुनै क्षेत्र र तरिकामा निश्चित सीमासहितको प्रतिबद्धता जनाइन्छ । यसको लागि कुनै निश्चित शब्दावलीको व्यवस्था नभएकोले के कति सीमासहितको प्रतिबद्धता जनाइएको हो त्यसलाई स्पष्ट हुने गरी सूचीमा उल्लेख गर्ने व्यवस्था छ ।

प्रतिबद्धता सूची कानूनी हैसियत राख्ने दस्ताबेज हुन् । तसर्थ सूचीमा व्यक्त गरिएका वा निर्दिष्ट गरिएका बजार पहुँचका शर्तहरू विवाद समाधान प्रणालीमार्फत कार्यान्वयनमा आउँछन् । सूचीमा उल्लेख गरिएका प्रतिबद्धताहरू सम्बन्धित सदस्यका निम्ति बाध्यात्मक हुन्छन् । यी प्रतिबद्धताहरू सेवा निर्यातकर्ता वा आयातकर्ता र सो सेवा क्षेत्र/उपक्षेत्रमा लगानी गर्नेहरूका लागि सम्बन्धित देशका तर्फबाट प्रत्याभूति गरिएका न्यूनतम शर्तहरू हुन् । यसर्थ प्रतिबद्धता सूची एक प्रकारको कानूनी दस्ताबेज नै भएकोले यसभित्र ग्याट्सका सम्बन्धित प्रावधानले निर्दिष्ट गरेको आवश्यक कुराहरू मात्र संक्षिप्त, स्पष्ट र दोहोरो अर्थ नलाग्ने गरी उल्लेख गनुपर्छ । सम्झौताका प्रावधानहरूले माग गरेभन्दा बढी सूचना वा विवरण प्रविष्टि गर्दा प्रतिबद्धताको दायरा र अन्तर्वस्तु सम्बन्धमा द्विविधा सिर्जना हुने र कानूनी अनिश्चितता पैदा हुनसक्छ । प्रतिबद्धता सूचीमा नखुलाइएका क्षेत्र/उपक्षेत्रमा बजार पहुँच र राष्ट्रिय व्यवहार सम्बन्धमा कुनै सुविधा बढाउन, घटाउन वा फिर्ता लिन सदस्य राष्ट्रका सरकारहरू स्वतन्त्र हुन्छन् । सूचीकृत नभएका क्षेत्र (unscheduled Sectors) का हकमा ग्याट्सका साधारण दायित्वहरू मात्र लागू हुन्छन् ।

प्रतिबद्धता व्यक्त गर्दा विकसित राष्ट्रहरूले धेरै सेवा क्षेत्रहरू ओगट्ने गरी प्रतिबद्धताहरू जाहेर गरेको पाइन्छ भने विकासशील राष्ट्रहरूले कम क्षेत्रहरूमा र कम नै प्रतिबद्धता व्यक्त गरेको पाइन्छ । खासगरी वित्तीय र सञ्चार सेवा क्षेत्र/उपक्षेत्रमा धेरै प्रतिबद्धताहरू व्यक्त गरिएका पाइन्छन् भने स्वास्थ्य र शिक्षा क्षेत्रमा कम र एक तिहाइ जति सदस्यले मात्र प्रतिबद्धता व्यक्त गरेको पाइन्छ । पर्यटन (होटल तथा रेष्टुँरा) सेवा सबैभन्दा बढी प्रतिबद्धता व्यक्त गरिएको सेवा क्षेत्रको रूपमा रहेको पाइन्छ । विश्व व्यापार संगठनका स्थापनाकालीन सदस्यहरू

(Original Members) ले भन्दा सम्मिलन (accession) को प्रक्रियाबाट सदस्यता लिने देशले वार्ताको प्रक्रियालाई अवलम्बन गर्नुपर्ने हुँदा बढी सेवा क्षेत्र खुला गरेको वा उनीहरूको प्रतिबद्धता सूचि पनि केही लामो नै प्रस्तुत गरिएको पाइन्छ ।

## (ख) प्रतिबद्धताहरू संशोधन गर्ने वा फिर्ताको व्यवस्था (Provisions for Amendments or Withdrawal of Commitments)

सेवा व्यापार सम्झौताको धारा २१ ले प्रतिबद्धता सूचीको संशोधन वा प्रतिबद्धता फिर्ता लिने सम्बन्धमा व्यवस्था गरेको छ । यो धारा बमोजिम कुनै पनि सदस्यले प्रतिबद्धता कार्यान्वयनमा आएको ३ वर्षपछि आफूले शुरुमा पेश गरेको प्रतिबद्धता सूचीलाई संशोधन गर्ने वा व्यक्त प्रतिबद्धतालाई फिर्ता लिने प्रक्रिया शुरु गर्नसक्छ । आकस्मिक सुरक्षा उपायहरूको अभावमा यो प्रतीक्षा अवधि कतिपय अवस्थामा एक वर्षभन्दा कम पनि हुनसक्छ । यसर्थ, सदस्यहरूले विगतमा गरेका प्रतिबद्धताहरूलाई नयाँ परिस्थितिअनुसार वा नयाँ नीतिगत अवधारणा अनुसार फेरबदल गर्न वा फिर्ता लिने कारवाही अगाडि बढाउन सक्छन् । प्रतिबद्धताहरू संशोधन गर्ने क्रममा वा फिर्ता लिने क्रममा परिस्थिति हेरी प्रभावित पक्षलाई सम्बन्धित सदस्यले क्षतिपूर्ति पनि दिनुपर्ने हुनसक्छ । यस्तोमा प्रभावित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउने कुरा दुवै पक्षलाई पारस्परिक लाभ हुने गरी सम्झौतामार्फत तय गरिन्छ । क्षतिपूर्ति दिँदा अति सौविध्यप्राप्त मुलुकको सुविधाको आधारमा दिनुपर्ने व्यवस्था छ । यदि सम्झौता सफल हुन सकेन भने धारा २१ ले मध्यस्थताको व्यवस्था पनि गरेको छ । मध्यस्थताबाट क्षतिपूर्ति दिनुपर्ने कुरालाई उचित ठहऱ्याए प्रतिबद्धतासम्बन्धी प्रस्तावित परिवर्तनहरू क्षतिपूर्ति समायोजनको व्यवस्था नभएसम्म कार्यान्वयनमा ल्याउन नहुने व्यवस्था छ । यदि मध्यस्थताबाट भएको निर्णयलाई प्रतिबद्धता सूची परिवर्तन गर्ने सदस्यले मान्दैन भने प्रभावित हुने सदस्यलाई मध्यस्थताबाट तय भएको निर्णय नमान्ने सदस्यको सन्दर्भमा आफूले गरेको प्रतिबद्धताबाट पछि हट्न वा त्यस्तो सदस्यका हकमा लागू हुने गरी प्रतिबद्धता फिर्ता लिनसक्ने अधिकार दिइएको छ । यसरी प्रतिबद्धताहरू परिवर्तन गर्न खोज्दा वा फिर्ता लिन खोज्दा सोसम्बन्धी प्रावधानहरू कार्यान्वयनमा ल्याउने मितिभन्दा कम्तीमा ३ महिनापूर्व नै सेवा व्यापार परिषद्लाई जानकारी दिनुपर्ने व्यवस्था छ ।

# खण्ड ख

# सेवा व्यापार र नेपाल (Trade in Services and Nepal)

# परिच्छेद ४

## ४.१ नेपालमा सेवा व्यापारको पृष्ठभूमि (Background of Service Trade in Nepal)

मुलुकको वैदेशिक सेवा व्यापारको पृष्ठभूमि र विकासबारे जानकारीको लागि मुलुकको समग्र वैदेशिक व्यापारको पृष्ठभूमिको पनि सामान्य जानकारी आवश्यक छ । नेपालको भारत तथा चीन-तीव्बतसँगको व्यापारिक इतिहास धेरै पुरानो रहेको भएता पनि तेस्रो मुलुकसँग हुने आधुनिक वैदेशिक व्यापारको द्रुततर विस्तार भने सन् १९८० को मध्यदेखि शुरु भएको आर्थिक उदारीकरणका कार्यक्रमहरूको कार्यान्वयन पश्चात् मात्र भएको देखिन्छ। मुलुकको आर्थिक विकासको गति तीव्र पार्ने लक्ष्यकासाथ आत्मसात गरिएको आर्थिक उदारीकरणको अवधारणामार्फत बन्द र नियोजित अवस्थामा रहेको तात्कालीन नेपालको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग आबद्ध गर्ने उद्देश्य राखिएको थियो । विश्व व्यापारमा तात्कालिन रुपमा बहुपक्षीय व्यापार प्रणालीलाई प्रवर्द्धन र नियमन गर्ने एक मात्र संयन्त्रको रुपमा ग्याट् रहेको थियो । वस्तुको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन गर्ने संयन्त्र ग्याट्को सदस्यता लिँदा नेपाललाई अन्य आर्थिक फाइदाहरूको अतिरिक्त ग्याटको धारा ५ को व्यवस्था अनुसारको पारवहन सुविधा उपयोगको सुनिश्चितताका लागि बलियो अन्तर्राष्ट्रिय कानूनी अधिकार प्राप्त हुनसक्ने तत्कालीन आवश्यकतालाई मनन गर्दै वि.सं. २०४५ सालमा ग्याट्को सदस्यता लिने विषयलाई नेपालले विशेष तत्परतासाथ अघि बढाउने निर्णय लिएको थियो । सोही अनुरुप सन् १९८९ को मे १६ मा ग्याट्-१९४७ को सदस्य बन्न नेपालले दिएको आवेदन उपर कारवाही भई सदस्यता दिने प्रयोजनका लागि एक कार्यदल (Working Party) समेत गठन भएको थियो । तर निकट भविष्यमै ग्याट परिमार्जन भई विश्व व्यापार संगठनमा परिणत हुने स्थितिमा रहेकोले ग्याटभन्दा विश्व व्यापार संगठनकै सदस्य बन्नु मनासिव हुने समझदारी बने अनुसार ग्याट्को सदस्यताको लागि नेपालले थप पहल गरेन । सो अनुरुप विश्व व्यापार संगठनको स्थापना भैसकेपछि सन् १९९७ मा नेपालले विश्व व्यापार संगठनको सदस्यताका लागि आवेदन गऱ्यो । नेपालले दिएको आवेदन माथि

लामो कारवाही भई मेक्सिकोको क्यानकुन (Cancun) मा सम्पन्न संगठनको पाँचौ मन्त्रिस्तरीय सम्मेलनले ११ सेप्टेम्बर, २००३ का दिन नेपाललाई सदस्यता प्रदान गर्ने निर्णय गऱ्यो । सदस्यताको प्रोटोकल अनुमोदन गरेपश्चात् नेपाल विधिवत रुपमा २३ अप्रिल, २००४ (२०६१ वैशाख ११) का दिनदेखि संगठनको १४७ औं सदस्य बन्यो । यसरी बहुपक्षीय व्यापार प्रणालीलाई नियमन गर्ने अन्तर्राष्ट्रिय संगठनको सदस्य भइसकेपछि नेपालको वस्तु तथा सेवा व्यापार पनि अन्तर्राष्ट्रिय व्यापारमा स्वतः आबद्ध हुन पुगेको छ ।

नेपालको सेवा व्यापार हेर्ने हो भने धार्मिक तथा सांस्कृतिक सेवा व्यापारको इतिहास निकै पुरानो छ । अन्तर्राष्ट्रिय स्तरमा धार्मिक पर्यटन, सैनिक/प्रहरी सेवा, कलात्मक विशेषज्ञताको शिक्षण जस्ता विविध सेवाहरूको व्यापार अनौपचारिक रुपमा हुने गरेको पाइन्छ । चीनमा अरनिकोले प्रचार गरेको नेपाली प्यागोडा शैली एवं उक्त शैलीको प्रशिक्षण, भृकुटीले तिब्बतमा गरेको नेपालको बौद्ध धर्मको प्रचार, तत्कालीन बेलायती शासन अन्तर्गत भारतीय सैनिक सेवामा नेपाली जवानहरूले प्रदान गर्ने सेवा लगायत पहिलो तथा दोस्रो विश्व युद्धमा नेपाली जवानहरूले विदेशी सेनामा भर्ना भई प्रदान गरिएको सेवा, चीन तथा भारत लगायतका छिमेकी मुलुकहरूबाट धार्मिक पर्यटनका लागि नेपाल आउने तथा नेपालबाट अन्य मुलुकमा जाने जस्ता सेवा व्यापारका स्वरुपहरू नेपाली सेवा व्यापारको इतिहासमा भेटिन्छन् । यसरी द्विपक्षीय रुपमा विकसित भएको नेपालको सेवा व्यापार आधुनिक अवधारणा अनुसार भने धेरै पछि मात्र विकसित भएको देखिन्छ । नेपालको बहुपक्षीय सेवा व्यापारको औपचारिक शुरुवात विश्व व्यापार संगठनको सदस्यता पश्चात नै भएको हो । डिसेम्बर, १९८५ मा सार्क (South Asian Association for Regional Cooperation: SAARC) को संस्थापक सदस्यको रुपमा नेपालले क्षेत्रीय व्यापारको अवधारणामार्फत आर्थिक उदारीकरणको मार्गमा प्रवेश गरेको भएता पनि सार्कमा सेवा व्यापारको प्रावधान नसमेटिसकिएको अवस्था भएका कारण आधुनिक अवधारणा अनुसार सेवा व्यापार क्षेत्र विकसित गर्नका लागि सार्कको सदस्यता उपयोगी हुन सकेको थिएन । यसै पृष्ठभूमिमा WTO को सदस्यतासँगै नेपालले सेवा व्यापारको विकासका लागि अन्तराष्ट्रिय बजार पाएको छ भने नेपालको सेवा क्षेत्र अन्तर्राष्ट्रिय जगतका लागि पनि खुला भएको छ । सार्क जस्ता क्षेत्रीय व्यापार संगठनहरूमा सेवा व्यापार सम्झौता भैसकेको सन्दर्भमा नेपालको सेवा व्यापार द्विपक्षीय स्तरमा मात्र सीमित नरही क्षेत्रीय र बहुपक्षीय स्तरमा समेत विकसित र विस्तारित बन्न पुगेको छ ।

## ४.२ ग्याट्समा गरिएका प्रतिबद्धताहरू (Commitments Made in GATS)

सेवा व्यापार सम्वन्धी सामान्य सम्झौता (GATS) को परिभाषा खण्डमा तोकिएको सेवा व्यापारको क्षेत्रको परिधिभित्र रहेर संयुक्त राष्ट्रसंघले प्रयोग गर्ने गरेको CPC प्रणालीमा आधारित भएर तयार गरिएको Service Sector Classification Lists को क्षेत्रभित्र रही विश्व व्यापार संगठनका सदस्यहरूले सेवा व्यापार क्षेत्रमा विभिन्न प्रतिबद्धताहरू जाहेर गर्दछन् । उक्त वर्गीकरण अनुसार सेवा व्यापारलाई देहायका १२ वटा मुख्य शीर्षकभित्र रही प्रतिबद्धता व्यक्त गर्नुपर्ने व्यवस्था छ ।

| **सेवा व्यापार सम्झौताले समेटेका १२ मुख्य सेवा क्षेत्रहरू** | |
|---|---|
| १. पेशागत/व्यावसायिक सेवा | ७. वित्तीय सेवा (बीमा र बैङ्किङ्ग) |
| २. सञ्चार सेवा | ८. स्वास्थ्यसम्बन्धी र सामाजिक सेवा |
| ३. निर्माण तथा निर्माणसम्बन्धी इन्जिनियरिङ्ग सेवा | ९. पर्यटन र भ्रमण सम्बन्धी सेवा |
| ४. वितरण सेवा | १०.मनोरञ्जनात्मक, सांस्कृतिक र खेलकूद सेवा |
| ५. शैक्षिक सेवा | ११. परिवहन/यातायात सेवा, र |
| ६. वातावरण सम्बन्धी सेवा | १२. अन्य सेवाहरू । |

माथि उल्लेख भएका १२ वटा सेवा क्षेत्र अन्तर्गत करिब १६० भन्दा बढी उपक्षेत्रहरू समेटिएका छन् । सेवा व्यापारसम्बन्धी सामान्य सम्झौताको धारा २० को प्रावधान अनुसार कुनै पनि सदस्यले यी सेवा क्षेत्रहरू वैदेशिक व्यापारको लागि खुला गर्दा निश्चित शर्त एवं सीमासहितको निश्चित ढाँचामा प्रतिबद्धता गर्नुपर्ने व्यवस्था छ, जसअनुसार समान रुपमा लागू हुने र विशेष क्षेत्रगत प्रतिबद्धताहरूका बजार पहुँच, राष्ट्रिय व्यवहार र अतिरिक्त प्रतिबद्धता सम्बन्धी गरी तीनवटा छुट्टाछुट्टै महल अन्तर्गत कुन सेवा क्षेत्र/उपक्षेत्र र सोसम्बद्ध सेवा आपूर्तिको तरिका (Mode) मा के कस्तो सीमा र शर्तहरू तोक्ने हो सो स्पष्ट गर्नुपर्दछ । सो प्रावधान अनुसार नेपालले पनि विभिन्न ११ सेवा क्षेत्रका ६७ वटा उपक्षेत्रहरूमध्ये कतिपयमा विनाशर्त र कतिपयमा शर्त एवं सीमा सहित प्रतिबद्धता व्यक्त गरेको छ । प्रतिबद्धता व्यक्त गर्दा विदेशी व्यापार साझेदारहरूको चासो एवं सरोकार तथा राष्ट्रिय उद्योगहरूको संरक्षण र प्रवर्द्धनलाई मध्यनजर गर्दै सेवाको प्रकृति हेरी ५१% देखि ८०% सम्मको अनुपातमा विदेशी लगानीको लागि खुला गर्ने प्रतिबद्धता जनाइएको छ ।

नेपालले अन्य सदस्यहरूले जस्तै समान रुपमा लागू हुने प्रतिबद्धताहरू(Horizontal Commitments) र क्षेत्र विशेष प्रतिबद्धताहरू (Sector Specific Commitments) गरी दुई रूपमा आफ्ना प्रतिबद्धताहरू व्यक्त गरेको छ । समान रुपमा लागू हुने प्रतिबद्धताहरू खुला गरिएका सबै सेवा क्षेत्र, उपक्षेत्रहरूमा समान रूपमा लागू हुन्छन् भने क्षेत्र लक्षित प्रतिबद्धताहरू सम्बन्धित सेवा क्षेत्र/उपक्षेत्रका हकमा मात्र लागू हुन्छन् ।

## (क) समान रुपमा लागू हुने प्रतिबद्धताहरू (Horizontal Commitments)

खुला गरेका सवै सेवा क्षेत्रहरूमा समान रुपमा लागू हुने प्रतिबद्धताको रुपमा नेपालका तर्फबाट देहाय बमोजिमका बजार पहुँचसम्बन्धी सीमा, राष्ट्रिय व्यवहारसम्बन्धी सीमा तथा अतिरिक्त प्रतिबद्धता व्यक्त गरिएका छन :-

### १. बजार पहुँचमा राखिएको सीमा (Limitations on Market Access)

- नेपाली बजार पहुँचका लागि मोड १ को सेवा आपूर्ति तरिकाका सम्बन्धमा प्रतिबद्धता व्यक्त गर्दा कुनै कुरा उल्लेख गरिएको छैन ।

- मोड २ को सेवा आपूर्ति तरिकाका सम्बन्धमा नेपालका नागरिकहरूले व्यक्तिगत रूपमा भारतबाहेक तेस्रो मुलुक यात्रा गर्दा एक पटकमा अमेरिकी डलर दुई हजारसम्म सटही सुविधा उपलब्ध गराइने बाहेक पूर्ण बजार पहुँचको सुविधा उपलब्ध गराईने प्रतिबद्धता व्यक्त गरिएको छ ।

- मोड ३ को सेवा आपूर्ति तरिकाका सम्बन्धमा नेपाल विश्व व्यापार संगठनको सदस्य हुँदा सञ्चालनमा रहेका विदेशी सेवा प्रदायकलाई तात्कालीन अवस्थामा कायम रहेको व्यवस्थाको तुलनामा बढी कडा व्यवस्था नगर्ने प्रतिबद्धता बाहेक अन्य हकमा पूर्ण बजार पहुँचको सुविधा समान रूपमा उपलब्ध गराइने कुराको प्रतिबद्धता व्यक्त गरिएको छ ।

- मोड ४ अन्तर्गत प्राकृतिक व्यक्तिको अस्थायी नेपाल प्रवेश तथा बसाई सम्बन्धमा देहायको शर्तहरू बाहेक अन्य प्रतिबद्धता व्यक्त गरिएको छैन ।

  ☞ विदेशी सेवा विक्रेता (Service Sales Person) लाई भविष्यमा आवश्यकता अनुसार नवीकरण हुन सक्ने गरी ९० दिनसम्मको नेपाल प्रवेश गर्ने अनुमति दिइने छ ।

- ☞ व्यापारिक उपस्थिति (Commercial Presence) सम्बन्धी स्थापना कार्यको सिलसिलामा नेपालमा आउने विदेशीलाई भविष्यमा आवश्यकताअनुसार नवीकरण हुन सक्ने गरी १ वर्षसम्म नेपालमा बस्न अनुमति दिइनेछ ।

- ☞ Intra-corporate Transferees सम्बन्धी प्रतिबद्धताका सम्बन्धमा नेपालभित्र सेवा प्रदान गर्ने गरी कुनै अर्को देशको सेवा प्रदायक कम्पनीको शाखा वा सहयोगी कम्पनी स्थापना भएमा त्यसमा प्रबन्धक, कार्यकारी निर्देशक र विज्ञजस्ता उच्च तहमा काम गर्ने विदेशीहरूलाई मात्र शुरुमा तीन वर्ष र त्यसपछि बढीमा ७ वर्षसम्म थप गरी कुल १० वर्षमा नबढाई नेपालमा कार्य गर्न अनुमति दिइने उल्लेख छ। तर यस प्रकारका सेवा प्रदायकहरूले नेपालमा सेवा गर्न निवेदन गर्नुभन्दा तत्काल अगाडि कम्तीमा एक वर्ष नेपाल बाहिर रहेका सम्बन्धित फर्ममा कार्य गरेको हुनुपर्दछ । यस प्रकारका सेवा प्रदायकहरूको संख्या कम्पनीको कुल जनशक्तिको १५ प्रतिशतभन्दा बढी हुन नहुने शर्त राखिएको छ । पाँच वर्षपछि यी व्यवस्थाहरूलाई मुलुकको क्षमताको आधारमा क्रमशः थप उदारीकरण गर्दै लैजान सकिने कुरा पनि सेवा व्यापारसम्बन्धी सामान्य प्रतिबद्धता सूचीमा उल्लेख गरिएको छ ।

## २. राष्ट्रिय व्यवहारमा राखिएको सीमा (Limitations on National Treatment)

- मोड १ को सेवा आपूर्ति तरिकाका सम्बन्धमा बाह्य मुलुकबाट प्रवाह हुने सेवाको भुक्तानीका लागि विदेशी नगरिकलाई विदेशी विनिमय उपलब्ध गराइने प्रतिबद्धता बाहेक राष्ट्रिय व्यवहार सम्बन्धी पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ ।

- मोड २ को सेवा आपूर्ति तरिकामा पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ ।

- मोड ३ को सेवा आपूर्ति तरिकामा देहायका शर्तहरूका अतिरिक्त पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ ।

  - ☞ विदेशी लगानीकर्ताले आफ्नो कमाइ (नाफा) पुनर्लगानीको लागि उद्योग विभागबाट अनुमति लिनुपर्ने ।

- ☞ वित्तीय सेवामा लगानी गर्ने लगानीकर्ताबाहेक अन्य सबै विदेशी लगानीकर्ताले नेपालमा व्यवसाय स्थापना गर्नुपूर्व उद्योग विभागबाट स्वीकृति लिनुपर्ने ।

- ☞ प्रोत्साहन र सहुलियत (Incentives and Subsidies) पूर्ण रूपमा नेपाली नागरिकहरूको स्वामित्व भएको व्यवसायलाई मात्र दिइने ।

- मोड ४ को सेवा आपूर्ति तरिकाका सम्बन्धमा बजार पहुँचसम्बन्धी प्रयोजनका लागि वर्गिकरण गरिएका प्राकृतिक व्यक्तिसम्बन्धी मापदण्डका शर्तहरू लागु हुने व्यवस्थाबाहेक अन्य प्रतिबद्धता व्यक्त गरिएको छैन ।

- घर/जग्गा सम्बन्धी कारोवार प्रत्येक नेपाली नागरिकको संवैधानिक अधिकारको विषय भएकोले मुलुकी ऐन (The Civil Code) को व्यवस्था अनुसार घर-जग्गा लगायतका सम्पत्ति कुनै पनि विदेशीलाई विक्री गर्ने, उपहार दिने, धितो/बन्धक राख्ने लगायतका कार्यमा बन्देज लगाइएकोले सोही अनुरुप हुने गरी प्रतिबद्धता व्यक्त भएको छ ।

## ३. अतिरिक्त प्रतिबद्धताहरू (Additional Commitments)

- वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने अवस्थामा बाहेक सामान्यतया लगानीको लागि निवेदन गरेको ३० दिनभित्र उद्योग विभागले निर्णय उपलब्ध गराउने प्रतिबद्धता छ ।

- वातावरणीय मापदण्ड पूरा गर्न नसकेको अवस्थामा बाहेक सामान्यतया अन्य सबै अवस्थामा लगानीको लागि स्वीकृति दिइने प्रतिबद्धता व्यक्त गरिएको छ ।

- विदेशी लगानीकर्ताले वैदेशिक मुद्रामा गरेको लगानीमध्ये निम्न बमोजिमको परिमाण फिर्ता लैजान पाउने व्यवस्था छ :-

  - ☞ इक्विटी अंशको पूर्ण वा आंशिक रूपमा भएको विक्रीबाट प्राप्त परिमाण,

  - ☞ इक्विटी लगानी गरेबापत प्राप्त भएको नाफा वा लाभांश बापत प्राप्त परिमाण,

- ☞ कुनै वैदेशिक ऋण लगानीमा प्राप्त मुख्य कर्जा फिर्ता वा व्याज बापत प्राप्त परिमाण,
- ☞ उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागबाट स्वीकृत प्रविधि हस्तान्तरण सम्झौताबमोजिम प्राप्त परिमाण ।

**(ख) क्षेत्र विशेष प्रतिबद्धताहरू (Sector Specific Commitments)**

वैदेशिक व्यापारका लागि खुला गरिएको सम्बन्धित सेवा क्षेत्रमा राष्ट्रिय हित अभिवृद्धि गर्ने किसिमले क्षेत्र विशेष प्रतिबद्धता (Sector Specific Commitments) गर्न सकिने ग्याट्सको प्रावधान अनुसार नेपालले विभिन्न सेवा क्षेत्रका ६७ वटा जति सेवा-उपक्षेत्रहरूमा प्रतिबद्धताहरू व्यक्त गरेको छ । उक्त प्रतिबद्धताहरूको संक्षिप्त झलक तल उल्लेख गरिएको छ :-

**१. व्यावसायिक सेवाहरू (Business Services)**

यस सेवा क्षेत्र अन्तर्गत देहाय बमोजिम उपक्षेत्रहरू समावेश गरिएका छन्-

**१.१ पेशागत सेवाहरू (Professional Services)**

यस अन्तर्गतका ७ वटा उपक्षेत्रहरूमा देहाय बमोजिम प्रतिबद्धता व्यक्त गरिएको छ :-

**(१) कानूनी सेवा (Legal Services):** यस अन्तर्गत स्वदेशी तथा विदेशी कानूनी सेवा र अन्तर्राष्ट्रिय कानूनी सेवा (परामर्श तथा प्रतिनिधित्व) गरी दुई वटा सेवा उपक्षेत्र समेटिएका छन् । यी उपक्षेत्रको बजार पहुँच तथा राष्ट्रिय व्यवहार सम्बन्धी शर्त एवं सीमा सम्बन्धमा मोड १ देखि ३ सम्मका सेवा आपूर्तिका तरिकामा पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ भने मोड ४ का सम्बन्धमा समान रुपमा लागु हुने प्रतिबद्धतामा उल्लेख भए बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन । बजार पहुँचका सम्बन्धमा सेवा प्रदान गर्ने विदेशी सेवा प्रदायकले नेपालको अदालतमा उपस्थित भई सेवा प्रवाहको निम्ति सर्वोच्च अदालतको अनुमति र नेपाल वार एशोसिएसनको सदस्यता लिनु पर्ने प्रावधानहरू राखिएका छन् ।

(२) **लेखा, लेखा परीक्षण र लेखापालन सेवा (Accounting, Auditing and Book-keeping Services)**: यस अन्तर्गत वित्तीय लेखापरीक्षण सेवा (CPC 86211), लेखा पुनरावलोकन सेवा (CPC 86212) तथा वित्तीय हिसाब एकीकरण (Compilation) सम्बन्धी सेवा (CPC 86213) र यस भित्रको कर दाखिला गर्ने सेवा बाहेकको लेखापालन सेवा (CPC 86220) समेत गरी ३ वटा सेवा उपक्षेत्रहरू छन् । यी उपक्षेत्रहरूको बजार पहुँचको मोड १ र २ तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ भने मोड ३ को बजार पहुँच सम्बन्धी प्रतिबद्धताका सम्बन्धमा विदेशी लगानीकर्ताले नेपालमा लगानी गरेर सेवा प्रदान गर्दा कुल लगानीको ५१% सम्म लगानी गर्नसक्ने शर्त राखिएको छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ का सम्बन्धमा समान रुपमा लागु हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन । त्यस्तै, यी उपक्षेत्रहरूमा WTO को लेखापालनसम्बन्धी सिद्धान्त अनुरुप नेपालको लेखापालन प्रणालीमा सदस्य भएको ५ बर्षभित्र सैद्धान्तिक परिमार्जन गर्ने अतिरिक्त प्रतिबद्धता गरिएको छ ।

(३) **आर्किटेक्चरल सेवा** (**Architectural Services-CPC 8671**): यस उपक्षेत्रको बजार पहुँचको मोड १ र २ तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ भने मोड ३ को बजार पहुँच सम्बन्धी प्रतिबद्धताका सम्बन्धमा विदेशी लगानीकर्ताले नेपालमा लगानी गरेर सेवा प्रदान गर्दा कुल लगानीको ६६% सम्म लगानी गर्नसक्ने उल्लेख गरिएको छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ मा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन ।

(४) **इन्जिनियरिङ्ग सेवा (Engineering Services)**: यस अन्तर्गत सिभिल इन्जिनियरिङ्गका निर्माणसम्बन्धी कार्यका लागि इन्जिनियरिङ्ग डिजाइनिङ्ग सेवाहरू (CPC 86724), औद्योगिक प्रशोधन र उत्पादनका लागि इन्जिनियरिङ्ग डिजाइनिङ्ग सेवाहरू (CPC 86725), निर्माण र स्थापना चरणका अन्य इन्जिनियरिङ्ग सेवाहरू (CPC 86727) र अन्य इन्जिनियरिङ्ग सेवाहरू (CPC 86729) गरी जम्मा ४ वटा सेवा उपक्षेत्रहरूमा नेपालले प्रतिबद्धता व्यक्त गरेको छ। यी उपक्षेत्रहरूका सम्बन्धमा पनि आर्किटेक्चरल सेवाको जस्तै मोड १, २, ३ र ४ मा प्रतिबद्धता व्यक्त भएको छ । अर्थात, मोड ३ को बजार पहुँच सम्बन्धी प्रतिबद्धताका सम्बन्धमा विदेशी लगानीकर्ताले नेपालमा लगानी गरेर सेवा प्रदान गर्दा कुल लगानीको ६६% सम्म मात्र लगानी गर्नसक्ने प्रतिबद्धता व्यक्त भएको छ भने बजार पहुँच र राष्ट्रिय व्यवहार

दुवैका लागि मोड ४ को तरिकाका सम्बन्धमा समान रुपमा लागु हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेक प्रतिबद्धता व्यक्त गरिएको छैन ।

**(५) एकीकृत इन्जिनियरिङ्ग सेवा (Integrated engineering Services- CPC 8673):** यस सेवा अन्तर्गत माथिको इन्जिनियरिङ्ग सेवाहरूको सरह नै प्रतिबद्धता व्यक्त भएको छ ।

**(६) शहरी योजना तथा भू-धरातलीय आर्किटेक्चरल सेवा (Urban planning and landscape architectural services-CPC 8674):** यसमा पनि दफा ४ को इन्जिनियरिङ्ग सेवाहरूको जति नै प्रतिबद्धता व्यक्त भएको छ ।

**(७) भेटेरिनरी सेवा (Veterinary services-CPC 932):** यस उपक्षेत्र अन्तर्गत बजार पहुँचका लागि मोड ३ को तरिकामा कुल लगानीको ५१% सम्म विदेशी लगानी रहने गरी नेपालमा संस्था खोली सेवा प्रदान गर्नसक्ने प्रतिबद्धता व्यक्त गरिएको छ भने बजार पहुँचको मोड १ र २ तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को तरिकाका सम्बन्धमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन ।

**१.२ कम्प्युटर र सम्बद्ध सेवा (Computer and Related Services)**

यस अन्तर्गत कम्प्युटर हार्डवेयर जडानसम्बन्धी परामर्श सेवाहरू (CPC 841), सफ्टवेयर प्रयोगसम्बन्धी सेवाहरू (CPC 842), तथ्याङ्क प्रशोधनसम्बन्धी सेवाहरू (CPC 843), तथ्याङ्कमा आधारित सेवाहरू (CPC 844), कम्प्युटर समेतका कार्यालयमा प्रयोग हुने मेसिन तथा उपकरण मर्मत सम्भारसम्बन्धी सेवाहरू (CPC 845) र अन्य कम्प्युटर सेवाहरू अन्तर्गतका तथ्याङ्क तयारी सेवा (CPC 8491) तथा अन्य कम्प्युटर सेवा (CPC 8499) लगायतका सेवा व्यापारका ६ वटा उपक्षेत्रहरू खुला गरिएको छ । पेशागत सेवाहरूको जस्तै यी सेवा उपक्षेत्रहरूमा पनि बजार पहुँचको मोड १ र मोड २ मा पूर्ण प्रतिबद्धता जनाई मोड ३ को तरिका सम्बन्धमा कुल लगानीको ८०% सम्म विदेशी लगानी रहने गरी नेपालमा संस्था खोली सेवा प्रदान गर्नसक्ने प्रतिबद्धता छ भने राष्ट्रिय व्यवहारको मोड १ देखि ३ सम्मका तरिकाहरूमा पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को तरिकाका सम्बन्धमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेक प्रतिबद्धता व्यक्त गरिएको छैन ।

## १.३ अनुसन्धान तथा विकास सेवा (Research and Development Services)

यस अन्तर्गत आणविक ऊर्जा र यससम्बद्ध अन्य ऊर्जा बाहेक ताप, प्रकाश, इलेक्ट्रोम्याग्नेटिज्म, अन्तरिक्ष विज्ञानजस्ता प्राकृतिक विज्ञानसँग सम्बन्धित अनुसन्धानहरू (CPC 85101) तथा प्रयोगात्मक विज्ञानसम्बन्धी इन्जिनियरिङ्ग तथा प्रविधिसम्बन्धी अनुसन्धानहरू (CPC 85103) गरी दुई प्रकारका अनुसन्धानका क्षेत्र खुला गरिएको छ। यी सेवाहरूको लागि बजार पहुँचको सन्दर्भमा मोड १ र २ तथा राष्ट्रिय व्यवहारको सन्दर्भमा मोड १ देखि ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ भने बजार पहुँच सम्बन्धी मोड ३ को लागि ५१% सम्म वैदेशिक लगानी खुला गरिएको छ। बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को तरिकाका सम्बन्धमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेक प्रतिबद्धता व्यक्त गरिएको छैन।

## १.४ अपरेटरको सहयोगविना सञ्चालन गरिने भाडा तथा लिज सेवा (Rental/Leasing Services without Operators)

यस अन्तर्गत भिडियो टेपसम्बन्धी भाडा तथा लिज सेवा उपक्षेत्र (CPC 83202) मात्र खुला गरिएको छ। बजार पहुँचको लागि मोड ३ अन्तर्गत यस उपक्षेत्रमा वैदेशिक लगानीको अधिकतम सीमा नेपाल विश्व व्यापार संगठनको सदस्य हुँदाको समयमा ५१% र सदस्यताको पाँच वर्षपछि ८०% सम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ। बजार पहुँचको मोड १ र २ तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ को सेवा सञ्चालन तरिकामा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ भने बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को तरिकाका सम्बन्धमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमादेखि बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन।

## १.५ अन्य व्यावसायिक सेवाहरू (Other Business Services)

यस अन्तर्गत विज्ञापनसम्बन्धी सेवाहरू (CPC 871), बजार अनुसन्धान तथा जनमत सर्वेक्षण सेवाहरू (CPC 864), व्यवस्थापन परामर्श सेवाहरू (CPC 865), प्रविधि परीक्षण तथा विश्लेषण सेवाहरू (CPC 8676), खानीसम्बन्धी सेवाहरू (CPC 883+5115), वैज्ञानिक तथा प्राविधिक परामर्शसम्बन्धी सेवाहरू(CPC 8675), प्याकेजिङ् सेवाहरू(CPC 876), मुद्रण प्रकाशन सेवाहरू (CPC 88442) र सम्मलेनसम्बन्धी सेवाहरू (CPC 87909) गरी विभिन्न ९ वटा सेवा उपक्षेत्रहरू

खुला गरिएका छन् ।

विज्ञापनसम्बन्धी सेवाका सम्बन्धमा बजार पहुँचको लागि मोड ३ अन्तर्गत सन् २००८, डिसेम्बरसम्मका लागि कुनै प्रतिबद्धता व्यक्त नगरिएको, तर त्यसपछि भने वैदेशिक लगानीको लागि विदेशी कम्पनीले नेपालमा दर्ता भएको हुनुपर्ने र अधिकतम लगानीको सीमा ६७% सम्म रहने गरी खुला गरिएको छ भने बजार पहुँच र राष्ट्रिय व्यवहारको मोड १ देखि ३ को सेवा सञ्चालन तरिकामा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ। विज्ञापन बाहेकका यस क्षेत्रभित्रको अन्य सेवा उपक्षेत्रहरूको बजार पहुँचको तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ भने बजार पहुँच सम्बन्धी मोड ३ मा भने वैदेशिक लगानीको लागि ५१% सम्म खुला गरिने शर्त राखिएको छ । सवै उपक्षेत्रका लागि मोड ४ को बजार पहुँच र राष्ट्रिय व्यवहार सम्बन्धमा समान रुपमा लागु हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमाबाहेक अन्य प्रतिबद्धता व्यक्त गरिएको छैन ।

## २. सञ्चार सेवा (Communication Services)

### २.१ कुरियर सेवा (Courier Services)

यस सेवा अन्तर्गत मल्टी-मोडल कुरियर सेवा (CPC 75121) मा मात्र नेपालले प्रतिबद्धता व्यक्त गरेको छ। यस क्षेत्रको बजार पहुँचको मोड १ र २ तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ को सेवा सञ्चालन तरिकामा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ भने बजार पहुँच सम्बन्धी मोड ३ को तरिका अन्तर्गत कुल लगानीको अधिकतम ८०% सम्म विदेशी लगानी गर्न पाउने गरी खुला गरिएको छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को तरिकाका सम्बन्धमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमाबाहेक प्रतिबद्धता व्यक्त गरिएको छैन ।

### २.२ दूरसञ्चार सेवा (Telecommunication Services)

यस अन्तर्गत आधारभूत दूरसञ्चार सेवाहरू, मोबाइल दूरसञ्चार सेवाहरू र मूल्य अभिवृद्धि भएका दूरसञ्चार सेवाहरू लगायतका क्षेत्रमा नेपालका तर्फबाट प्रतिबद्धता व्यक्त भएका छन । नेपालले Notes for Scheduling Basic Telecom Services Commitments (S/GBT/W/2/Rev.1) र Market Access Limitations on Spectrum Availability" (S/GBT/W/3) को आधारमा यस क्षेत्रमा प्रतिबद्धता व्यक्त

गरेको छ । यस सेवा अन्तर्गत विभिन्न उपक्षेत्रमा गरिएका मूलभूत प्रतिबद्धताहरू निम्नानुसार छन् :-

**(१) आधारभूत दूरसञ्चार सेवा** (**Basic Telecommunications**): यस सेवा भित्रका स्थानीय टेलिफोन सेवा, आन्तरिक टेलिफोन सेवा, अन्तर्राष्ट्रिय टेलिफोन सेवा, टेलेक्स सेवा र आन्तरिक तथा अन्तर्राष्ट्रिय टेलिग्राफिक सेवाहरूको बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ र २ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ । मोड ३ को सन्दर्भमा बजार पहुँचको सीमाका सम्बन्धमा सन् २००९ को जनवरीसम्ममा सेवा उपलब्ध गराउने सेवा प्रदायकहरूको संख्यामा कुनै बन्देज नलगाउने तर अधिकतम विदेशी लगानी ८०% सम्म गर्न पाउने र राष्ट्रिय व्यवहारको सीमाका सम्बन्धमा नेपालमा सञ्चालन हुने संस्थाको सञ्चालक समितिका बहुमत सदस्यहरू नेपाली नागरिक हुनुपर्ने शर्त राखि पूर्ण प्रतिबद्धता व्यक्त भएको छ। त्यस्तै, मोड ४ को सेवा सञ्चालनको तरिकाका सम्बन्धमा बजार पहुँचमा नेपालमा उपलब्ध नहुने परामर्श सेवा प्राप्त गर्नका लागि ९० दिनसम्म विदेशी परामर्शदातालाई नेपाल आई काम गर्न दिइने शर्त राखिएको छ भने राष्ट्रिय व्यवहारमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका प्रतिबद्धता जनाइएको छैन । आधारभूत दूरसञ्चार सेवा अन्तर्गत क्षेत्र विशेष प्रतिबद्धताको सूचीको अन्तमा राखिएको सन्दर्भ सूचीलाई अतिरिक्त प्रतिबद्धताको रुपमा उल्लेख गरिएको छ ।

**(२) मोबाइल दूरसञ्चार सेवा** (**Mobile Telecommunications Services**): यो सेवाको बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ का सेवा सञ्चालन तरिकामा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ तर बजार पहुँचको मोड ३ को सम्बन्धमा भने सन् २००४ सम्म २ वटा मोवाइल सेवा सञ्चालकलाई अनुमति दिइने, सन् २००९ को जनवरीसम्ममा सेवा उपलब्ध गराउने सञ्चालकको संख्यामा कुनै बन्देज नलगाइने र संयुक्त लगानीमा ८०% सम्म विदेशी लगानी गर्नसक्ने शर्त बाहेक पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को तरिकाका हकमा समान रुपमा लागु हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन । त्यस्तै, आधारभूत दूरसञ्चार सेवामा उल्लेख भएका अतिरिक्त प्रतिबद्धताहरू यस सेवामा पनि जाहेर गरीएका छन् ।

(३) **मूल्य अभिवृद्धि दूरसञ्चार सेवा (Value-added telecommunications):** यस सेवा अन्तर्गतका इन्टरनेट, इमेल, भ्वाइस मेल, भिडियो टेक्स्ट, फ्याक्स मेल, भिस्याट, अडियो कन्फरेन्स, पे फोन, प्रि-पेड कलिङ्ग कार्ड, स्थानीय, लामो दूरी तथा अन्तर्राष्ट्रिय तथ्याङ्क सञ्चार, रेडियो पेजिङ्ग ट्रङ्कल मोबाइल सेवाहरूको बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ का सेवा सञ्चालन तरिकामा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ तर बजार पहुँचको मोड ३ को तरिकाका सम्बन्धमा भने संयुक्त लगानीमा ८०% सम्म मात्र विदेशी लगानी गर्नसक्ने शर्त तोकी पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को तरिकाका हकमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन ।

## ३. निर्माण तथा निर्माणसम्बद्ध इन्जिनियरिङ्ग सेवा (Construction and Related Engineering Services)

यस क्षेत्रअन्तर्गत सिभिल इन्जिनियरिङ्गको लागि सामान्य निर्माण सेवा उपक्षेत्र (CPC 513) र अन्य सेवा (CPC 511+515+ 518) मा नेपालका तर्फबाट प्रतिबद्धता व्यक्त गरिएको छ । यी सेवाहरूको बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ र २ का सेवा सञ्चालन तरिकामा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ र मोड ४ को तरिकाका हकमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन । बजार पहुँच सम्बन्धी मोड ३ को सञ्चालनको तरिकाका सम्बन्धमा CPC 513 को सेवा उपक्षेत्रमा WTO को सदस्यता लिँदा वैदेशिक लगानीका लागि संयुक्त पूँजीको ५१% र सदस्यता प्राप्त गरेको पाँच वर्षपछि ८०% सम्म पु¥याउन सकिने सीमा राखी पूर्ण प्रतिबद्धता व्यक्त भएको छ । त्यस्तै, अन्य सेवा (CPC 511+515+ 518) को हकमा वैदेशिक लगानीका लागि ५१% संयुक्त पूँजीको शर्त राखी पूर्ण प्रतिबद्धता व्यक्त भएको छ । यी दुवै किसिमका सेवाहरूको राष्ट्रिय व्यवहारसम्बन्धी मोड ३ मा सीमारहित प्रतिबद्धता व्यक्त भएको छ ।

## ४. वितरण सेवा (Distribution Services)

वितरण सेवाहरू अन्तर्गतका निम्न सेवा उपक्षेत्रमा नेपालले प्रतिबद्धता व्यक्त गरेको छ :-

**४.१ कमिशन एजेन्टको सेवा (Commission agent's services-CPC 621):** यो

सेवाको बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ का सेवा सञ्चालन तरिकामा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ तर बजार पहुँचको मोड ३ को तरिकाका सम्बन्धमा भने WTO को सदस्यता लिँदा वैदेशिक लगानीका लागि संयुक्त पूँजीको ५१% र सदस्यता प्राप्त गरेको पाँच वर्षपछि ८०% सम्म पुऱ्याउन सकिने शर्त उल्लेख गरिएको छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को तरिकाका हकमा समान रुपमा लागु हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन ।

**४.२ थोकबिक्रि (CPC 62244 बाहेकको) सेवा (Wholesale Services):** यी सेवाहरूको बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ४ का सेवा सञ्चालन तरिकामा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका क्षेत्रमा कुनै प्रतिबद्धता व्यक्त गरिएको छैन तर नेपालले पछि निर्णय गरी WTO सदस्यलाई यस उपक्षेत्रमा कारोवार गर्न दिएमा वा विदशी संस्थालाई कारोवार अनुमति दिएमा वा सोको कानूनी अधिकार प्रदान गरेमा सोही बमोजिम हुने गरी विदेशी लगानीका लागि यस क्षेत्र खुला गर्न सकिने व्यहोरा प्रतिबद्धतामा उल्लेख गरिएको छ ।

**४.३ खुद्रा व्यापार (CPC 63234 बाहेकको) सेवा (Retail Services):** यस सेवामा पनि माथिको ४.२ को जस्तै र समान प्रकारको प्रतिबद्धता व्यक्त गरिएको छ ।

माथि उल्लिखित ४.२ र ४.३ का सेवाहरू अन्तर्गत रेडियो, टेलिभिजनका सामग्रीहरू, सङ्गीतका सामग्रीहरू, साङ्गीतिक रेकर्ड आदिको होलसेल (CPC 62244) तथा खुद्रा (CPC 63234) व्यापार सेवाहरू राखिएका छन् । यी सेवाहरूको बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १, २ र ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ, तर बजार पहुँचको मोड ३ का सम्बन्धमा भने अधिकतम ८०% वैदेशिक लगानीको शर्त छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ मा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेक प्रतिबद्धता व्यक्त गरिएको छैन ।

**४.४ फ्रेन्चाइजिङ्ग सेवा (Franchising-CPC 8929):** यो सेवामा बजार पहुँच तथा राष्ट्रिय व्यवहार दुवैको हकमा मोड १, २ र ३ मा नै पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ । बजार पहुँचको मोड ३ को सम्बन्धमा भने अधिकतम ५१% सम्म वैदेशिक लगानी हुनसक्ने शर्त राखिएको छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को हकमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं

सीमा बाहेकका क्षेत्रमा प्रतिबद्धता जनाइएको छैन ।

### ५. शिक्षा सेवा (Educational Services)

नेपालले शिक्षा सेवा अन्तर्गत उच्च शिक्षा सेवा (CPC 923), प्रौढ शिक्षा सेवा (CPC 924) र अन्य शिक्षा सेवा (CPC 929) गरी तीनवटा सेवा उपक्षेत्रहरू खुला गरेको छ । यी सेवा क्षेत्रहरूको पनि बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ र २ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ । मोड ४ मा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्तबाहेक प्रतिबद्धता व्यक्त गरिएको छैन । मोड ३ का हकमा बजार पहुँचका लागि WTO को सदस्यता लिँदा वैदेशिक लगानीका लागि संयुक्त पूँजीको ५१% र सदस्यता प्राप्त गरेको पाँच वर्षपछि ८०% सम्म पुऱ्याउन सकिने शर्तसहित पूर्ण प्रतिबद्धता व्यक्त भएको छ भने राष्ट्रिय व्यवहारका हकमा नेपाल सरकारको स्रोत साधनमा सञ्चालन भएका बाहेक यी सेवा क्षेत्रहरूमा पूर्ण प्रतिबद्धता जाहेर भएको छ ।

### ६. वातावरणीय सेवा (Environmental Services)

यो सेवा अन्तर्गत फोहोर मैला व्यवस्थापन सेवा (CPC 9401), पुनः प्रयोगीय फोहोर निष्कासन सेवा (CPC 9402) र सरसफाइ तथा सम्बन्धित सेवाहरू (CPC 9403) मा नेपालका तर्फबाट प्रतिबद्धता व्यक्त भएका छन् । यी सेवा उपक्षेत्रहरूको बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ, तर बजार पहुँचको मोड ३ को सम्बन्धमा भने WTO को सदस्यता लिँदा वैदेशिक लगानीका लागि संयुक्त पूँजीको ५१% र सदस्यता प्राप्त गरेको पाँच वर्षपछि ८०% सम्म पुऱ्याउन सकिने शर्त उल्लेख छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को तरिकाका हकमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन ।

### ७. वित्तीय सेवा (Financial Services)

नेपालको वित्तीय सेवाको विशेष र फरक विशेषताका कारण नेपालको वित्तीय क्षेत्रसम्बद्ध सामान्य शर्तहरूको अधीनमा रही यस सेवामा समान रुपमा लागू हुने प्रतिबद्धताका अतिरिक्त क्षेत्रगत प्रतिबद्धता व्यक्त भएको छ । सामान्य शर्तको पहिलो प्याराग्राफमा उल्लेख भएका शर्तहरू १ मार्च २००४ सम्म मात्र लागू हुने व्यवस्था गरिएको छ । वित्तीय सेवाहरूको लागि सामान्य शर्तमा कुल पूँजीको ६७% सम्म

विदेशी लगानी रहन सक्ने र बीमा तथा होलसेल बैङ्किङ्ग सेवाका सञ्चालनका लागि विदेशी कम्पनीहरूलाई १ जनवरी, २०१० देखि नेपालमा शाखा खोल्न पाउने व्यवस्था गरिएको छ । वित्तीय सेवा अन्तर्गत बीमा तथा बीमासम्बद्ध सेवाहरू र बैङ्किङ्ग तथा अन्य वित्तीय सेवाहरू गरी मुख्यतः दुईवटा सेवा क्षेत्र विदेशीहरूको लागि खुला गरिएका छन् ।

**७.१ बीमा तथा बीमासम्बद्ध सेवा** (**Insurance and Insurance Related Services**)**:** यस अन्तर्गत जीवन तथा निर्जीवन बीमा सेवा, पुनर्बीमा तथा रेक्ट्रोसेसन सेवा तथा बीमा सम्बद्ध सहायक सेवा (बीमा एजेन्ट र एजेन्सी सेवा (CPC 81401) मा प्रतिबद्धता व्यक्त भएको छ ।

(१) **जीवन तथा निर्जीवन बीमा सेवा** (**Life and Non Life Insurance Services**)**:** यस सेवा सञ्चालनको मोड १ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको भएता पनि मोड ३ को सेवा सञ्चालनको तरिकामा भने बजार पहुँचका लागि नेपालको वित्तीय क्षेत्रसम्बद्ध सामान्य शर्तहरू र राष्ट्रिय व्यवहारका लागि समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएको र नेपालको वित्तीय क्षेत्र सम्बद्ध सामान्य शर्तहरूको सीमासम्म रहने गरी पूर्ण प्रतिबद्धता व्यक्त भएको छ ।

(२) **पुनर्बीमा तथा रेक्ट्रोसेसन सेवा** (**Re-insurance and Retrocession Services**)**:** यस सेवाको बजार पहुँचको लागि ३१ डिसेम्बर, २००७ सम्म मोड १ र २ को तरिका उपयोग गर्न चाहने विदेशीले २५,००० अमेरिकी डलरसम्मको अनिवार्य पुनर्बीमा स्वदेशी बीमा कम्पनीमा गर्नुपर्ने शर्त राखिएको र मोड ३ मा वित्तीय क्षेत्रसम्बद्ध सामान्य शर्तबाहेक पूर्ण प्रतिबद्धता व्यक्त भएको छ । त्यस्तै, राष्ट्रिय व्यवहारको लागि मोड १ देखि ३ सम्मको तरिकामा भने पूर्ण प्रतिबद्धता व्यक्त भएको छ ।

(३) **बीमा सम्बद्ध सहायक सेवा** (**Services Auxiliary to Insurance**)**:** यस सेवा अन्तर्गत बीमा एजेन्ट र एजेन्सी सेवा (CPC 81401) मा नेपालका तर्फबाट प्रतिबद्धता जाहेर गरिएको छ। यो सेवा आपूर्तिको मोड १ देखि ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको भएता पनि मोड ३ मा भने बजार पहुँचका लागि नेपालको वित्तीय क्षेत्रसम्बद्ध सामान्य शर्तहरूको सीमा राखिएको छ । बीमा तथा बीमासम्बद्ध सबै सेवाहरूको सञ्चालनको मोड ४ को तरिका सम्बन्धमा भने समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त

गरिएको छैन ।

**७.२ बैकिङ्ग तथा अन्य वित्तीय सेवा (Banking and Other Financial Services):** यस सेवा अन्तर्गत निक्षेप स्वीकार गर्ने, कर्जा प्रवाह गर्ने, वित्तीय लिज, मनी ट्रान्सफर, बैङ्क ग्यारेण्टी तथा प्रतिबद्धता जस्ता विभिन्न १२ किसिमका बैकिङ्ग तथा वित्तीय कारोवार सेवामा नेपालले प्रतिबद्धता व्यक्त गरेको छ । यी सेवाहरूको बजार पहुँचका लागि नेपालले सेवा सञ्चालनको मोड १ र २ का तरिकामा कुनै प्रतिबद्धता व्यक्त नगरेको भएता पनि वित्तीय सूचना, तथ्याङ्क प्रशोधन तथा सम्बन्धित सफ्टवेयर र वित्तीय परामर्शको लागि भने खुला गर्न सकिने व्यवस्था गरिएको छ । बजार पहुँचको मोड ३ मा नेपालको वित्तीय क्षेत्रसम्बद्ध सामान्य शर्तको अधीनमा रहने गरी पूर्ण प्रतिबद्धता व्यक्त भएको छ, तर वित्तीय सेवा अन्तर्गतका डेरिभेटिव तथा वित्तीय सम्पत्तिको सेटलमेन्ट सम्बन्धी नियामक निकायको व्यवस्था नेपाल सरकारले नगरेसम्म खुला नगर्ने व्यवस्था गरिएको छ । त्यस्तै, बैङ्किङ्ग तथा अन्य वित्तीय सेवाको राष्ट्रिय व्यवहारसम्बन्धी व्यवस्थाका लागि मोड १ देखि ३ सम्म पूर्ण प्रतिबद्धता व्यक्त गरेको भएता पनि मोड ३ मा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त र नेपालको वित्तीय क्षेत्र सम्बद्ध सामान्य शर्तहरूको सीमा राखिएको छ । बैंङ्किङ्ग तथा अन्य वित्तीय सेवा सम्बद्ध सबै सेवाहरूको सञ्चालनको मोड ४ को तरिका सम्बन्धमा भने समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त एवं सीमा बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन ।

## ८. स्वास्थ्यसम्बन्धी र सामाजिक सेवा (Health Related and Social Services)

यस अन्तर्गत अस्पताल सेवा (CPC 9311) र लागत शुल्कको करारको आधारमा हुने प्रत्यक्ष स्वामित्व र व्यवस्थापन सेवामा नेपालले प्रतिबद्धता व्यक्त गरेको छ । यस अन्तर्गत बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ का सेवा सञ्चालनमा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ तर बजार पहुँचको मोड ३ का सम्बन्धमा भने विदेशी लगानीको अधिकतम सीमा ५१% राखिएको छ । बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को हकमा समान रुपमा लागु हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन । तर विज्ञ चिकित्सकले नेपाल मेडिकल काउन्सिलको अनुमति लिई बढीमा एक वर्षसम्म नेपालमा काम गर्नसक्ने प्रावधान राखिएको छ ।

## ९. पर्यटन र भ्रमणसम्बन्धी सेवा (Tourism and Travel Related Services)

यस सेवा क्षेत्र अन्तर्गत पर्यटन, रेष्टुँरा, होटल लज सेवा (स्टार होटल मात्रः CPC 6411) तथा ग्रेडिङ गरिएका रेष्टुँराहरू (CPC 6421-6423) र ट्राभल एजेन्सी तथा टुर अपरेटर सेवा (CPC 7471) मा प्रतिबद्धता व्यक्त गरिएको छ । बजार पहुँच तथा राष्ट्रिय व्यवहार दुवै अन्तर्गतको मोड १ देखि ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ । तर बजार पहुँचको मोड ३ का सम्बन्धमा भने होटल तथा लज सेवामा विदेशी लगानीको लागि अधिकतम पूँजीको सीमा ८०% तोकिएको छ भने ट्राभल एजेन्सी र टुर अपरेटर क्षेत्रमा अधिकतम ५१% सम्म विदेशी लगानी गर्न पाउने उल्लेख छ । त्यस्तै, बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को हकमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन ।

## १०. मनोरञ्जन, सांस्कृतिक र खेलकूद सेवा (Recreational, Cultural and Sporting Services)

यस सेवा अन्तर्गत अन्य मनोरञ्जन सेवाहरू (CPC 96199) र सिनेमा भवन तथा सिनेमा प्रोजेक्सन सेवा उपक्षेत्रमा नेपालले प्रतिबद्धता व्यक्त गरेको छ । यी उपक्षेत्रहरूको बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ तर बजार पहुँचको मोड ३ का सम्बन्धमा भने विदेशी लगानी गर्दा नेपालले विश्व व्यापार संगठनको सदस्यता लिँदाको समयमा ५१% र सदस्यता प्राप्त भएको पाँच वर्षपछि ८०% सम्म लगानी गर्न पाउने र न्यूनतम विदेशी लगानी दश लाख अमेरिकी डलर हुनुपर्ने शर्त राखिएको छ । त्यस्तै, बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को हकमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन ।

## ११. यातायात सेवा (Transport Services)

यातायात क्षेत्र अन्तर्गतका निम्न सेवा उपक्षेत्रमा नेपालले प्रतिबद्धता व्यक्त गरेको छ :-

**११.१ हवाई यातायात सेवा (Air Transport Services):** यस अन्तर्गत वायुयानको मर्मत र सम्भार सेवा (CPC 8868) तथा कम्प्युटर रिजर्भेसन प्रणाली (हवाई यातायात सेवाको अनुसूचीमा उल्लेख भएको) मा नेपालले प्रतिबद्धता व्यक्त

गरेको छ । यी दुवै उपक्षेत्रको बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ । तर बजार पहुँचको मोड ३ को तरिकाका सम्बन्धमा भने विदेशी लगानी गर्दा नेपालले विश्व व्यापार संगठनको सदस्यता लिँदाको समयमा ५१% र सदस्यता प्राप्त भएको पाँच वर्षपछि ८०% सम्म लगानी गर्न पाउने शर्त राखिएको छ । त्यस्तै, बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को सम्बन्धमा समान रुपमा लागू हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन ।

**११.२ पाइपलाइन यातायात सेवा (Pipeline Transport Serives):** यस उपक्षेत्र अन्तर्गत इन्धनको ढुवानी सेवा (CPC 713(1)) र अन्य वस्तुको ढुवानी सेवा (CPC 7139) मा प्रतिबद्धता व्यक्त गरिएको छ । यी उपक्षेत्रहरूका पनि बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ मा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ तर बजार पहुँचको मोड ३ मा भने नेपालमा दर्ता भई लगानीको ५१% सम्म विदेशी लगानी गर्न पाउने शर्त छ । त्यस्तै, बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को सम्बन्धमा समान रुपमा लागु हुने प्रतिबद्धतामा उल्लेख भए बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन ।

**११.३ आपूर्तिका सबै तरिकाहरूसम्बद्ध सहायक सेवा (Services Auxiliary to All Modes of Supply):** यस अन्तर्गत गोदाम तथा वेयर हाउस सेवाहरू (CPC 742) मा मात्र नेपालले प्रतिबद्धता व्यक्त गरेको छ । यस क्षेत्रको पनि बजार पहुँच तथा राष्ट्रिय व्यवहारको मोड १ देखि ३ का सेवा सञ्चालन तरिकामा पूर्ण प्रतिबद्धता व्यक्त भएको छ तर बजार पहुँचको मोड ३ को तरिकाका सम्बन्धमा भने विदेशी लगानी गर्दा नेपालले विश्व व्यापार संगठनको सदस्यता लिँदाको समयमा ५१% र सदस्यता प्राप्त भएको पाँच वर्षपछि ८०% सम्म लगानी गर्न पाउने शर्त राखिएको छ । त्यस्तै, बजार पहुँच र राष्ट्रिय व्यवहार दुवैका लागि मोड ४ को तरिकाका हकमा समान रुपमा लागु हुने प्रतिबद्धतामा उल्लेख भएका शर्त बाहेकका क्षेत्रमा प्रतिबद्धता व्यक्त गरिएको छैन ।

विश्व व्यापार संगठनको सदस्य बन्ने क्रममा नेपालसँग व्यापारिक सम्बन्ध राख्न चाहने मुलुकहरूले नेपालमा आफ्ना सेवा प्रदायकलाई उपलब्ध गराइने बजार पहुँच तथा स्वदेशी सेवा प्रदायकलाई उपलब्ध गराइएको राष्ट्रिय व्यवहारसम्बन्धी विषयमा देखाएको चासो एवं सरोकारलाई सम्बोधन गर्न र नेपाली सेवा प्रदायकहरूको क्षमता तथा मुलुकको विकासको आवश्यकतालाई मध्यनजर गर्दै माथि उल्लेख गरिएका

प्रतिबद्धता जाहेर गरिएका थिए । ग्याट्समा गरिने प्रतिबद्धता सकारात्मक सूचीको दृष्टिकोण (Positive List Approcah) मा आधारित भएको हुँदा सदस्यहरूले उच्च प्रतिस्पर्धात्मक क्षमता रहेको, सजिलो र उचित क्षेत्र/उपक्षेत्रमा सेवा आपूर्तिको मोडहरू अनुसार प्रतिबद्धता व्यक्त गर्न सक्ने भएकाले नेपालले पनि आफ्नो राष्ट्रिय आवश्यकतालाई मध्यनजर गरी समान रुपमा लागू हुने एवं क्षेत्र लक्षित प्रतिबद्धता जारी गरेको हो । नेपालले गरेको प्रतिबद्धता कार्यान्वयनका लागि क्षेत्रगत कानून तर्जुमा तथा संशोधन, संगठनात्मक व्यवस्था एवं सुधार लगायतका प्रयासहरू गर्दै आएको छ । सेवा व्यापारको क्षेत्र गतिशील भएको हुँदा यस क्षेत्रको प्रभावकारी परिचालनबाट अपेक्षित उपलब्धि हासिल गर्न मुलुकभित्र उपयुक्त नीतिगत एवं कानूनी सुधार तथा पहिले गरिएका प्रतिबद्धताको समयानुकूल पुनरावलोकनको आवश्यकता सदैव महत्त्वपूर्ण हुन्छ ।

## ४.३ सेवा व्यापारका उपलब्धिहरू (Achievements of Trade in Services)

विश्व व्यापार संगठनको एक महत्त्वपूर्ण सम्झौताको रुपमा रहेको ग्याट्सले खुला गरेका सम्भावनाका क्षेत्रहरूबाट नेपालले कतिपय ठोस उपलब्धिहरू प्राप्त गरेको छ । सेवा क्षेत्रमा प्राप्त गरेका यस्ता उपलब्धिहरू प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रकारका छन् । नीतिगत, कानूनी तथा संस्थागत सुदृढीकरण, बजार पहुँच सुविधाको उपयोगको प्रवर्द्धन, व्यापार क्षेत्रमा बाह्य सहयोगको प्रवर्द्धन, क्षमता विकासको अवसर प्राप्ति आदि प्रत्यक्ष उपलब्धिहरू हुन् भने अप्रत्यक्ष उपलब्धिको रुपमा वार्ताको फराकिलो क्षेत्रको प्राप्ति, सदस्य नहुँदाको अवस्थामा हुनसक्ने जोखिमबाट बच्ने जस्ता विषयहरूलाई लिन सकिन्छ । यसबाट नेपालले नीतिगत, कानूनी तथा संस्थागत क्षेत्रमा महत्त्वपूर्ण प्रगती गरेको छ । साथै, क्षमता विकास तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो व्यापारिक पहिचान स्थापनादेखि स्वदेशभित्रका सम्बन्धित सरोकारवालाहरूबीच समेत समन्वय र सहकार्यले प्राथमिकता पाएको छ। नेपालले सेवा क्षेत्रमा हालसम्म प्राप्त गरेका उपलब्धहिरूलाई बुँदागत रुपमा देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ-

### १. नीतिगत तथा कानूनी सुदृढिकरण (Policy and Legal Strengthenings)

नेपालले WTO को सदस्य बन्ने क्रममा प्रस्तुत गरेको विशेष क्षेत्रगत प्रतिबद्धताको सूचिभित्र सेवाका १२ वटा क्षेत्र अन्तर्गत करिब ६७ वटा उप-क्षेत्रहरू खुला गरिएको

कुरा माथिका विभिन्न परिच्छेदहरूमा चर्चा गरिसकिएको छ । यी क्षेत्रहरूबाट लाभ प्राप्त गर्न र व्यवहारिकतामा ल्याउन कतिपय नयाँ नीतिहरू र कानूनहरू तर्जुमा गरिएको छ भने कतिपय ऐन र नियमावलीहरूमा प्रतिबद्धता अनुकूल हुने गरी संशोधन गरिएको छ । यसै क्रममा नयाँ वाणिज्य नीति २०६५ कार्यान्वयनमा आएको छ । यस नीतिका ४ वटा प्रमुख उद्देश्यहरूमध्ये तेस्रो उद्देश्यको रुपमा "वस्तु तथा सेवा व्यापारलाई प्रतिस्पर्धी एवं सुदृढ बनाई आय तथा रोजगारीका अवसर बढाउने र गरिबी घटाउन सहयोग पुऱ्याउने" भन्ने छ । त्यस्तै यसका मूल रणनीतिहरूमध्ये एकको रुपमा वस्तु तथा सेवा व्यापारसँग सम्बन्धित नीतिगत, संस्थागत र भौतिक संरचनाको विकास र सुधार गर्ने भनिएको छ । साथै, यसै सन्दर्भमा नेपालको मध्यकालीन रणनीतिको रुपमा नेपाल व्यापार एकिकृत रणनीति, २०६६ (Nepal Trade Integration Strategy, 2010) पनि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यो रणनीतिमा पहिचान गरिएका जम्मा १९ वटा निर्यात सम्भाव्य उत्पादनहरूमध्ये सातवटा सेवा क्षेत्रहरू रहेका छन् । त्यस्तै गरी WTO मा पेश गरिएका प्रतिबद्धता सूचिसँग मेल खाने गरी नयाँ औद्योगिक नीति २०६७ तर्जुमा गरिएको छ । यस नीतिमा उद्योगलाई परिभाषित र वर्गिकरण गर्दा सेवा उद्योगलाई पनि समावेश गरिएको छ र ४८ प्रकारका सेवा व्यवसायलाई नीतिको अनुसूचि ५ मा समावेश गरिएको छ ।

यसबाहेक सेवालाई लक्षित गरी विभिन्न कानूनहरू पनि तर्जुमा गरिएका छन् । यी कानूनहरूमध्ये केही मुख्य कानूनहरूमा नेपाल राष्ट्र बैंक ऐन २०५९, वैदेशिक रोजगार ऐन, २०६४, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, सार्वजनिक खरिद ऐन, २०६३ आदि र यी ऐनहरूसँग सम्बन्धित नियमावलीहरू छन् । त्यस्तै सेवा व्यापार क्षेत्रसँग सम्बन्धित कतिपय ऐन तथा नियमावलीहरूमा संशोधनहरू पनि गरिएका छन् । WTO को अल्प विकसित सदस्यको हैसियतमा सदस्य बनेको ६ वर्षमा गर्नुपर्ने व्यापार नीति पुनरावलोकन (Trade Policy Review) को कार्य पनि सन् २०१२ को मार्चमा सम्पन्न भएको छ ।

## २. संस्थागत व्यवस्थाको प्रबन्ध (Arrangement of Institutional Provisions)

यस अन्तर्गत नेपाल सरकारले सेवा व्यापारको व्यवस्थापनका लागि विभिन्न नीति तथा कार्यनीतिगत व्यवस्थाहरू गरेको छ । वाणिज्य नीति, २०६५ मा सरकार तथा निजी क्षेत्रको व्यवसायिक क्षमता र भूमिका अभिबृद्धि गर्न निर्यात कम्पनीहरूलाई

विदेशमा सम्पर्क कार्यालय वा बिक्रीकक्ष खोल्न र विदेशी आयातकर्ता कम्पनीलाई नेपाली सेवा तथा वस्तुको प्रवर्द्धन गर्न सम्पर्क कार्यालय स्थापना गर्न प्रोत्साहन गर्ने उल्लेख छ। सेवा व्यापारको प्रबर्द्धनको लागि निजी क्षेत्र समेतको सहभागितामा वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत छुट्टै सेवा व्यापार प्रवर्द्धन परिषद् (Service Trade Promotion Council) गठन गर्ने भन्ने कार्यनीति छ । यो परिषद्ले सेवा व्यापार प्रवर्द्धनका लागि सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्ने अपेक्षा राखिएको छ । वाणिज्य तथा आपूर्ति मन्त्रालयमा व्यापार नीति विश्लेषण संयन्त्र (Trade Policy Analytical Wing: TPAW) स्थापना गरी कार्य थालनी भएको छ। व्यापार प्रवर्द्धनका लागि आवश्यक नीति तर्जुमा कार्यमा सघाउन तथा सहजीकरण गर्न एवं नीतिको अनुगमन एवं अन्तर निकाय समन्वय गर्न निजी क्षेत्र समेतको सहभागितामा व्यापार बोर्ड (Board of Trade) वाणिज्य मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा गठनको व्यवस्था गरिएको छ। हालको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई बजारको माग अनुरुप सेवा दिन सक्ने स्वायत्त संस्थाको रुपमा व्यापार प्रवर्द्धन प्रतिष्ठान (Trade Promotion Institute) मा परिणत गर्ने नीतिगत प्रतिबद्धता छ।

नेपाल विश्व व्यापार संगठनको सदस्य बनेपछि सेवा व्यापारको प्रवर्द्धन र सहजीकरणको सन्दर्भमा वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको WTO प्रतिबद्धता कार्यान्वयन शाखाले सेवा व्यापार सम्बन्धी जानकारी एकाई (Service Inquiry Point) को रुपमा समेत भूमिका खेल्ने जिम्मेवारी पाएको छ। यसै गरी विभिन्न सम्बन्धित मन्त्रालय, विभागहरू र नेपाल राष्ट्र बैंक जस्ता निकायमा पनि सम्पर्क विन्दुहरू (WTO Focal Points) को व्यवस्था गरिएको छ र ती निकायहरूबिच समय समयमा सेवा व्यापारका क्षेत्रगत विषयहरूमाथि छलफल हुने गरेको छ। सेवा व्यापार लगायत WTO सँग सम्बन्धित सबै विषयमा जानकारी राख्ने सरोकारवालाहरूको आवश्यकतालाई मध्यनजर गरी वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत WTO Reference Centre को स्थापना गरिएको छ । यसको अतिरिक्त आवश्यकता परेको अवस्थामा सेवा व्यापार क्षेत्रका विज्ञहरू आमन्त्रण गरी सेवा व्यापारका विभिन्न पक्षमा तालिम, प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमहरूको आयोजना पनि गर्ने गरिएको छ।

## ३. बजार पहुँच उपयोगको प्रवर्द्धन
## (Promotion of the Utilization of Market Access)

विश्व व्यापार संगठनमा विशेष प्रतिबद्धता सूचि प्रस्तुत गर्ने क्रममा कुल १६० जति सेवा व्यापारका उप-क्षेत्रहरूमध्ये अधिकांश उप-क्षेत्रहरू खुला गरिएका छन् । यी क्षेत्रहरूमा नेपालले निर्बाध रुपमा आफ्नो सेवाहरूको निर्यात व्यापार गर्न सक्ने अवस्था छ । यस सन्दर्भमा नेपाल यी क्षेत्रहरूमा आफ्नो सेवा व्यापारलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथै नीतिगत र कार्यक्रमगत प्रयासमा लागेको छ । यसै सन्दर्भमा NTIS, २०१० मार्फत निर्यातको लागि सम्भाव्य भनी पहिचान गरिएका वस्तु तथा सेवा क्षेत्रहरूको लागि सम्भाव्य बजारहरू पनि पहिचान गरिएको छ । निर्यातको लागि पहिचान गरिएका सम्भाव्य सेवा क्षेत्रहरू पर्यटन सेवा, श्रम सेवा, सूचना-प्रविधि, व्यवसाय प्रक्रिया करार (Busines Process Outsourcing) सेवा, स्वास्थ्य सेवा, शिक्षा सेवा, इन्जिनियरिङ्ग सेवा र जलविद्युत सेवा गरी ७ वटा छन् । यी सातमध्ये श्रम सेवा, पर्यटन सेवा, शिक्षा सेवा र इन्जिनियरिङ्ग सेवा गरी ४ वटा सेवा क्षेत्रहरूको लागि १० वटा सम्भाव्य बजारहरू पनि पहिचान गरिएको छ ।

## ४. अन्तर्राष्ट्रिय व्यापार क्षेत्रमा चिनारी बृद्धि
## (Exposure Promotion in Internatioal Trade Sector)

वार्ताको प्रक्रिया (accession) बाट WTO को सदस्यता प्राप्त गर्ने अतिकम विकसित सदस्य मुलुकहरूमध्ये नेपाल पहिलो राष्ट्र हो । सन् २०१२ को तथ्याङ्क अनुसार नेपालको व्यापारिक कारोवार भएका देशहरूको संख्या १८१ छ । यीमध्ये १२७ देशहरूसँग आयात निर्यात दुवै, ४२ देशहरूबाट आयात मात्र र १२ देशहरूमा निर्यात मात्र भएको छ । यी सबै देशहरूसँग नेपालका व्यापारिक समुदायको चिनारी भएको छ । यसबाट वस्तु तथा सेवा व्यापार दुवैको लागि केही सहजताको अवस्था सिर्जना भएको छ । यस्तो व्यापारिक कारोवार हुने देशहरूसँग सेवा व्यापारको संभावना पनि उत्तिकै छ । यसका अतिरिक्त सन् २०१२ को डिसेम्बरदेखि १ वर्षको लागि नेपालले विश्व व्यापार संगठनका अति कम विकसित सदस्य देशहरूको समन्वयकर्ता (LDC Coordinator) को रुपमा भूमिका निभाइरहेको छ । यसलाई नेपालले विश्व व्यापार मञ्चमा आफूलाई स्थापित र पहिचान गराउने राम्रो अवसरको रूपमा लिन सक्ने अवस्था छ ।

## ५. व्यापारिक सहयोग र समन्वयमा वृद्धि
## (Promotion of Trade Cooperation and Coordination)

विश्व व्यापार संगठनको अल्पविकसित सदस्यको हैसियतले नेपालले संगठनको तर्फबाट प्राप्त हुन सक्ने विभिन्न छुट सुविधाहरू उपयोग गर्नसक्ने अवस्थालाई पनि उपलब्धिको रुपमा लिनुपर्दछ । यस्ता व्यवस्थाहरू सम्बन्धित सम्झौताहरूमा उल्लेख गरिनुका अतिरिक्त WTO को निर्णयबाट समय समयमा पनि हुने गरेका छन् । यसै सन्दर्भमा संगठनको सन् २०११ को डिसेम्बरमा जेनेभामा भएको आठौं मन्त्रिस्तरीय सम्मेलन (MC8) को निर्णयअनुसार अल्प विकसित सदस्य राष्ट्रहरू विश्व व्यापार संगठनको सेवा व्यापार सम्बन्धी सम्झौताबाट अपेक्षित लाभ लिन सक्षम होउन् भन्ने उद्देश्यले विकसित र विकासशिल सदस्यहरूले अल्प विकसित सदस्य मुलुकहरूको सेवा र सेवा आपूर्तिकर्ताहरूलाई बजार पहुँचको सन्दर्भमा सहुलियतपूर्ण छुट (Service Waiver) दिनसक्ने सम्बन्धमा निर्णय गरेको छ । यस्तो छुट दिँदा छुट दिने सदस्यले विश्व व्यापार संगठनको अति सौविध्यप्राप्त मुलुकको व्यवहार (Most Favoured Nations Treatment) संगठनका अल्प विकसित सदस्यहरू बाहेक अन्य सदस्यहरूलाई नगरे पनि हुने व्यवस्था गरेको छ । यस्तो छुट सेवा व्यापारको सन्दर्भमा नयाँ LDC Specific "Enabling Clause" को रुपमा कार्यान्वयन हुने अपेक्षा छ ।

यस व्यवस्थाबाट कसरी लाभ लिने भन्ने सन्दर्भमा नेपालको वाणिज्य तथा आपूर्ति मन्त्रालयको पहलमा WTO को समेत समन्वय र सहयोगमा निजी क्षेत्रका सरोकारवालाहरूसँग छलफल र अन्तर्क्रिया कार्यक्रमहरू समय समयमा आयोजना हुने गरेका छन् । यसको लागि निर्यातको बढि सम्भाव्यता भएका लाभदायक सेवा क्षेत्र/उपक्षेत्रहरूको पहिचानको लागि सम्बद्ध सरकारी तथा निजी क्षेत्रको सहभागीतामा विभिन्न कार्य अघि बढाइएको छ ।

## ६. क्षेत्रगत विकासप्रतिको प्रतिबद्धतामा वृद्धि
## (Commitment Enhancement for Sectoral Development)

विश्व व्यापार संगठनको मान्यता अनुसार विशेष अवस्थाहरूमा बाहेक सबै सदस्यहरूका समान प्रकारका उत्पादन र उत्पादकहरूबीच विभेद गर्न नपाइने र बाह्य उत्पादन र स्वदेशी उत्पादनबिच पनि फरक गर्न नपाइने व्यवस्था छ । यस्तो अवस्थामा प्रतिस्पर्धी र गुणस्तरीय उत्पादनविना बजारमा प्रवेश पाउन कठिन

हुने भएकोले नेपालका सरोकारवालाहरूले पनि आफ्ना निर्यातयोग्य सेवा क्षेत्रको विकासको लागि बढि प्रतिबद्धता देखाउन थालेका छन् । सेवा व्यापारसम्बन्धी WTO का प्रावधानहरूप्रति उनीहरूको चासो बढेको छ । निजी क्षेत्रको यस्तो चासो लाई सम्बोधन गर्नको लागि सरकारी स्तरबाट पनि छलफल, अन्तर्क्रिया जस्ता कार्यक्रमको अयोजना गर्ने साथै प्राविधिक रुपमा समेत सहजीकरण गर्ने कार्य भइरहेको छ । यी कार्यहरूबाट निजी तथा सरकारी दुवै क्षेत्रको प्रतिबद्धता सबल भई तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका क्षेत्रको प्रवर्द्धनमा सघाउ पुगेको छ ।

## ७. क्षमता विकासका अवसरहरूको प्राप्ति (Achievement of Capacity Development Opportunities)

विश्व व्यापार संगठनको सदस्यको नाताले नेपालले सेवा व्यापार सम्बन्धमा कतिपय तालिम तथा क्षमता विकासका अवसरहरू प्राप्त गरेको छ । यसै क्रममा वाणिज्य तथा आपूर्ति मन्त्रालयका केहि कर्मचारीहरूले विश्व व्यापार संगठनको सचिवालय, जेनेभा तथा अन्यत्र समेत गई छोटा तथा लामो अवधिको तालिम लिने मौका पाएका छन् भने केहीले WTO सचिवालयमा गई प्रशिक्षार्थी कर्मचारी (intern) को रुपमा समेत काम गर्ने अवसर प्राप्त गरेका छन् । मन्त्रालयकै समन्वयमा विभिन्न सरकारी निकायहरूमा रहेका सम्पर्क बिन्दु (WTO Focal Points) को बैठकबाट पनि एक आपसमा छलफलमार्फत अनुभव आदान प्रदान हुने गरेको छ । यसबाहेक विश्व व्यापार संगठनसम्बन्धी बैठकहरूमा नियमित रूपमा सहभागी हुने अवसर प्राप्त भएकोले वार्ता क्षमताको विकासमा समेत सकारात्मक प्रभाव परेको छ । WTO/ EIF Support Project अन्तर्गत वाणिज्य तथा आपूर्ति मन्त्रालयमा व्यापार तथा विकासको क्षेत्रमा क्षमता अभिवृद्धिको लागि सन् २०१० को अप्रिलदेखि NECTRADE नामक आयोजना संचालनमा रहेको छ । उक्त आयोजनाले सरकारी, निजी तथा संचार क्षेत्रमा समेत व्यापार सम्बद्ध क्षमता विकासका कार्यक्रमहरू संचालन गर्ने गरेको छ ।

## ८. वार्ताको फराकिलो क्षेत्र प्राप्ति (Achievememt of Wide Negotiating Areas)

विश्व व्यापार संगठनका पक्ष बन्ने सदस्यहरूले यसका तीनवटै सम्झौताहरूको पक्ष बन्नुपर्ने प्रावधान छ । यी सम्झौताहरूले वस्तु, सेवा र व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिको व्यापारलाई पनि समेटेको छ । सेवा व्यापारका क्षेत्रका तोकएका विभिन्न क्षेत्रहरू र अन्तर्गतका उप-क्षेत्रहरूबाट लाभ लिन सक्ने गरी वार्ता गर्न सक्ने अवस्था

छ । उक्त सम्झौताहरूले क्षेत्रीय सम्झौताहरूलाई पनि मान्यता दिएकोले यसबाट समेत लाभान्वित हुन कुनै बाधा नपर्ने अवस्था छ । WTO अन्तर्गत कम विकसित सदस्य मुलुकहरूको लागि छुट सम्बन्धी नयाँनयाँ व्यवस्थाहरू पनि ल्याइने गरिएका छन् । यसै अन्तर्गत सन् २०११ को WTO को आठौं मन्त्रीस्तरीय सम्मेलनको निर्णय मार्फत कम विकसित सदस्य मुलुकहरूबाट विकसित र विकासशिल मुलुकहरूमा हुने सेवा निर्यातको लागि सहज बजार पहुँचको छुट सम्बन्धी अवधारणा (Service Waiver Scheme) ल्याइएको छ । यस प्रावधानबाट लाभ लिने सन्दर्भमा नेपालले पनि क्षेत्र/उपक्षेत्र र मोड पहिचान गरी त्यस्ता सेवा निर्यातको लागि बजार पहुँचको सुविधा प्राप्त गर्न सरकारी तथा निजी क्षेत्रबीच सहकार्य भइरहेको छ ।

## ९. सदस्य नहुँदाको जोखिमबाट उन्मुक्ति
## (Relief from the Risk of not Being a Member)

विश्व व्यापार संगठन अन्तर्राष्ट्रिय व्यापार संचालनको सन्दर्भमा विश्वव्यापी मान्यता प्राप्त एकमात्र नियमक निकाय हो । यसको सदस्य बन्दा के फाइदा भयो भन्ने सवालको साथै सदस्य नबन्दा पनि त मुलुकको अर्थतन्त्रलाई लाभ हुने थियो वा थिएन भन्ने सम्बन्धमा पनि सरोकारवालाहरूको ध्यान जानु आवश्यक हुन्छ । यसको सदस्यता प्राप्त गर्ने विषय सरल छैन । यस्तो अवस्थामा सदस्य नहुँदाको अवस्थाबाट हुनसक्ने अनिश्चितता र जोखिमबाट नेपाल बचेको छ । जस्तोः तत्कालिन ग्याट् (GATT 1947) को सदस्य नभएका र WTO को स्थापनापछि यसको सदस्यता लिने मुलुकहरूले विभिन्न चरणका कठिन वार्ता प्रक्रिया पूरा गर्नुपर्नाको साथै प्रतिबद्धता सूचिमा पनि तात्कालिन GATT का सदस्यहरू (Original WTO Members) को तुलनामा बढी क्षेत्र समावेश गर्नुपरेको र प्रावधानहरूको पालनाको सन्दर्भमा पनि बढी कडा शर्तहरू स्वीकार्नु परेको थियो । यस सन्दर्भमा विचार गर्दा विश्व व्यापार संगठनको सदस्यता प्राप्ति स्वयंमा यौटा महत्त्वपूर्ण उपलब्धिको विषय हो । यसबाट सेवा व्यापार लगायत व्यापारका तीनवटै क्षेत्रमा विभिन्न सम्भावना र अवसरहरू उपलब्ध हुने स्थिति सिर्जना भएको छ । साथै विश्व अर्थतन्त्रको मुलप्रवाहमा नेपाल आवद्ध हुन पुगेको छ ।

# परिच्छेद ५

## ५.१ नेपालमा सेवा व्यापारको सान्दर्भिकता र महत्त्व (Relevance and Importance of Trade in Services in Nepal)

सेवा व्यापारको सन्दर्भ नेपालसँग जोड्दा विश्व सेवा व्यापारको पनि केही तथ्याङ्कबारे जानकारी राख्नु उपयुक्त हुन्छ । समयको विकाससँगै सेवा क्षेत्रको महत्त्व तथा भूमिका एकातिर दिनानुदिन बढ्दै गएको छ भने अर्कोतिर यो क्षेत्र थप उदार समेत हुँदै गएको छ। सेवा क्षेत्रको अन्तर्राष्ट्रिय कारोवार सन् १९७० देखि सन् १९८० को दशकसम्म वार्षिक १९% का दरले वृद्धि भएको देखिन्छ, जबकि उक्त अवधिमा सेवा क्षेत्रको बजार पहुँचको अवस्था मूलतः संरक्षणात्मक र निरोधात्मक थियो । सन् १९८० मा विश्वमा ३९५.७ अरब अमेरिकी डलर बराबरको सेवा निर्यात भएको थियो, जुन सन् २००० सम्म पुग्दा १५२१.७ अरब अमेरिकी डलर पुग्यो। सन् २००५ मा करिब २५६३.४ अरब डलर रहेको निर्यात व्यापार सन् २००८ मा ३९१४.७ अरब अमेरीकी डलर पुगेको र सन् २०११ सम्म आइपुग्दा कुल सेवा व्यापार ४२४३.३ अरब अमेरिकी डलर पुगेको विश्व व्यापार संगठनको तथ्याङ्कले देखाएको छ । संगठनको २०११ को तथ्याङ्क अनुसार विश्वको कुल गार्हस्थ्य उत्पादनको दुई तिहाई हिस्सा सेवा व्यापारले ओगटेको छ भने कुल गार्हस्थ्य उत्पादनमा सेवा व्यापारको औसत हिस्सा विकसित मुलुकहरूको ७३%, विकासशील मुलुकहरूको ५४% तथा अतिकम विकसित मुलुकहरूको ४७% रहेको अवस्था छ । अन्य तथ्याङ्क हर्ने हो भने हाल विश्वको कुल व्यापारमा सेवा व्यापारको अंश २०% जति रहेको छ। विश्वको कुल रोजगारी र प्रत्यक्ष वैदेशिक लगानीमा सेवा व्यापार क्षेत्रले झण्डै ४०% हिस्सा ओगटेको छ । विकसित देशमा कुल रोजगारीको करिब ७०% र विकासशील देशहरूमा कुल रोजगारीको करिब ३५% योगदान सेवा क्षेत्रको रहेको छ । यस पृष्ठभूमिमा विश्व अर्थतन्त्रको विकास र प्रवर्द्धनमा सेवा व्यापार क्षेत्रको महत्त्व क्रमशः बढ्दै गइरहेको कुरालाई दृष्टिगत गरी ग्याटको आठौं चरण (उरुग्वे चरण) को वार्ताले पहिलोपल्ट सेवा व्यापारलाई पनि बहुपक्षीय व्यापार प्रणालीको दायराभित्र समेट्ने निर्णय गर्‍यो भने द्विपक्षीय एवं क्षेत्रीय व्यापार सम्झौताहरूमा समेत सेवा व्यापारलाई प्रधानता दिन थालिएको छ। जस्तो: सार्कका ८ सदस्य देशहरूबीच पनि सेवा व्यापारलाई थप उदारीकरण गर्ने सन्दर्भमा सेवा व्यापार सम्झौताको रुपमा सेवा व्यापार सम्झौता सम्बन्धी सार्क सम्झौता (SAARC Agreement on Trade in Services: SATIS) मा हस्ताक्षर भएको छ जसको नेपाल पनि पक्ष राष्ट्र हो ।

नेपालमा पनि विश्वका अन्य अर्थतन्त्र जस्तै सेवा व्यापारको भूमिका बढिरहेको छ। तथ्याङ्क हेर्ने हो भने आर्थिक वर्ष २०६९/७० मा नेपालको कुल गार्हस्थ उत्पादनमा प्राथमिक क्षेत्र (कृषि तथा वन, मत्स्यपालन र खानी तथा उत्खनन) को योगदान गत वर्षको ३७.४% बाट घटी ३४.७% मा झरेको अवस्था छ। त्यस्तै द्वितीय क्षेत्र (औद्योगिक उत्पादन, विद्युत, ग्याँस तथा पानी र निर्माण) को योगदान गत वर्षको १५.०८% बाट घटी १४.३५% रहेको छ। अर्कोतिर तृतीय क्षेत्र अथवा सेवा क्षेत्रको योगदान भने कुल गार्हस्थ उत्पादनमा गत वर्षको ४९.३९% बाट बढेर ५०.३३ % पुगेको छ। यसो हुनुको कारणहरूमा सेवा क्षेत्रभित्र पर्ने होटल तथा रेष्टुरेण्ट, यातायात, संचार, वित्तीय मध्यस्थता, घरजग्गाको कारोवार, सार्वजनिक प्रशासन र रक्षा प्रशासन, शिक्षा, स्वास्थ्य र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा जस्ता सबै क्षेत्रहरूको उत्पादनमा बृद्धि हुनु रहेका छन्। गत पाँच वर्षको सेवा क्षेत्रको कुल गाहर्स्थ उत्पादनमा योगदान हेर्ने हो भने यो औसतमा ४९.८४% रहेको तथ्याङ्क छ।

देहायका बुँदाहरूमार्फत सेवा व्यापारको सान्दर्भिकता र महत्त्वलाई थप पुष्टि गर्न सकिन्छ-

### १. अर्थतन्त्रमा बढ्दो योगदान (Increasing Contribution to the Economy)

नेपालमा पछिल्लो दशकयता सेवा व्यापार क्षेत्र बढी महत्त्वपूर्ण आर्थिक क्षेत्रको रूपमा स्थापित हुँदै गएको पाइन्छ। नेपालको आर्थिक सर्वेक्षण २०६९/७० अनुसार सेवा क्षेत्रभित्रका उप-क्षेत्रहरू निम्नानुसार छन्:

- थोक तथा खुद्रा व्यापार
- होटेल तथा रेष्टुरेन्ट
- यातायात, संचार तथा भण्डारण
- वित्तीय मध्यस्थता
- रियल इस्टेट, भाडा तथा व्यावसायिक सेवाहरू
- सार्वजनिक प्रशासन तथा रक्षा
- शिक्षा
- स्वास्थ्य तथा सामाजिक कार्य
- अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू

**नेपालमा विगत एक दशक (आ. व. २०६०/६१-२०६९/७०) को क्षेत्रगत औसत आर्थिक बृद्धिदर**

| क्षेत्रहरू | आर्थिक बृद्धिदर (प्रतिशतमा) |
|---|---|
| कृषि | ३.३ |
| उद्योग | २.७ |
| सेवा | ५.३ |
| कुल | ४.० |

स्रोतः आर्थिक सर्वेक्षण २०६९/७०, नेपाल सरकार, अर्थ मन्त्रालय

आर्थिक वर्ष २०५७/५८ मा सेवा क्षेत्र (Service/Third/Tertiary sector) को योगदान नेपालको कुल गार्हस्थ्य उत्पादनमा ४६.१३% रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा ४९.७४% तथा आर्थिक वर्ष २०६९/७० मा ५०.३३% पुग्यो । यस क्षेत्रको विगत पाँच वर्षको औसत वृद्धिदर ५.४५% रहेको छ जबकि औद्योगिक (Manufacturing) क्षेत्रको विगत पाँच वर्षको औसत वृद्धि दर १.२% मात्र रहेको देखिन्छ । साथै पछिल्ला केही वर्षयता शिक्षा, स्वास्थ्य, सञ्चार आदि सेवा क्षेत्रमा उल्लेखनीय प्रगति भएको कारण यी क्षेत्रको व्यावसायिक र गुणस्तरीय विकासबाट नेपालले मनग्य आर्थिक लाभ लिनसक्ने अवस्था रहेको छ ।

## २. कम अवरोधयुक्त क्षेत्र (Sector with Less Barriers)

सेवा व्यापार सञ्चालनको लागि ठूलो पूर्वाधार र लगानी आवश्यक नपर्ने, पारवहन र यातायात ढुवानीले कुनै अवरोध सिर्जना नगर्ने र राजनीतिक द्वन्द्व तथा बन्द, हडतालजस्ता गतिविधिले कमै मात्र प्रभावित गर्ने हुँदा यस क्षेत्रको विकास वस्तु व्यापारको तुलनामा केही सहज रहेको छ । त्यसमाथि मुलुकभित्र हालका दिनमा सेवा व्यापार क्षेत्रको विकासका निम्ति आवश्यक पूर्वाधारहरू खासगरी दूरसञ्चार तथा यातायात सुविधाको उपलब्धतामा वृद्धि हुनु र शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा दक्ष जनशक्तिको उत्पादन बढ्नुले यो क्षेत्र क्रमशः विस्तारित बन्दै जानसक्ने स्थिति तयार भएको छ । मुलुकमा शिक्षित जनशक्तिको संख्यामा वृद्धि हुनु र शहरीकरण प्रक्रिया उच्च गतिमा बढ्दै जानुले पनि सेवा व्यापार क्षेत्रलाई निरन्तर विकसित हुन सघाउ पुग्ने देखिन्छ । खासगरी बैङ्किङ्ग, वित्तीय तथा बीमा सेवा, होटल, रेष्टुरेन्ट सेवा, सूचना प्रविधि सेवाको विकासले हालका वर्षहरूमा सेवा व्यापारको विकासको

गतिलाई तिब्र बनाएको छ । सेवा व्यापार अन्तर्गतको यौटा महत्त्वपूर्ण क्षेत्र वैदेशिक रोजगारीबाट मात्र पनि मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुग्न गएको छ । विप्रेषण आय आर्थिक वर्ष २०६८/६९ मा रू. ३५९ अर्ब पुगी कुल गार्हस्थ्य उत्पादनको २३% को हाराहारीमा पुगेको छ । वस्तु व्यापारको क्षेत्रमा नेपाल उच्च घाटाको अवस्थामा रहे ता पनि सेवा व्यापारको क्षेत्रमा हालसम्म सामान्यतः बचतको अवस्था छ । यसबाट भुक्तानी सन्तुलन कायम राख्न सघाउ पुगेको छ ।

### ३. भौगोलिक अवस्थिति सुहाउँदो क्षेत्र
### (Suitable Sector to Geographical Location)

अफ्रिकामा १५, एशियामा १२, युरोपमा १५ र दक्षिण अमेरिकामा २ गरी विश्वमा ४४ वटा भू-परिवेष्टित मुलुकहरू रहेका छन्, जसमध्ये लिचेन्स्टाइन र उज्वेकिस्तान रहेका दोहोरो भू-परिवेष्टित (Double Land-locked) राष्ट्रको रुपमा रहेका छन् । यी मुलुकहरूले वैदेशिक व्यापारमा खासगरी वस्तु व्यापारको सन्दर्भमा समुद्री तटयुक्त देशको तुलनामा बढी अवरोधहरू सामना गर्नुपरेको हुन्छ । नेपाल पनि भूपरिवेष्ठित मुलुक भएकोले वस्तु व्यापारको क्रममा धेरै प्राविधिक अवरोधहरूका कारण वस्तु व्यापारबाट फाइदा लिने कार्य नेपालका निम्ति निकै नै चुनौतीपूर्ण छ । समुद्रसँगको लामो दूरीका कारण विदेशबाट कच्चापदार्थ, मेशिनरी आयात गरी तथा उच्च ढुवानी लागत वेहोरी उत्पादन र निर्यात गरिएका सामानहरू विश्व बजारमा लागत प्रतिस्पर्धी हुन कठिन छ । मुलुकको भूपरिवेष्टित संरचना र सीमित व्यापार पूर्वाधार सुविधाहरूको उपलब्धताको सन्दर्भमा वस्तु व्यापारभन्दा सेवा व्यापार बढी सम्भाव्य र तुलनात्मक लाभको क्षेत्र बन्न सक्ने अवस्था छ । तेस्रो देशसितको वस्तु व्यापार जटिल र खर्चिलो पारवहन सुविधाको कारण लागत प्रतिस्पर्धी हुन चुनौतीपूर्ण रहेको सन्दर्भमा विभिन्न तरिकाबाट हुनसक्ने सेवा व्यापार नेपालका लागि बढी लागत प्रतिस्पर्धी र सहज छ ।

### ४. विकासको उच्च सम्भावनायुक्त क्षेत्र
### (Highly Potential Sector for Development)

नेपालको तीनैवटा आर्थिक क्षेत्रहरू(कृषि क्षेत्र, औद्योगिक क्षेत्र र सेवा क्षेत्र) को वृद्धिदर उत्साहजनक छैन । आर्थिक वर्ष २०६०/६१ देखि आर्थिक वर्ष २०६९/७० को एक दशकको वृद्धिदर कृषि क्षेत्र, औद्योगिक क्षेत्र र सेवा क्षेत्रमा क्रमशः ३.३%, २.७% र ५.३ % रहेको छ । यसरी तीनवटा क्षेत्रहरूमध्ये सेवा क्षेत्रको वृद्धि दर अन्य दुई क्षे

त्रहरूको तुलनामा उच्च रहेको पाइएको छ । यातायात तथा संचार क्षेत्र, वित्तीय क्षेत्र, शिक्षा क्षेत्र, स्वास्थ तथा सामाजिक सेवाका क्षेत्रहरू यस्ता सम्भावना बढी भएका क्षेत्रहरू हुन । यी क्षेत्रहरूको प्रतिस्पर्धी विकास गर्ने हो भने नेपालको सेवा व्यापारले समग्र देशको वैदेशिक व्यापार सन्तुलनलाई अनुकूल बनाउन सक्ने उच्च सम्भावना छ । यस सन्दर्भमा नेपाल एकिकृत व्यापार रणनीति (NTIS), २०१० ले पहिचान गरेका सातवटा सेवा क्षेत्रहरूको विकासमा सरकारी तथा निजी क्षेत्र दुवैको सहकार्य सशक्त बनाउँनुपर्दछ ।

यसको अतिरिक्त नेपालले सेवा क्षेत्रको विकासको लागि नीतिगत र कानूनी पूर्वाधारहरू धेरै बनाइसकेको छ । वाणिज्य नीति, औद्योगिक नीति, एकद्वार नीति, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक व्यवसाय ऐन आदिले अर्थतन्त्रलाई उदार र गतिशील बनाउनुका साथसाथै सेवा व्यापारको क्षेत्रलाई विस्तारित गर्न सघाउ पुगेको छ । यस क्रममा मुलुकको सेवा व्यापार क्षेत्रलाई प्रवर्द्धन र सहजीकरण गर्ने उद्देश्यले नयाँ जारी गरिएका वा संशोधन गरिएका प्रमुख ऐन, कानूनहरू जस्तैः बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन-२०६३, मालसामानको बहुविधिक ढुवानी ऐन-२०६३ र नियमावली-२०६६, नेपाल राष्ट्र बैङ्क ऐन-२०५८, कम्पनी ऐन-२०६३, सुरक्षित कारोवार ऐन-२०६३, दामासाहीसम्बन्धी ऐन-२०६३, निकासी-पैठारी तथा बौद्धिक सम्पत्तिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३, विद्युतीय (इलेक्ट्रोनिक्स) कारोबार ऐन-२०६३, धितोपत्रसम्बन्धी ऐन-२०६३, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन-२०६३ र नियमावली-२०६६, सार्वजनिक खरिद ऐन-२०६३, भन्सार ऐन-२०६४ र नियमावली तथा कम्पनी ऐन-२०६३ आदि सेवा क्षेत्रमा घरेलु तथा वैदेशिक लगानीलाई समेत आकर्षित गर्ने क्रममा तर्जुमा गरिएका छन् । यसको साथै, अन्य सान्दर्भिक र आवश्यक नीति, ऐन, तथा नियमावली बन्ने क्रम जारी छ ।

### ५. तुलनात्मक रुपमा सरल र आकर्षक क्षेत्र (Comparatively Simple and Attractive Sector)

वस्तु उत्पादन खासगरी औद्योगिक वस्तु उत्पादनमा विश्व बजारमा प्रतिस्पर्धी बन्नको लागि ठूलो परिमाणमा पूँजी लगानी, व्यावसायिक समूह र आधुनिक प्रविधि आवश्यक पर्छ । त्यसैले, औद्योगिक उत्पादनलाई प्रतिस्पर्धी बनाउन नेपालले धेरै कार्य गर्नुपर्ने अवस्था छ । त्यस्तै, कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान झण्डै ३६% रहेपनि यस क्षेत्रको विकासको अवस्था अझैपनि परम्परागत र प्राथमिक चरणमा नै रहेको छ । आर्थिक रुपमा सक्रिय जनशक्तिमध्ये ७०% भन्दा बढी जनशक्ति संलग्न

रहेको यस क्षेत्रप्रति युवा जनशक्तिको आकर्षण पनि जगाउन सकिएको अवस्था छैन। यसकारण विश्वस्तरमा नेपालको कृषि तथा औद्योगिक वस्तु उत्पादनले गुणस्तर र परिमाणको कारण मुल्यमा प्रतिस्पर्धी हुन धेरै चुनौतीहरू सामना गर्नुपरेको छ। अर्कोतिर, व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको उपयोगमा पनि नेपालले आफूलाई विश्वस्तरमा प्रतिस्पर्धी बनाउन गर्नुपर्ने आधारभूत कार्यहरू पनि धेरै गर्न बाँकी छ।

यस्तो अवस्थामा नेपालमा सेवा व्यापारको क्षेत्रमा केही पूर्वाधार पनि रहेको, यसको विकासको गति पनि राम्रो रहेको, सानो पूँजीबाट पनि शुरुवात गर्न सकिने र युवा जनशक्ति पनि यस क्षेत्रप्रति आकर्षित रहेको देखिन्छ। साथै, सेवा व्यापारका विभिन्न चार तरिकाहरू रहेकोले ती सबै तरिकाहरूमध्ये अनुकूलता अनुसार कुनै पनि तरिकाको उपयोग गर्न सकिन्छ। यसकारण, सेवा क्षेत्रबाट नेपालले स्वदेशमा र अन्तर्राष्ट्रिय स्तरमा समेत प्रतिस्पर्धी हैसियत हासिल गर्न वस्तु व्यापार तथा बौद्धिक सम्पत्तिको व्यापारको तुलनामा सरल र आकर्षक लाभ लिनसक्ने अवस्था छ। साथै, वस्तु व्यापारको तुलनामा सेवा व्यापारको निकासीमा त्यति कठोर र जटिल प्राविधिक मापदण्डहरू नभएको कारण नेपालजस्तो कमजोर प्राविधिक क्षमता भएको मुलुकको लागि यो क्षेत्र सरल र आकर्षक छ।

## ५.२ सम्बन्धित ऐन, नियम तथा जिम्मेवार निकायहरू (Related Acts, Regulations and Responsible Agencies)

सेवा व्यापार क्षेत्रको प्रगतिशील उदारीकरणका लागि मुलुकको आन्तरिक नियमनको महत्त्वपूर्ण स्थान रहन्छ। ऐन तथा नियमहरूमा हुने स्पष्टता तथा पर्याप्त व्यवस्थाहरूले व्यापार क्षेत्रको उदारीकरणलाई सुनिश्चितता प्रदान गर्ने भएकोले विश्व व्यापार संगठनका विभिन्न सम्झौताहरूले सदस्य राष्ट्रहरूलाई आफ्ना राष्ट्रिय कानूनहरू संगठनको सिद्धान्त एवं सम्झौता अनुकूल हुने गरी निश्चित समयावधिभित्र सुधार गर्न प्रतिबद्धता जाहेर गर्ने स्वतन्त्रता प्रदान गरेको छ। सेवा व्यापारसम्बन्धी सामान्य सम्झौता अनुसार विश्व व्यापार संगठनका सदस्य राष्ट्रहरूले आफ्नो मुलुकको राष्ट्रिय नीतिगत उद्देश्य अनुसार राष्ट्रिय उद्योगहरूको हित संरक्षण एवं प्रवर्द्धन गर्ने गरी सेवा व्यापारका क्षेत्रमा क्षेत्रगत प्रतिबद्धता जाहेर गर्न सक्दछन्।

नेपालले पनि विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्दा विभिन्न क्षेत्रगत कानूनी प्रबन्ध तथा परिमार्जनका लागि कानूनी कार्ययोजना (Legislative Action Plan-LAP) लगायत सेवा क्षेत्रसंग सम्बन्धित विशेष प्रतिबद्धताको सूचि पेश गरेको

थियो । नेपालका कतिपय तत्कालीन कानूनी व्यवस्थाहरू संगठनको प्रावधान अनुकूल रहेका थिए भने कतिपय सुधार गर्नुपर्ने तथा कतिपय कानूनहरू नयाँ तर्जुमा गर्नुपर्ने अवस्थामा थिए । यी सबै कानूनहरूको उल्लेख विश्व व्यापार संगठनमा पेश गरिएको कानूनी कार्ययोजनाको सूची (LAP) मा समावेश गरिएको छ ।

सेवा तथा वस्तु व्यापारलाई प्रगतिशील र उदार बनाउन LAP मा करिव ३५ वटा ऐन, नियमावली तथा नीतिहरू समावेश गरिएका छन् । तलको तालिकामा संगठनको सम्झौता एवं सिद्धान्त अनुरुप संशोधन वा नयाँ तर्जुमा गरिसकिएका, संशोधनका क्रममा रहेका र नयाँ तर्जुमा गर्नुपर्ने ऐन, नियम तथा नीतिहरू उल्लेख गरिएको छ ।

## संशोधन तथा नयाँ तर्जुमा भएका ऐन, नियम तथा नीति

नेपालको सेवा क्षेत्रको विस्तारको लागि LAP मा उल्लेख भएका ऐन, नियम तथा नीतिहरूका अतिरिक्त अन्य ऐन नियमहरूको व्यवस्था पनि गरिएको छ । नेपालको सेवा व्यापारलाई नियमित गर्नका लागि प्रत्यक्ष रुपमा निम्न ऐन तथा नियमावलीहरू लागू भएका छन्:-

| प्रमुख ऐन | प्रमुख नियमावली |
|---|---|
| दूरसंचार ऐन, २०५३ | दूरसंचार नियमावली, २०५४ |
| शिक्षा ऐन, २०२८ | शिक्षा नियमावली, २०५९ |
| नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ | शिक्षा नियमावली, २०५९ |
| निर्माण व्यवसाय ऐन, २०५५ | निर्माण व्यवसाय नियमावली, २०५२ |
| नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ | नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६ |
| अन्तर्राष्ट्रीय वित्तीय कारोवार ऐन, २०५४ | दामासाही सम्बन्धी नियमावली, २०६४ |
| नेपाल मेडिकल काउन्सिल ऐन, २०२० | नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ |
| पर्यटन ऐन, २०५२ | होटल लज, रेष्टुराँ, वार र पर्यटक गाइड नियमावली, २०३८ |
| चलचित्र (उत्पादन,प्रदर्शन र वितरण) ऐन, २०२६ | चलचित्र (उत्पादन, प्रदर्शन र वितरण) नियमावली, २०५७ |

| | |
|---|---|
| हुलाक ऐन, २०१९ | हुलाक नियमावली, २०२० |
| नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ | खाद्य नियमावली, २०२७ |
| नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ | श्रम नियमावली, २०५० |
| नेपाल फार्मेसी परिषद् ऐन, २०५७ | धितोपत्र कारोबार नियमावली, २०५० |
| विद्युतीय कारोवार ऐन, २०६३ | विद्युतीय कारोवार नियमावली, २०६४ |
| उपभोक्ता संरक्षण ऐन, २०५४ | उपभोक्ता संरक्षण नियमावली, २०५६ |
| छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ | छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ |
| प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ | प्राइभेट फर्म रजिष्ट्रेन नियमावली २०३४ |
| नेपाल राष्ट्र बैंक ऐन, २०५८ | विदेशी विनिमय (नियमावली) ऐन, २०१९ |
| आवश्यक सेवा सञ्चालन ऐन, २०१४ | |
| उच्च माध्यमिक शिक्षा ऐन, २०४६ | |
| साझेदारी ऐन, २०२० | |
| फोहोर मैला व्यवस्थापन ऐन, २०६८ | |

अन्तर्राष्ट्रिय स्तरमा सेवा व्यापारको व्यवस्थापनका लागि विश्व व्यापार अन्तर्गतको सेवा व्यापार सम्बन्धी सामान्य सम्झौताको व्यवस्था भएको भएता पनि राष्ट्रिय स्तरको सेवा व्यापार सञ्चालनको लागि हरेक मुलुकमा सेवाको क्षेत्रानुसार कानून एवं सेवा सञ्चालन एवं समन्वय गर्ने निकायहरूको व्यवस्था गरिएको हुन्छ । नेपालको वैदेशिक सेवा व्यापार सहजीकरण, समन्वय, सञ्चालन एवं व्यवस्थापन गर्नका लागि माथि उल्लेख गरिए अनुसारको कानूनी व्यवस्थाका अतिरिक्त विभिन्न निकायहरूको पनि व्यवस्था गरिएको छ । सेवा व्यापारको क्षेत्र विस्तृत र एकभन्दा बढी निकायसँग अन्तरसम्बन्धित (cros-cutting) भएको कारण सेवा व्यापार सञ्चालन एवं व्यवस्थापनका लागि क्षेत्रगत विशेषज्ञता भएका निकायहरूको व्यवस्था महत्त्वपूर्ण छ । साथै, सेवा क्षेत्रको उचित व्यवस्थापनका लागि सबै क्षेत्रगत निकायहरूको समन्वयात्मक भूमिका अत्यावश्यक हुन्छ । यसै तथ्यलाई मध्यनजर गर्दै नेपालले विश्व व्यापार संगठनमा व्यक्त गरेको ११ किसिमका सेवा क्षेत्रका प्रतिबद्धताहरू अनुसार निम्नानुसारको निकायगत व्यवस्था मार्फत सेवा व्यापारको समन्वय, सहजीकरण एवं व्यवस्थापन गर्दै आएको छ :-

| सेवा व्यापारको क्षेत्र | प्रमुख सम्बन्धित निकाय |
|---|---|
| १.व्यवसायिक सेवा<br>क) पेशागत सेवाहरू<br>कानूनी सेवा | कानून मन्त्रालय तथा अन्तर्गतका निकाय |
| लेखा, लेखापरीक्षण र लेखापालन सेवा | महालेखा परीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय तथा अन्तर्गतका निकाय |
| आर्किटेक्चरल सेवाहरू | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय तथा अन्तर्गतका निकाय |
| इन्जिनियरिङ्ग सेवाहरू | |
| एकीकृत इन्जिनियरिङ्ग सेवाहरू | |
| शहरी योजना तथा भू-धरातलीय आर्किटेक्चरल सेवाहरू | |
| भेटेरिनरी सेवाहरू | कृषि विकास मन्त्रालय तथा अन्तर्गतका निकाय |
| ख) कम्प्युटर र यस सम्बद्ध सेवा अन्तर्गतका उप-सेवाक्षेत्रहरू | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका निकाय |
| ग) अनुसन्धान तथा विकास सेवाहरू | राष्ट्रिय योजना आयोग तथा सम्बन्धित अन्य मन्त्रालय तथा अन्तर्गतका निकाय |
| घ) अपरेटरको सहयोगविना सञ्चालन गरिने भाडा तथा लिज सेवा | सूचना तथा संचार मन्त्रालय तथा अन्तर्गतका निकाय |
| ङ) अन्य व्यावसायिक सेवाहरू | ९ वटा उपक्षेत्र खुला गरिएकोले उपक्षेत्रसंग सम्बन्धित निकाय |
| २. सञ्चार सेवाहरू<br>कुरियर सेवाहरू | सूचना तथा संचार मन्त्रालय र अन्तर्गतका निकाय |
| दूरसञ्चार सेवाहरू | |
| आधारभूत दूरसञ्चार सेवा | |
| मोबाइल दूरसञ्चार सेवा | |
| ३. निर्माण तथा निर्माणसम्बद्ध इन्जिनियरिङ्ग सेवा | भौतिक योजना मन्त्रालय, शहरी विकास मन्त्रालय तथा अन्तर्गतका निकायहरू |

| | |
|---|---|
| ४. वितरण सेवाहरू | अर्थ मन्त्रालय, उद्योग मन्त्रालय तथा अन्तर्गतका निकाय, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गतका निकायहरू |
| ५. शिक्षा सेवाहरू | शिक्षा मन्त्रालय तथा अन्तर्गतका निकाय |
| ६. वातावरणीय सेवा | भौतिक योजना मन्त्रालय, उद्योग मन्त्रालय, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका निकाय |
| ७. वित्तीय सेवाहरू | अर्थ मन्त्रालय तथा अन्तर्गतका निकायहरू, नेपाल राष्ट्र बैंक |
| ८. स्वास्थ्यसम्बन्धी र सामाजिक सेवाहरू | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय तथा अन्तर्गतका निकाय |
| ९. पर्यटन र भ्रमणसम्बन्धी सेवाहरू | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा अन्तर्गतका निकाय |
| १०. मनोरञ्जन, सांस्कृतिक र खेलकूद सेवा | युवा तथा खेलकूद मन्त्रालय तथा अन्तर्गतका निकाय |
| ११. यातायात सेवा | श्रम तथा रोजगार व्यवस्था मन्त्रालय तथा अन्तर्गतका निकाय |

सेवा व्यापार बहुआयामिक प्रकृतिको भएको हुँदा माथि उल्लेख भएका ऐन, नियम तथा निकायहरू नेपालको सेवा व्यापारको वैदेशिक कारोवारको सहजीकरणका लागि पर्याप्त भने होइनन् । सेवा व्यापारको सहजीकरण एवं समन्वयका लागि सबै निकाय तथा कानूनहरूको समन्वयात्मक भूमिका आवश्यक हुन्छ ।

## ५.३ सेवा व्यापारको भुक्तानी सम्बन्धी व्यवस्था (Payment System in Trade in Services)

नेपालमा सेवा व्यापारको भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न विविध नीतिगत व्यवस्था गरिएको छ । तोकिएको रकमभन्दा माथिको सेवा आयातको भुक्तानी गर्दा नेपाल राष्ट्र बैंक, विदेशी विनिमय विभागको स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ भने तोकिएको परिमाण भन्दा कमको सेवा व्यापारको भुक्तानी आवश्यक कागजात पेश गरेपछि इजाजत प्राप्त बैंक, वित्तीय संस्थाहरूबाट पठाउन पाइने व्यवस्था रहेको छ ।

सेवा आयात बापत भुक्तानीका लागि विदेशी मुद्राको सटही स्वीकृति उपलब्ध गराउँदा सम्बन्धित सेवा प्रदायक विदेशमै बसेर नेपालमा प्रदान गर्ने सेवा र सम्बन्धित सेवा प्रदायकका प्रतिनिधि नेपालमै आई सेवा प्रदान गरेबापतको भुक्तानी विदेशस्थित सेवा प्रदायकको नाममा पठाउन स्वीकृति प्रदान गर्ने गरिएको छ । सामान्यतः नेपालमा सेवा व्यापारका चारै तरिकाका माध्यमबाट हुने व्यापारका लागि भुक्तानी सम्बन्धी व्यवस्थाहरू रहेका छन् ।

नेपाल राष्ट्र बैंक विदेशी मुद्रा नियमक निकाय भएको हुनाले यस बैंकले सेवा व्यापारको भुक्तानीका लागि विभिन्न किसिमका नीतिगत व्यवस्था गरेको छ । मुख्य रुपमा सेवा व्यापार कारोवारको सिलसिलामा गरिने भुक्तानीका लागि सटही सुविधा, विदेशीले नेपालमा सेवा प्रवाह गरे बापत कमाएको रकम सम्बन्धित मुलुकमा लैजान पाउने व्यवस्था, वैदेशिक भ्रमणका लागि सटही सुविधा तथा अध्ययन, स्वास्थ्योपचार, रोजगार लगायतका कारोवारको सिलसिलामा प्रदान गरिने सटहीको सुविधा लगायतका देहाय अनुसारको नीतिगत व्यवस्था गरिएको छ :-

(१) सेवा व्यापारसम्बन्धी कारोवारका लागि १०,०००।- अमेरिकी डलर सम्मको सटही सुविधा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूले सटही पुष्टि हुने कागजात तथा कर दाखिला गरेको निस्सा लिई प्रदान गर्न सक्ने व्यवस्था रहेको छ । सोभन्दा बढी रकमको भुक्तानीका लागि भने सम्बन्धित पक्षहरूबीचको सम्झौतापत्र, नियमक निकायको सिफारिश (उपलव्ध हुने अवस्थामा), कर दाखिला गरेको निस्सा तथा बिल बिजकको आधारमा नेपाल राष्ट्र बैंकसमक्ष अनुरोध भई आएमा सटही अनुमति जारी गर्न सक्ने व्यवस्था रहेको छ ।

(२) भारतस्थित नियोग, संघ, संस्था, कम्पनीसँग लिने विभिन्न सेवा शुल्क भुक्तानीको हकमा नेपाली नागरिक तथा नेपालमा विधिवत दर्ता भएका फर्म, कम्पनी, संघ संस्थाले भारतीय रूपैयाँ १,००,०००।- सम्मको सटही सुविधा आवश्यक कागजातहरूको आधारमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट उपलव्ध हुने व्यवस्था रहेको छ ।

सो रकमभन्दा बढीको हकमा सेवा/सुविधा लिने सम्झौता/सहमति बमोजिम भुक्तानी गर्नुपर्ने रकमको लागि सम्बन्धित नियमक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिस भएको

आधारमा नियमानुसार लाग्ने अग्रिम करजन्य जिम्मेवारी सम्बन्धित पक्षले व्यहोर्ने शर्तमा सटही रकम पुष्टि हुने कागजातहरूको प्रतिलिपि लिई भा.रु. ३०,००,०००।- (तीसलाख) सम्मको सटही सुविधा समेत सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट उपलब्ध हुने व्यवस्था रहेको छ । नियमक निकायबाट सम्झौता स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा नेपाल राष्ट्र बैंकको स्वीकृतिको आधारमा सटही सुविधा प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ । उल्लिखित रकमभन्दा माथिको हकमा सम्बन्धित पक्षहरूबीचको सम्झौतापत्र, इन्भ्वाइस, नियमक निकायको सिफारिस, संस्थाको संचालक समितिको निर्णय, कर दाखिला गरेको निस्साको आधारमा जारी गर्ने व्यवस्था छ ।

(३) नेपालमा संचालित विदेशी हवाइ सेवा संचालक (एअरलाइन्स), कार्गो, कुरियरहरूले नेपालमा प्रदान गरेको सेवा वापतको र म सम्बन्धित देशमा लैजानका लागि सम्बन्धित बैंकहरूबाटै रिप्याट्रियसनको सुविधा उपलव्ध हुने व्यवस्था रहेको छ ।

(४) नेपाली नागरिकहरू पर्यटकका रुपमा निजी भ्रमणमा विदेश (भारत बाहेक) जानुपर्दा नेपाल सरकारले जारी गरेको वैध राहदानी, भिसा प्राप्त हुने अवस्थामा सो प्राप्त भएको प्रमाण र स्वीकृत (कन्फर्म्ड) हवाई टिकटको आधारमा बैंक/वित्तीय संस्था/इजाजतपत्र प्राप्त निकायहरूमार्फत् एक पटकमा अमेरिकी डलर २,५०० वा सो वरावरको विदेशी मुद्रा सटही सुविधा पाइने व्यवस्था छ ।

नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकलाई अधिकतम अमेरिकी डलर ५००/- (पाँचसय) सम्म सटही सुविधा उपलव्ध गराउने व्यवस्था रहेको छ। त्यसैगरी, विदेशमा (भारत बाहेक) व्यवसाय प्रवर्द्धन, व्यापार मेला, व्यापार गोष्ठीमा जाने नेपाली नागरिकलाई व्यापार प्रबर्द्धनको कार्यक्रमबाट हुने उपलब्धि तथा भाग लिन जानुपर्ने कारण सहितको निवेदनका आधारमा अमेरिकी डलर ५ हजार (प्रति पटक) सम्मको सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था रहेको छ ।

(४) स्वास्थ्य उपचारको क्रममा थप उपचारका लागि विदेश जानुपर्ने अवस्था

परेमा नेपाल मेडिकल बोर्डको सिफारिसका आधारमा आवश्यक रकमको सटही स्वीकृति नेपाल राष्ट्र बैंकवाट प्रदान गरिने व्यवस्था छ ।

(५) विदेशमा अध्ययन गर्न चाहने नेपाली विद्यार्थीहरूका लागि आवश्यक कागजात एवं नेपाल सरकार शिक्षा मन्त्रालयको सिफारिसका आधारमा विदेशी विश्वविद्यालयले लिने ट्युसन शुल्क र निर्वाह (खान वस्न) बापत आवश्यक पर्ने रकम इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूबाट सटही उपलब्ध गराइने व्यवस्था छ । सम्बन्धित विश्वविद्यालयबाट निर्वाह वापतको रकम खुल्न नआएमा नेपाल राष्ट्र बैकको नियमानुसार हुने व्यवस्था छ ।

(६) श्रम स्वीकृति लिई नेपालका फर्म, उद्योग कम्पनीमा काम गर्ने विदेशी नागरिकहरूले आफूले प्राप्त गरेको तलब, भत्ता वापतको रकमको ७५ प्रतिशतसम्म आफ्नो देश पठाउन पाइने व्यवस्था रहेको छ ।

(७) नेपाल सरकारबाट विदेशी लगानीको स्वीकृति लिई सञ्चालनमा रहेका फर्म, उद्योग कम्पनीबाट विदेशी लगानीकर्ताले प्राप्त गर्ने लाभांश रकम सम्बन्धित देश लैजान पाउने व्यवस्था छ ।

# परिच्छेद - ६

## ६.१ सेवा व्यापारका अवसरहरू (Opportunities in Trade in Services)

### (१) सहज अन्तर्राष्ट्रिय बजारको उपलब्धता (Availability of Accessible International Market)

विश्व व्यापार संगठनमा २ मार्च, २०१३ सम्म १५९ सदस्य रहेका छन् । ग्याट्स अनुसार संगठनका सदस्यहरूले एउटा सदस्यको उत्पादन र उत्पादकलाई जस्तो सुविधा उपलब्ध गराउँछन् त्यस्तै सुविधाहरू अन्य सदस्यहरूका उत्पादन र उत्पादनकर्तालाई पनि निर्बाध रुपमा प्रदान गर्नुपर्दछ । त्यस्तै, अन्य सदस्यहरूबाट आयातित उत्पादन र उत्पादकहरूलाई स्वदेशी उत्पादन र उत्पादक सरह व्यवहार गर्नुपर्ने र बजार पहुँच दिने सम्बन्धमा पनि विभिन्न विशेष प्रतिबद्धताहरू व्यक्त गर्नुपर्ने हुन्छ । यसबाट विश्व व्यापार संगठनको सदस्यको हैसियतले विश्वभरका बजारको उपयोग गर्न सक्ने अवसर नेपाललाई पनि उपलब्ध छ ।

### (२) प्रविधि हस्तान्तरण (Transfer of Technology)

ग्याट्सले सेवाको सीमापार व्यापारलाई थप प्रवर्द्धन गरेको छ । यसबाट अन्य घरेलु अवस्था र वातावरण अनुकुल भएका सेवा क्षेत्रमा पनि वैदेशिक लगानीको संभावना बढेको छ । वैदेशिक लगानीले पूँजीको साथसाथै विविध प्रकारका दक्षता र प्रविधि पनि भित्र्याउने हुँदा यसलाई नेपाल जस्ता अल्पविकसित सदस्य देशहरूले अवसरको रुपमा उपयोग गर्न सक्ने अवस्था छ । प्रत्यक्षतः प्रविधि हस्तान्तरण हुने सम्भावना बढेको छ ।

### (३) उपभोक्ताहरूको लागि बृहद छनौट (Wide Choices for Consumers)

ग्याट्सले घरेलु बजारमा बाह्य सेवाहरूको निर्बाध आयातलाई खुला गर्नुपर्ने प्रावधानहरू समेटेको छ । यसबाट उपभोक्तहरूलाई आफ्नो क्षमता र आवश्यकता अनुसारका गुणस्तरीय सेवाको छनौट गरी उपभोग गर्न सक्ने अवसर प्राप्त भएको छ। गुणस्तरबाहेक मूल्यको छनौटमा पनि उपभोक्तहरूले बढी विकल्पहरू प्राप्त गरेको अवस्था छ ।

### (४) विकसित सदस्यहरूबाट आर्थिक एवं प्राविधिक सहयोग (Technical Cooperation from Developed Members)

ग्याट्सको धारा २५ को प्रावधान अनुसार विकासशील सदस्य देशहरूलाई सेवा व्यापार परिषद्को निर्णयमा विश्व व्यापार संगठनको सचिवालयमार्फत बहुपक्षीय सहयोग उपलब्ध गराउने व्यवस्था छ। यस्तो सहयोगको उपयोग गर्न सक्ने अवसर अल्पविकसित सदस्यको नाताले नेपाललाई पनि उपलब्ध छ।

### (५) नयाँ सिर्जना र अनुसन्धान (New Innovations and Research)

ग्याट्सले सेवा व्यापार क्षेत्रलाई विश्वस्तरमा बढीभन्दा बढी प्रतिस्पर्धी बन्नुपर्ने अवस्थालाई थप बल पुऱ्याएको छ। यसबाट सेवा क्षेत्रका नयाँ व्यवसायी र सिर्जनशील व्यक्तिहरूलाई सेवाका नयाँनयाँ क्षेत्र पहिचानका साथै पहिचान भइसकेका क्षेत्रहरूमा पनि थप अनुसन्धान गरी प्रतिस्पर्धी बन्न उत्प्रेरित हुने अवसर उपलब्ध भएको छ।

### (६) ठूला र दीर्घकालीन लगानीको सम्भावना (Possibility of Large and Long-term Investments)

ग्याट्सले सदस्य देशहरूबीचमा अति सौविध्यपूर्ण राष्ट्रहरूको व्यवहार र घरेलु तहमा कार्यान्वयनमा रहेका नीतिहरूको पारदर्शितालाई निर्बाध रुपमा पालना गर्नुपर्ने दायित्वसम्बन्धी प्रावधानहरूको व्यवस्था गरेको छ। यसको साथै, सदस्य देशहरूले सदस्य हुने क्रममा विशेष प्रतिबद्धता सूचि पनि प्रस्तुत गर्नुपर्ने हुन्छ। यसबाट स्वदेशी तथा विदेशी दुवै लगानीकर्ताहरूलाई तुलनात्मक लाभका क्षेत्रहरूमा लगानी गर्न नीतिगत स्थायित्व र सुविधाको अवसर उपलब्ध भएको छ। यसले ठूला पूर्वाधारका क्षेत्रमा लगानीको वातावरण बनेको छ।

## ६.२ सेवा व्यापारका चुनौतीहरू (Challenges of Trade in Services)

### (१) उच्च प्रतिस्पर्धी विश्व बजार (Highly Competitive World Market)

वास्तवमा विश्व व्यापार संगठनको सदस्यतासँगै प्रत्येक सदस्यलाई व्यापार प्रवर्द्धनका लागि लगानीको अवसरमा बृद्धि र विश्वव्यापी बजार पहुँचको सुविधा उपलब्ध छ। तरपनि छिमेकी देशहरू तथा अन्य विकसित देशहरूको तुलनामा नेपाल जस्ता

देशहरूमा कमजोर र सानो परिमाणको मात्र पूँजी लगानी गर्नसक्ने निजी क्षेत्र, कमसल प्रविधि र सीमित तुलनात्मक लाभका उत्पादनका साथै बजारको विविधता समेत न्यून भएको अवस्था छ । यस्तो अवस्थामा यी मुलुकहरूले आफ्नो बजारमा बाह्य सामानहरूको उच्च आयातको समस्या भोल्नुपर्ने र बहुराष्ट्रिय कम्पनीहरूको उपस्थितिबाट साना पूँजी र प्रविधिमा स्थापित स्वदेशी उद्योगहरू विस्थापित हुने त्रास छ । अतः अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने गरी निजी क्षेत्रको क्षमता विकासमार्फत स्वदेशी व्यवसायीहरूको दक्षता र उत्पादकत्वमा वृद्धि गरी मूल्य र गुणस्तरको हिसाबले प्रतिस्पर्धी बनाउने कार्य चुनौतीपूर्ण छ ।

### (२) घरेलु नियमहरू र ग्याट्सका प्रावधानहरूबीचको तादाम्य (Coherence between Domestic Rules and GATS Provisions)

विश्व व्यापार संगठनमा सम्मिलन हुने क्रममा नेपालले संगठनका प्रावधान अनुकुल हुने गरी तर्जुमा र सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेका विभिन्न नीतिहरू, कानूनहरू तथा प्रक्रियाहरूलाई निश्चित समयसीमाभित्र पूरा गर्नुपर्ने दायित्व छ। यस्ता नीतिगत तथा संस्थागत प्रतिबद्धताहरूलाई समयमै पूरा गर्ने कार्य नेपालजस्तो आर्थिक एवं राजनीतिक संक्रमणबाट गुज्रिरहेको मुलुकका निम्ति आर्थिक, प्रशासनिक र प्राविधिक दृष्टिले समेत चुनौतीपूर्ण छ ।

### (३) आधारभुत पुर्वाधारको व्यवस्था (Provision of Basic Infrastructure)

सेवा व्यापार गर्नसक्ने विभिन्न चारवटा तरिकाहरू अन्तर्गत सेवा प्रवाहमार्फत लाभ प्राप्त गर्नको लागि विद्युत आपूर्ति, संचार प्रविधिको व्यवस्था र विश्वसनीयता, वित्तिय पुर्वाधारको साथै नीतिगत पुर्वाधारको पर्याप्त र समसामयिक व्यवस्था गर्नुपर्ने चुनौती पनि नेपालसमक्ष टड्कारो देखिएको छ। यस्तो अवस्थामा विभिन्न बहुपक्षीय समभदारी अन्तर्गत अल्पविकसित अर्थतन्त्रको हैसियतले नेपालले प्राप्त गर्ने सहुलियत र सुविधाको उपयोगको लागि पनि यी पुर्वाधारको विकास र विस्तारको व्यवस्था गर्नुपर्ने आवश्यकता छ। यसको लागि पर्याप्त बजेट, नीति तथा कार्यक्रमको समेत व्यवस्था गर्नुपर्ने चुनौती छ ।

### (४) सरोकारवालाहरूबीचको फरक बुझाइ
### (Diverse Understandings among Stakeholders)

व्यापारिक क्षेत्रमा प्रमुख सरोकारवाला भनेको निजी क्षेत्र नै हो । नेपालको सेवा क्षेत्रमा संलग्न व्यापारिक तथा औद्योगिक समुदायहरूले ग्याट्सका प्रावधानहरूको सम्बन्धमा आ-आफ्नै तरिकाले बुझेको अवस्था छ । कतिपय व्यक्ति तथा समुदायले ग्याट्समा गरेको प्रतिबद्धताहरूलाई नेपालमा लागू हुने अधिकतम सीमाको रुपमा बुझेको अवस्था पनि छ । त्यस्तै संगठनमा गरेको प्रतिबद्धताभन्दा घरेलु कानून बढी उदार भएको अवस्थामा पनि संगठनमा गरेको प्रतिबद्धता नै लागू हुनुपर्ने बुझाइ पनि कतिपयमा देखिएको छ । स्थानीय उपभोक्ता र उद्यमीहरूबीचमा पनि फरक फरक प्रकारको बुझाइ देखिएकोले यस्तो बुझाइलाई यथार्थ र एउटै बनाउनुपर्ने टड्कारो चुनौती रहेको छ ।

### (५) राष्ट्रिय उद्योगधन्दाहरूको संरक्षण र प्रवर्द्धन
### (Protection and Promotion of National Industries)

नेपालको अवस्था वस्तुजन्य उद्योगमा जस्तै सेवाजन्य उद्योगको क्षेत्रमा पनि प्रारम्भिक चरणमा नै छ । यस्तो अवस्थामा बाह्य मुलकबाट हुने सेवाको आयातलाई निर्वाध रुपमा प्रवेश दिनुपर्ने प्रावधानहरू भएकोले यसका विशेष प्रावधानहरूको सही उपयोग गरी भर्खर गति लिन लागेका तर स्वदेशी उद्यमीबाट नै सक्षम रुपमा संचालन हुनसक्ने सेवा उद्योगहरूको पहिचान, संरक्षण तथा प्रवर्द्धन गर्ने कार्य चुनौतीपूर्ण छ ।

### (६) ग्याट्सका प्रावधानहरूको पर्याप्त ज्ञान तथा उपयोग
### (Adequate Knowledge and Utilization of GATS Provisions)

ग्याट्सका प्रावधानहरू एकातिर सरल छैनन् भने अर्कोतिर त्यसबाट लाभ लिने विषय पनि नेपाल जस्ता सदस्य देशको लागि जटिल नै छ । यसका अपवादजन्य प्रावधानहरू लगायत सबै प्रावधानहरूको यथोचित सुझबुझ, विभिन्न समयमा भएका विश्व व्यापार संगठनको मन्त्रिस्तरीय सम्मेलन लगायत अन्य संस्थागत निर्णयहरूको पर्याप्त बुझाई र राष्ट्रिय हितको क्षेत्रमा यी प्रावधानहरू र निर्णयहरूको उपयोग गर्ने र अधिकतम लाभ लिने कार्य निकै चुनौतीपूर्ण देखिन्छ । साथै, यसबारे बुझेर फाइदा लिने क्षमताको विकास गर्ने काम पनि सजिलो छैन ।

## ६.३ विभिन्न क्षेत्रले भविष्यमा खेल्नुपर्ने भूमिका (Future Roles to be Played by Different Sectors)

बहुपक्षीय व्यापार प्रणालीबाट मुलुकको विकासको लागि लिन सकिने लाभ अधिकतम गर्न एकमात्र वा सीमित पक्षको मात्र भूमिका पर्याप्त छैन । यसको लागि राज्य अर्थात् सरकारी पक्ष, निजी क्षेत्र, स्थानीय निकाय, नागरिक समाज तथा विकासका बाह्य साझेदारको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । किनकि एक्काइसौं शताब्दीको व्यापार प्रणाली सम्बन्धित सबै सरोकारवालाको एकीकृत र समन्वयपूर्ण प्रयासबाट मात्र प्रभावकारी हुन सम्भव छ। यस सन्दर्भमा उल्लिखित सबै क्षेत्रले खेल्नुपर्ने भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

### (१) सरकारी क्षेत्रको भूमिका (Role of Government Sector)

सरकारले सेवा व्यापार क्षेत्रलाई व्यवस्थित गर्दै यस क्षेत्रलाई अर्थतन्त्रको एक प्रमुख आधारशिलाको रूपमा स्थापित गर्न देहाय बमोजिमको भूमिका निर्वाह गर्नु आवश्यक देखिन्छ :-

- **नीतिगत तथा प्राविधिक सहजीकरण गर्ने (Policy and Technical Facilitation)** : व्यापार सहजीकरणको लागि आवश्यक कानून, नियम तथा नीतिहरू मुलुकको हित हुने गरी साथै विश्व व्यापार संगठन अनुकूल समेत हुने गरी शीघ्र तर्जुमा, संशोधन वा परिमार्जन गर्ने कार्य सरकारले गर्नुपर्दछ। यसबाहेक, विश्व व्यापार संगठनका अन्य सदस्यहरूबाट लागू गरिएका (Imposed) सम्पूर्ण गैर-भन्सारमूलक अवरोधहरूलाई हटाउन वार्ता, छलफल वा अन्य उपायहरूमार्फत पहल पनि गर्नुपर्दछ। वैदेशिक रोजगारीमा जानेहरूमध्ये व्यावसायिक दक्षता भएका जनशक्तिहरूको पहिचान गर्नको लागि वैदेशिक रोजगारसम्बन्धी नीतिगत तथा प्रक्रियागत पक्षमा परिमार्जन लगायतका कार्य तुरुन्त गर्नुपर्दछ । यसको लागि सर्वप्रथम तथ्याङ्क संकलन आवश्यक हुन्छ ।

- **आपूर्तिजन्य अवरोधहरूको निराकरण गर्ने (Elimination of supply side Constraints)** : उत्पादनको परिमाण तथा गुणस्तर निश्चित गर्न सघाउने आवश्यक पूर्वाधारको निर्माण गर्ने लगायतका कार्य गरी उत्पादन प्रवर्द्धन गर्ने आधारभूत वातावरण निर्माणमा पनि सरकारले सघाउनुपर्दछ। यसको लागि अन्तर्राष्ट्रिय स्तरको प्रयोगशालाहरूको निर्माण गर्ने; ती

प्रयोगशालाहरूको अन्तर्राष्ट्रिय प्रमाणीकरण गर्ने लगायतका कार्य पनि गर्दै जानुपर्ने देखिन्छ ।

- **स्वदेशी उद्योगधन्दाहरू प्रतिस्पर्धी हुने वातावरण सिर्जना गर्ने (Creation of the Environment of Competition for National Industries)** : स्वदेशी उद्योगहरूलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी हुनसक्ने बनाउँनको लागि आवश्यक उपायको रुपमा क्षेत्रगत सेवा सम्बन्धी ऐन तथा नीतिहरू तर्जुमा गर्ने, पुर्वाधारको पर्याप्त व्यवस्था गर्ने, अन्तर्राष्ट्रिय सेवा व्यापार प्रणालीको बारेमा स्वदेशी उद्योगी व्यवसायीहरूलाई यथेष्ट जानकारी दिने लगायतका व्यवस्थाहरू गर्नुपर्दछ। साथै, उदारीकरणलाई नियमविहिनताको रुपमा उपयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यकता अनुरुप अनुगमनमार्फत सरकारी उपस्थिति जनाउँनुपर्दछ ।

- **उत्तरदायित्व प्रणालीको सबलीकरण गर्ने (Empowerment of Accountability System)** : लगानी तथा व्यवसायमैत्री वातावरणको अनिवार्य शर्तका रूपमा रहेका औद्योगिक शान्ति र सुरक्षाको सुनिश्चितताको लागि नीति, योजना तथा संयन्त्रको निर्माण गर्ने र यसको प्रभावकारिताको ग्यारेन्टी गर्न उत्तरदायित्व प्रणाली सुनिश्चित गर्ने व्यवस्था सरकारले गर्नुपर्ने आवश्यकता छ ।

- **सरकारी निजी साझेदारीलाई बढावा दिने (Promotion of Public-Private Partnership)** : विदेशी पूँजी तथा प्रविधि हस्तान्तरणलाई भित्र्याउने ठोस नीति र मार्गचित्र तय गरी कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ । यसको लागि निजी क्षेत्रसँग सरकारले साझेदारी गर्नुपर्दछ किनकी, सार्वजनिक-निजी साझेदारीले सेवा उत्पादनमा गुणस्तर प्रवर्द्धन गर्न तथा उत्तरदायी व्यवस्थापनलाई बढावा दिन्छ ।

- **अन्तर्राष्ट्रिय समन्वयको प्रवर्द्धन गर्ने (Promotion of International Coordination)** : व्यापारको लागि सहयोग (Aid for Trade) को प्राप्ती र उपयोग लगायत अन्य प्राविधिक सहयोग परिचालनको लागि आर्थिक कूटनीति लगायतका वार्ताका उपायहरूमार्फत विकासका साझेदारहरूसँग समन्वय बढाउनुपर्दछ ।

- **अध्ययन अनुसन्धानलाई प्राथमिकीकरण गर्ने (Prioritization to Study and Research)** : विभिन्न राष्ट्रिय स्तरका अध्ययन प्रतिवेदन, नीति

तथा रणनीतिहरूमार्फत पहिचान भएका प्रतिस्पर्धात्मक र तुलनात्मक लाभ भएका सेवा क्षेत्रहरूको प्रवर्द्धनमा जोड दिने र त्यस किसिमका अध्ययनहरूलाई प्राथमिकता दिने कार्यले सेवा व्यापारको विकासलाई सघाउँछ ।

- **विश्व व्यापारमा भएका नयाँ सहुलियतको उपयोग गर्ने वातावरण बनाउने (Creation of Environment for the utilization of New Waivers of World Trade)** : विश्व व्यापार संगठनका सम्झौताहरूमा भएका विकासशील देशहरूका लागि गरिएका सहुलियतसम्बन्धी विभिन्न व्यवस्थाहरूबाहेक पनि हालै निर्णय भएको सेवा व्यापारमा बजार पहुँचको सहुलियतपूर्ण व्यवस्था उपयोगको लागि विश्व व्यापार संगठनको नेपाल मिशनमार्फत अधिकतम प्रयास गर्नुपर्दछ । बढिभन्दा बढी मुलुकहरूसँग सेवा व्यापार सम्बन्धी सम्झौता गर्नुपर्दछ। यसले निजी क्षेत्रले व्यावसायिक वातावरणको अनुभव गर्दछन् ।

### (२) **निजी क्षेत्रको भूमिका (Role of Private Sector)**

बजारमुखी र उदार अर्थ व्यवस्थामा निजी क्षेत्रको भूमिका आर्थिक क्रियाकलापमा ज्यादै महत्त्वपुर्ण मानिन्छ । आफ्ना उत्पादनको गुणस्तर एवं प्रतिस्पर्धी क्षमतालाई उच्च राख्दै अन्तर्राष्ट्रिय बजारमा स्थापित गराउने प्रमुख जिम्मेवारी निजी क्षेत्रको हो । यस सन्दर्भमा निजी क्षेत्रको भूमिकालाई निम्नानुसार लिन सकिन्छ :-

- **उत्पादन र उत्पादकत्व बढाउने (Promoting Production and Productivity)** : व्यापारयोग्य सेवा उत्पादनको परिमाण, उत्पादकत्व तथा गुणस्तरीयता बृद्धिका निमित्त आवश्यक प्रविधि, भौतिक संरचना तथा स्तरयुक्त उत्पादन प्रक्रिया र तौर तरिका अवलम्बन गर्ने कार्यमा निजी क्षेत्रले अग्रसरता देखाउनुपर्दछ ।

- **सूचना आदान प्रदान र बजार अध्ययन गर्ने (Exchange of Information and Market study)** : नेपालमा उत्पादित निर्यातयोग्य वस्तुहरूको बजार विस्तारका लागि सम्बन्धित सरोकारवालाहरूसँग सूचना आदान प्रदान र अध्ययन अनुसन्धान गर्ने कार्यमा पनि निजी क्षेत्रले भूमिका खेल्नुपर्दछ । यसको लगि आवश्यकता अनुसार सरकारसँग पनि सहकार्य गनुपर्ने हुन्छ ।

- **व्यावसायिकता विकास गर्ने (Development of Professionalism)** : आजको प्रतिस्पर्धी समयमा आफ्नो उद्योग व्यवसायको प्रवर्द्धन, स्तरोन्नती, प्रतिस्पर्धी क्षमता विकासको लागि उच्च व्यवसायिकताको विकास गर्नुपर्दछ । यसको लागि व्यवस्थापनका नयाँ र व्यावहारिक अवधारणाहरू अवलम्बन गर्ने, व्यवसायमा मूल्य अभिवृद्धिको लागि कर्मचारीको क्षमता विकास गर्ने, कार्य वातावरण सबल बनाउने लगायतका कार्यहरू गर्नुपर्दछ ।

- **सामाजिक उत्तरदायित्वको परिपालना गर्ने (Fostering Social Accountability)** : सेवा व्यापारको दीगो विकासको लागि व्यवसायको अभिन्न अङ्गको रुपमा सामाजिक उत्तरदायित्वको परिपालनामा पनि निजी क्षेत्रले ध्यान दिनु अति आवश्यक छ, जसबाट सरोकारवालाहरूको सहयोग र सहकार्य सहज होस् ।

- **राय सुझाव प्रदान गर्ने (Providing Recommendations)** : सरकारले तर्जुमा गर्ने नीति तथा ऐन नियमहरूको लागि सिर्जनात्मक सुझाव दिने र आवश्यक नयाँ नीति तर्जुमा गर्न समेत सकारात्मक भूमिका पनि निजी क्षेत्रले खेल्नुपर्दछ । यसो भएमा सरकार र निजी क्षेत्रको सहकार्य सबल भई नीतिगत र कानूनी प्रभावकारिता बढ्छ ।

- **आफूलाई अद्यावधिक राख्ने (Self-updating)** : व्यवसाय संचालन गर्दा क्षणिक मुनाफाभन्दा पनि यसको उन्नती र दीगो टिकाउपनाको लागि समयानुकुल व्यावसायिक रणनीति निर्माण गर्ने, त्यसको कार्यान्वयन र निरन्तर मूल्याङ्कनको आधारमा नवीन प्रविधि, कार्यशैली, उत्पादन तथा वितरणमा समयानुकूल परिवर्तन गरी निजी क्षेत्रले आफूलाई सदैव अद्यावधिक राख्नुपर्दछ ।

- **व्यावसायिक मर्यादा र अनुशासनको पालना गर्ने (Fostering Professional Norms and Discipline)** : विद्यमान सरकारी नीति, ऐन, योजना र कार्यक्रमको परिधिभित्र रही आफ्नो व्यावसायिक उत्पादन, बजारीकरण लगायतका व्यावसायिक क्रियाकलाप गरी निजी क्षेत्रले आफ्नो छवी सदैव स्वच्छ र मर्यादित राख्नुपर्दछ । साथै, राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा मान्य सिद्धान्त र प्रणाली अनुरुप सेवा व्यवसाय सञ्चालन गर्नुपर्दछ ।

### (३) स्थानीय निकायको भूमिका (Role of Local Bodies)

स्थानीय निकाय नै वास्तवमा जनस्तरमा विकास क्रियाकलापका संवाहक हुन् । स्थानीय सेवा उत्पादनको संभावना, बजारीकरणको यथार्थ अवस्था र यसलाई सुधार्ने सम्बन्धमा पनि संचालन गर्नुपर्ने ठोस क्रियाकलापको बारेमा स्थानीय निकायमार्फत स्थानीय व्यापारिक सरोकारवालाहरूको राय सुझाव महत्त्वपूर्ण हुन्छ । उनीहरूलाई पनि बहुपक्षीय व्यापारको सम्बन्धमा सचेत र यसबाट हुने लाभ तथा चुनौतीको बारेमा जागरुक बनाउँनुपर्दछ । साथै, स्थानीय निकायको राय सुझावलाई पनि स्थान दिनुपर्दछ ।

यस सन्दर्भमा स्थानीय निकायले खेल्न सक्ने अपेक्षित भूमिकालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

- **सचेतना जगाउने (Awareness Creation)** : स्थानीय सेवा उत्पादक र व्यापारिक व्यक्ति तथा समुदायलाई बहुपक्षीय व्यापार प्रणालीको सम्बन्धमा जागरुक बनाउने कार्य स्थानीय निकायले गर्नुपर्दछ । साथै आन्तरिक तथा बाह्य मुलुकको उत्पादनको सम्बन्धमा गुणस्तर र परिमाणको आवश्यकता सम्बन्धमा जानकारीमूलक कार्यक्रमहरू पनि स्थानीय निकायले संचालन गर्नुपर्दछ ।

- **स्थानीय उत्पादनलाई प्रोत्साहन दिने (Promoting Local Production)** : स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार अनुरुप प्रोत्साहन गर्ने कार्य स्थानीय निकायहरूले गर्नुपर्दछ । यस क्रममा स्थानीय उत्पादकसँग सहकार्य गरी उत्पादनको मूल्य अभिवृद्धि प्रणालीलाई प्रभावकारी बनाउनमा पनि स्थानीय निकायको भूमिका आवश्यक हुन्छ ।

- **सहजीकरण गर्ने (Facilitation)** : स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारमा सहयोग पुऱ्याउँने गरी सहजीकरण गर्ने भूमिका खेल्नुपर्दछ ।

- **अन्य निकायहरूसँग सहकार्य गर्ने (Coordination with other Institutions)** : सम्भाव्य स्थानीय उत्पादनको निर्यात सम्बन्धमा राष्ट्रिय स्तरका सरकारी तथा निजी निकायसँग पनि सम्पर्क तथा सहकार्य गर्नुपर्दछ ।

- **सुझाव तथा प्रतिक्रिया दिने (Providing Recommendations and Feedback)** : वस्तु उत्पादन, निर्यात तथा अन्य बजारीकरणका सम्बन्धमा आवश्यक सुझाव, प्रतिक्रिया र राय सरकारी र निजी निकायलाई प्रदान गर्ने कार्य पनि स्थानीय निकायले गर्नुपर्दछ ।

**(४) नागरिक समाजको भूमिका (Role of Civil Society)**

आर्थिक तथा सामाजिक क्षेत्रमा नागरिक समाजको भूमिकालाई सार्वजनिक सहभागिताको नयाँ र महत्त्वपुर्ण रुपमा लिइने गरिएको छ । यसर्थ बहुपक्षीय व्यापार प्रणालीलाई पनि जिम्मेवार, जनहितकारी तथा लाभदायी बनाउने सवालमा नागरिक समाजको भूमिका राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा पनि स्वीकारिएको छ र बहुपक्षीय व्यापार प्रणालीबाट लाभ लिने सवालमा यसलाई अझै प्रभावकारी बनाउन थप निर्दिष्ट गर्नुपर्ने अवस्था छ । WTO को स्थापनापछि खासगरी विश्वव्यापीकरणको तीव्रतापछि नागरिक समाज सामाजिक मात्र होइन आर्थिक विषयहरूमा पनि सक्रिय हुने वातावरण सबल बनेको छ । हुन त प्रत्यक्ष रुपमा नागरिक समाजले आर्थिक कारोवार वा लगानी जस्ता कार्य गर्ने होइन तथापि अप्रत्यक्ष रुपमा उक्त क्रियाकलापलाई रचनात्मक सुझाव र पृष्ठपोषणको लागि नागरिक समाजको उचित र सीमासहितको भूमिका हुनु आवश्यक छ । यसबाट बहुपक्षीय व्यापार प्रणालीको वैधता वृद्धि गर्न सघाउ पुग्न सक्छ । यस सन्दर्भमा सेवा व्यापारको लागि नागरिक समाजले खेल्नुपर्ने भूमिकालाई निम्न रुपमा उल्लेख गर्न सकिन्छ :-

- **बहस तथा पैरवी गर्ने (Advocacy and Lobbying)** : WTO को सदस्यको हैसियतले सेवा व्यापारको सन्दर्भमा नेपालसँग रहेका सबल पक्ष, कमजोर पक्ष, अवसर तथा जोखिमको सम्बन्धमा तथ्यगत बहस, पैरवी र छलफल गर्ने काम नागरिक समाजले गर्नुपर्दछ । यस्तो पैरवी आवश्यक कानून तर्जुमा र संशोधन गर्ने सन्दर्भमा पनि महत्त्वपूर्ण हुन्छ ।

- **समन्वयकर्ताको भूमिका खेल्ने (Playing the Role of Co-ordinator)** : बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिन तथा जोखिम कम गर्न सरकार तथा निजी क्षेत्रलाई सजग बनाउने तथा सकारात्मक र ऊर्जाशिल दवावको भूमिका पनि नागरिक समाजले खेल्नुपर्दछ । यसको अतिरिक्त WTO को सदस्यताबाट सिर्जित अवसरहरूलाई अधिकतम उपयोग गर्न सरकार, निजी क्षेत्र र दातृ निकायबीच समन्वयकर्ताको

रुपमा पनि नागरिक समाजले आवश्यकता अनुसार कार्य गर्नुपर्दछ ।

- **सरकारसँग साझेदारी गर्ने (Partnership with Government)** : WTO बाट लाभ लिने सम्बन्धमा अध्ययन अनुसन्धान लगायतका कार्यमा सरकारसँग साझेदारी गरी सहयोगीको भूमिका नागरिक समाजले खेल्नुपर्ने देखिन्छ । यस क्रममा विश्व व्यापार प्रणालीमा आएका नयाँ अवधारणा तथा प्रणाली सम्बन्धमा अध्ययन गर्ने र सूचना उपलब्ध गराउने कार्यमा सहयोग गर्नुपर्दछ ।

- **निजी क्षेत्रसँग सहकार्य गर्ने (Partnership with Private Sector)** : अन्तर्राष्ट्रिय व्यापारबाट हुने लाभको प्रवर्द्धन गर्न सरकार तथा आवश्यक परेको अवस्थामा निजी क्षेत्रसँग समेत नागरिक समाजले सहकार्य गर्नुपर्दछ ।

- **स्रोत उपयोगलाई उत्पादनमुखी बनाउने (Making utilization of Resource Productive)** : दातृ निकाय तथा संस्थाबाट आएको सहयोगको पारदर्शिता कायम राखी यसको उपयोगलाई राष्ट्रिय नीति, योजना, कार्यक्रम तथा आवश्यकतासँग सामञ्जस्य कायम राख्ने कार्य नागरिक समाजले गर्नुपर्दछ ।

- **अध्ययन अनुसन्धान गर्ने (Research and Study)** : निजी क्षेत्रले व्यावसायिक रुपमा आफूलाई प्रतिस्पर्धी बनाउँन सेवा क्षेत्रमा अध्ययन अनुसन्धान पनि गर्नुपर्दछ । यसले सेवा व्यापार क्षेत्रको दीगो विकासमा सहयोग पुग्दछ ।

### (५) अन्तर्राष्ट्रिय विकास साझेदारहरूको भूमिका
### (Role of International Development Partners)

विश्व व्यापार संगठनको सदस्य रहेका नेपाल जस्ता अति कम विकसित राष्ट्रलाई बहुपक्षीय व्यापार प्रणाली अन्तर्गत सेवा व्यापारबाट अधिकतम लाभ लिने अवस्था सिर्जना गर्ने सन्दर्भमा विकास साझेदारको भूमिकालाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

- **व्यापार वार्ता क्षमता विकासका लागि सहयोग गर्ने (Supporting for Trade Negotation Capacity Building)** : दातृ मुलुक र निकायहरूले आफ्ना उल्लेखनीय वार्ता तथा त्यस्तै घटनाको अनुभव आदान प्रदान गर्ने; कुशल वार्ताकारहरूसँग नेपालका उच्च तथा मध्यम नेतृत्वसँग अनुभव आदानप्रदान (experience sharing) गर्ने; वार्ता क्षमताका विविध क्षेत्र र क्षमता विकासका विभिन्न पक्षमा व्यापार वार्ताको तालिम उपलब्ध गराउने कार्य प्रभावकारी रुपमा गर्नुपर्ने देखिन्छ । यस्ता कार्य गर्दा वस्तुगत आवश्यकताको आधारमा आधारभूत तालिम, उच्चस्तरका तालिम र रणनीतिक तालिमहरूका लागि सहयोग उपलब्ध गराउनुपर्दछ ।

- **बजारको सहज उपलब्धता कायम गर्न सघाउने (Supporting for Easy Access to Market)** : यसको लागि बाह्य मुलुकमा नेपालवाट सेवा निर्यात हुँदा भोल्नुपर्ने समस्याहरूलाई निराकरण गर्नेतर्फ पहल गर्ने, नेपाल लगायत कम विकसित देशमा उत्पादित सेवाहरूको सहज र सरल बजार पँहुचको लागि पहल गरिदिने, क्षमता विकासका लागि आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउने, नेपालको निर्यात सम्भाव्यता भएका सेवाको बजार प्रवर्द्धनका लागि सहजीकरण गर्ने, WTO को कानूनी दस्तावेजमा उल्लेख भए अनुसारका सुविधाहरू नेपालजस्ता मुलुकलाई उपलब्ध गराउन प्रयासरत रहने, विभिन्न सभा सम्मेलनमा गरिब मुलुकहरूको सक्रिय सहभागिताको लागि विशेष व्यवस्था गर्ने भूमिका विकास साझेदारले खेल्नुपर्दछ । यस्तै सेवा निर्यातमा गैर-भन्सार सम्बन्धी अवरोधहरू हटाउने कार्यमा पनि विकास साझेदारहरूले भूमिका खेल्नुपर्दछ ।

- **सरकारसँगको सहकार्यलाई थप प्रवर्द्धन गर्ने (Further Promotion of Partnership with Government)** : निर्यातयोग्य सेवाहरूको उत्पादन तथा वितरणमा सहयोगको लागि नेपालले पहिचान गरेका प्रमुख निर्यातयोग्य सेवा विकास र प्रवर्द्धन गर्न विकासका समग्र चरणहरूमा आवश्यक सहयोग तथा साझेदारीमा बृद्धि गर्ने कार्य गर्नुपर्दछ । साथै क्षमता विकास एवं नेपालको आपूर्तिजन्य कमजोरी (Supply Side Constraints) कम गर्नका लागि प्राविधिक एवं आर्थिक सहयोग उपलब्ध गराउने कार्यमा पनि थप सघाउने कार्य विकास साझेदारले गर्नुपर्दछ ।

- **क्षेत्रगत समन्वयलाई सबल बनाउने (Strengthening Sectoral Co-ordination)** : व्यापारका लागि सहायता परिचालन क्षमता सबल बनाउन सम्बन्धित निकाय, खासगरी वाणिज्य तथा आपूर्ति मन्त्रालय एवं अन्य निकायको समेत वार्ता क्षमता, प्राविधिक क्षमता, नीति तर्जुमा क्षमता जस्ता पक्षको विकासको लागि पनि विकास साझेदारको भूमिका उत्तिकै अपेक्षित छ । साथै, सहायताको सदुपयोगको लागि व्यापारमा क्षेत्रगत अवधारणाको प्रयोगमार्फत स्रोत परिचालनमा समन्वय, सहकार्य तथा तादाम्य कायम गर्ने र व्यापार क्षेत्रका लागि गरिनुपर्ने समग्र कामकारवाहीहरू समन्वयात्मक रुपमा गरी व्यापारलाई विकासमा मूलप्रवाहीकरण गर्नुपर्ने देखिन्छ ।

विगत ५० वर्ष यता विश्वभर सूचना प्रविधिमा आएको क्रान्तिको साथै तीव्र हुँदै गएको सेवा व्यापारको विस्तारले विश्व व्यापारका साझेदार राष्ट्रहरू, अर्थशास्त्री र आम व्यवसायीहरूको ध्यान बहुपक्षीय सेवा व्यापारतर्फ थप आकृष्ट भएको छ । यसै सन्दर्भमा विश्व व्यापारमा सेवा क्षेत्रको महत्त्वपूर्ण स्थानलाई दृष्टिगत गर्दै सेवा व्यापारलाई क्रमशः उदारीकृत गर्दै लैजान र यसलाई पनि बहुपक्षीय व्यापारका नियमहरूको ढाँचामा समाहित गर्दै जानुपर्ने आवश्यकताको महशुस भयो । फलस्वरुप नियममा आधारित स्वच्छ, निष्पक्ष, व्यवधानरहित, खुला बजार प्रणालीमार्फत आपसी हित र चासो प्रवर्द्धन गर्न सकिने विश्वासका साथ सम्पन्न भएको उरुग्वे राउण्डको वार्ताको उपलब्धिस्वरुप ग्याट्स कार्यान्वयनमा आएको हो ।

नेपाल विश्व व्यापार संगठनको सदस्य बनेपछि संगठनको एक प्रमुख सम्झौताको रुपमा रहेको ग्याट्सले यसबाट फाइदा लिनसक्ने सन्दर्भमा बजार पहुँच, प्रविधि हस्तान्तरण, घरेलु उपभोक्ताहरूलाई छनौटका बृहत् अवसरहरू, प्राविधिक सहयोग, नयाँ सिर्जना (New Innovations), ठूला लगानीको संभाव्यता जस्ता अवसरहरू उपलब्ध गराएको छ । यसको साथसाथै, तीब्र र उच्च प्रतिस्पर्धा, नीतिगत तादाम्यता कायम गर्नुपर्ने, राजस्वको वैकल्पित स्रोतको व्यवस्था गर्नुपर्ने, सरोकारवालाहरूबीच पर्याप्त सूचना तथा जानकारी हुनुपर्ने; राष्ट्रिय उद्योगधन्दाहरूको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने जस्ता चुनौतिहरू पनि सामुन्ने छन् । यस्तो अवस्थामा उपलब्ध अवसरहरूको उपयोग गर्ने र चुनौतीहरूको सामना गरी बढीभन्दा बढी लाभ लिनको लागि सरकार लगायत अन्य सबै सरोकारवालाहरूले आ-आफ्नो क्षेत्रबाट भूमिका खेल्नुपर्ने हुन्छ ।

## सन्दर्भ सामग्रीः


- The Legal Texts, The Results of the Uruguay Round of Multilateral Trade Negotiations, World Trade Organizations, WTO Secretariat, 2002
- Trade Policy Review, Government of Nepal, Ministry of Commerce and Supplies, 2012
- Website: www.wto.org
- Website: www.nepallawcommission.gov.np
- Understanding the WTO, WTO/Cambridge University Press, 2011
- http://www.wto.org/english/res_e/statis_e/services_training_module_e.pdf
- A Handbook of International Trade in Services, Aaditya Mattoo, Rober M. Sern and Gianni Zanini, Oxford University Press, 2008
- WTO- Trade in Service, Walform Rüdiger, Stoll Peter-Tobias and Feinäugle Clemens, Martinus Nijhoff Publishers, 2008
- विश्व व्यापार संगठन, उरुग्वे चरणको परिणाम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, यु.एन.डि.पी. (नेप /९६/०१०)
- वाणिज्य नीति २०६५, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- विश्व व्यापार संगठन र नेपाल, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०६९
- आर्थिक सर्वेक्षण २०६९/७०, नेपाल सरकार, अर्थ मन्त्रालय
- बहुपक्षीय व्यापार प्रणालीमा सेवा व्यापार र नेपाल, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०६४
- विभिन्न छलफल, अन्तर्क्रिया, गोष्ठी आदिमा प्राप्त तथा प्रस्तुत भएका सामग्रीहरू, नेपाल सरकारका क्षेत्रगत नीति, ऐन, नियमहरू र अन्य सान्दर्भिक प्रकाशनहरू